



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

वर्ष ३४ अंक २ काठमाडौं | ८ फागुन २०८२ शुक्रबार फाल्गुण शुक्लपक्ष तृतीया | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, February 20, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# आकर्षक र महत्त्वाकांक्षी घोषणा लिएर आए दलहरू


- २०४६ पछि उच्च पदमा पुगेकाको सम्पत्ति छानबिन गर्ने कांग्रेस, नेकपा, रास्वपा र राप्रपाको घोषणा
- स्वास्थ्य बिमा कार्यक्रम सुदृढीकरण, निःशुल्क स्वास्थ्य र शिक्षा, विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तताका विषय घोषणापत्रका साझा विषय
- विदेशी नागरिकता लिए पनि नेपाली नागरिकता कायमै रहने गरी संवैधानिक र कानुनी व्यवस्था गर्न पहल गर्ने रास्वपा र राप्रपाको घोषणा

**कुलचन्द्र न्यौपाने र गंगा बीसी** (काठमाडौं)

राजनीतिक दलहरूले भ्रष्टाचार नियन्त्रण, आर्थिक विकास, संविधान संशोधन, रोजगारी व्यवस्था र सार्वजनिक सेवा सुधारलाई मुख्य प्राथमिकतामा राखेर चुनावी घोषणापत्र ल्याएका छन् । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि दलहरूले 'प्रतिज्ञापत्र', 'वाचापत्र', 'संकल्पपत्र' जस्ता नाममा घोषणापत्र ल्याएका हुन् ।

घोषणापत्रमा गत भदौमा भएको जेन-जी विद्रोहको छाया देखिएको छ । युवा पुस्ताको विद्रोही भावना, भ्रष्टाचारविरुद्धको आक्रोश र राजनीतिक स्थायित्वको मागलाई सम्बोधन गर्ने वाचा दलहरूले गरेका छन् । संवैधानिक निकायलाई प्रभावी बनाउन संरचनागत सुधार तथा नियुक्तिमा दलीयकरण अन्त्यका लागि संविधानमै संशोधन गर्ने प्रतिबद्धता अधिकांश दलले गरेका छन् ।

आर्थिक सुधार, विकास र रोजगारीलगायत विषयमा दलहरूको प्रतिबद्धता लगभग उस्तै देखिए पनि शासकीय स्वरूप, संघीयताको पुनःसंरचना, भ्रष्टाचार नियन्त्रणजस्ता विषयमा दलगत कार्यदिशा फरक-फरक आएका छन् ।




**घोषणापत्र विशेष प्याकेज**
पृष्ठ २, ३, ७, ८ र ९

जनकपुरमा बुधबार 'भिजन टेन' को संक्षिप्त प्रतिज्ञापत्र सार्वजनिक गरेको कांग्रेसले भोलिपल्टै संघीय राजधानीबाट विस्तृत खाका सार्वजनिक गरेको छ । एमालेले पनि बिहीबार नै घोषणापत्रको डिजिटल प्रति सार्वजनिक गरेको छ । आइतबार नागरिक करारपत्र सार्वजनिक गरेको रास्वपाले बिहीबार 'वाचापत्र' सार्वजनिक गरेको छ । नेकपाले २७ माघमै प्रतिबद्धतापत्र सार्वजनिक गरेको थियो ।

जेन-जी विद्रोहको भावनालाई एमालेले घोषणापत्रमा आत्मसात् गरेको छैन । गत भदौको विद्रोहलाई आफ्नो नेतृत्वको सत्ता फाल्ने षड्यन्त्रका रूपमा एमालेले हेरेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले जेन-जी विद्रोहको दबाबका कारण गत २४ भदौमा प्रधानमन्त्रीबाट राजीनामा दिनुपरेको थियो ।

ओलीले बिहीबार काठमाडौंबाट घोषणापत्र सार्वजनिक गर्दै अहिलेको निर्वाचन विध्वंस चाहने र मुलुक निर्माण गर्नेहरूबीचको जनमतसंग्रहको संज्ञा दिए । बाँकी पृष्ठ ९

## कसको घोषणापत्रमा के छ ?

**कांग्रेस**

- ०४८ देखि सार्वजनिक जीवनका उच्च तहमा रहेका हरेक व्यक्तिको सम्पत्ति छानबिन गर्न ६ महिनाभित्र उच्चस्तरीय आयोग गठन
- दलीयकरणको अन्त्य गर्ने, नियुक्तिमा दल होइन, अब्बल
- अब्बल सार्वजनिक प्रशासन, एक वर्षभित्र सार्वजनिक सेवा ऐन
- फौजदारी अभियोगबाट मुद्दा लागे जिम्मेवारीबाट बिदा
- शपथ लिनुपूर्व र पद छाडेपछि सम्पत्ति सार्वजनिक अनिवार्य
- 'फास्ट ट्र्याक' मा काम गर्न सुशासन केन्द्र स्थापना
- ग्रे लिस्टबाट मुक्त नेपाल
- विधायिकी कामलाई सघाउन संसदीय ज्ञान केन्द्र गठन
- कार्यालयकेन्द्रित होइन, नागरिककेन्द्रित सेवा
- डिजिटल सार्वजनिक सेवा, सातै दिन, चौबीसै घण्टा
- सेवामा ढिलासुस्ती, नागरिकलाई क्षतिपूर्ति
- राष्ट्रपति एक कार्यकाल, प्रधानमन्त्री र मुख्यमन्त्री बढीमा दुई कार्यकाल, मन्त्री बढीमा तीन कार्यकाल, समानुपातिक सांसद एक पटक
- मन्त्रालयको संख्या संघमा १६ र प्रदेशमा ७
- तहगत अधिकारमा स्पष्टता, दोहोरोपनको अन्त्य
- उदार र उत्पादनमुखी अर्थतन्त्र
- लगानीमैत्री कर प्रणाली
- दक्ष युवालाई सरकारी सेवामा 'ल्याटरल इन्ट्री'
- हरेक हातलाई काम, हरेक कामलाई सम्मान
- पाँच वर्षमा १५ लाख रोजगारी
- काम होइन कक्षा : श्रम होइन सम्मान
- विदेशमा काम, स्वदेशमा उद्यम
- गोजीमा बिमा कार्ड छ, मलाई केको डर छ ?
- बिमा स्वैच्छिक होइन, अनिवार्य, सबै उपचार बिमाबाट
- कडा रोगमा पूर्ण राहत
- एकीकृत सामाजिक सुरक्षा, कोखदेखि शोकसम्म
- ठेक्का प्रणालीमा सुधार

बाँकी पृष्ठ ९

## भित्र

### सामाजिक सञ्जालले बालबालिकामा लत लगाएको भन्दै मुद्दा, मेटाका जकरबर्गले दिए इन्कारी बयान



- कम उमेरमै फेसबुक र इन्स्टाग्रामको अत्यधिक प्रयोगले आफू डिप्रेसनको सिकार हुँदै आत्महत्या गर्ने विचारसम्ममा पुगेको दाबीसहित 'केजीएम' नाममा २० वर्षीया एक किशोरीले अमेरिकाको लस एन्जलसस्थित काउन्टी सुपेरियर अदालतमा मुद्दा दायर गरेकी हुन्

### यौन अपराधी एप्स्टिनसँग जोडिएका बेलायतका पूर्वराजकुमार एन्ड्र्यु पक्राउ

- यौन अपराधी जेफ्री एप्स्टिनसँग गोप्य जानकारी साझा गरेको आरोपमा एन्ड्र्युलाई पक्राउ गरिएको छ

संविधान संशोधनमा दलहरू

# सर्वदलीय संशोधन संयन्त्र निर्माणदेखि राजा फर्काउनेसम्मका वाचा

एमाले संविधान संशोधनमा मौन देखिएको छ भने अन्य दलले आफ्ना एजेन्डासहित कसरी संशोधन गर्ने उल्लेख गरेका छन्

**दुर्गा दुलाल** (काठमाडौं)

चुनावी घोषणापत्रमार्फत दलहरूले संविधान संशोधनको एजेन्डालाई पनि अघि सारेका छन् । निर्वाचन आयोगले घोषणापत्र ३ फागुनभित्रै बुझाउन अनुरोध गरे पनि दलहरूले केही ढिला गरेर ल्याएका हुन् । हालसम्म जारी दलका घोषणापत्रमध्ये एमाले संविधान संशोधनमा मौन देखिएको छ भने अन्य दलले आफ्ना एजेन्डा र कसरी संशोधन गर्ने उल्लेख गरेका छन् ।

कांग्रेसले 'संविधानको संस्थागत विकास र संघीयताको सबलीकरण' शीर्षकमा संविधान संशोधनको एजेन्डा प्रस्ताव गरेको छ । संविधान गतिशील दस्तावेज भएको उल्लेख गर्दै संविधानका मूल्य-मान्यता, नागरिक अधिकार तथा समानुपातिक समावेशी सिद्धान्तलाई संकुचित हुन नदिई त्यसलाई अझै फराकिलो र विस्तारित बनाउन संविधान जारी भएको एक दशकको अनुभवका आधारमा कार्यान्वयनको अवस्था र उपलब्धिलाई समीक्षा गर्ने कांग्रेसको प्रतिज्ञापत्रमा छ ।

निर्वाचन प्रणाली, संवैधानिक परिषद्को संरचना र आयोगहरूको नियुक्तिको विषय, तहगत अधिकारको स्पष्टताको विषय, शासकीय स्वरूप र युवा प्रतिनिधित्वलगायतका विषयमा नेपाली जनताको अपनत्व र स्वामित्व थप वृद्धि गर्न संविधान संशोधनको नेतृत्व कांग्रेसले लिने भनिएको छ ।

संविधानको अनुसूची ५ देखि ९ सम्मका एकल र साझा अधिकारमा भएको अस्पष्टता र विद्यमान दोहोरोपन हटाएर कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन गरी तहगत सरकार सञ्चालनसम्बन्धी छाता ऐन तर्जुमा गर्ने र मितव्ययी संघीयता अपनाइने उल्लेख छ । संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई सुमधुर बनाउनका लागि अन्तरप्रदेश परिषद् निर्माण गर्ने प्रतिज्ञापत्रमा उल्लेख छ ।

पहिलो वर्षभित्रै संवैधानिक सुधार प्रतिज्ञापत्रमा गरेका प्रतिबद्धता पूरा गर्न संविधानमा केही नयाँ बुँदा थप्नुपर्ने र कतिपय ठाउँमा समयसापेक्ष परिमार्जन जरुरी भएको भन्दै दलहरूका बीचमा सहकार्य गरेर संविधान संशोधनको पहल लिइने कांग्रेसले जनाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत संवैधानिक निकाय र राज्यका सार्वजनिक संस्थालाई दलीयकरणबाट मुक्त गरिने भन्दै यसका लागि संवैधानिक परिषद्को बनोट, नियुक्ति विधि, संरचना र आयोगको अधिकारको सीमा स्पष्ट गर्न संविधानमा आवश्यक संशोधन गर्ने उल्लेख छ । बाँकी पृष्ठ ८

### कांग्रेस

- संविधानका मूल्य मान्यता, नागरिक अधिकार तथा समानुपातिक समावेशी सिद्धान्तलाई संकुचित हुन नदिई, त्यसलाई अझै फराकिलो र विस्तारित बनाउँदै संविधान जारी भएको एक दशकको अनुभवका आधारमा कार्यान्वयनको अवस्था र उपलब्धिलाई समीक्षा गर्ने
- निर्वाचन प्रणाली, संवैधानिक परिषद्को संरचना र आयोगमा नियुक्ति, तहगत अधिकारको स्पष्टता, शासकीय स्वरूप र युवा प्रतिनिधित्वलगायतका विषयमा नेपाली जनताको अपनत्व र स्वामित्व थप वृद्धि गर्न संविधान संशोधन
- संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई सुमधुर बनाउन अन्तरप्रदेश परिषद् निर्माण
- संवैधानिक परिषद्को बनोट, नियुक्ति विधि, संरचना र आयोगको अधिकारको सीमा स्पष्ट गर्न संविधानमा आवश्यक संशोधन

### रास्वपा

- प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, संवैधानिक परिषद् ऐन २०६६ र न्याय परिषद् ऐन २०७३ मा संस्थागत क्षमता, क्षेत्राधिकार, नियुक्ति प्रक्रिया, कर्मचारी छनोटमा संशोधन
- उच्च अदालत तथा सर्वोच्चका न्यायाधीश नियुक्ति प्रक्रियामा दलगत प्रभाव, आन्तरिक प्रतिस्पर्धाको अभाव तथा भागबन्डा-आधारित सिफारिस जस्ता प्रवृत्तिको अन्त्य गर्दै मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीमा आधारित नीतिगत व्यवस्था गर्ने
- संघीय मन्त्रालयहरू १८ मा सीमित, विज्ञलाई मन्त्री र विशेषज्ञतामा आधारित कर्मचारी प्रशासनको नयाँ मानक

### नेकपा

- शासकीय स्वरूपमा आमूल परिवर्तन गर्न नियन्त्रण र शक्ति सन्तुलन हुने गरी शासकीय स्वरूप परिमार्जन गर्ने
- विद्यमान निर्वाचन प्रणाली अत्यन्त खर्चिलो र भड्किलो भएकाले यसले भ्रष्टाचारलाई बढावा दिएका कारण यसलाई संशोधन गर्ने
- निर्वाचित सांसद विधायिकी भूमिकामा रहने र हालको २५ सदस्यीय मन्त्रिपरिषद्लाई घटाएर विषयगत विज्ञहरू सम्मिलित सानो आकारको मन्त्रिपरिषद् गठनको व्यवस्था गर्ने

### राप्रपा

- शासकीय स्वरूपमा परिवर्तन, अभिभावकीय संस्थाका रूपमा राजसंस्था
- प्रदेश खारेज, केन्द्र र स्थानीयसहित दुई तहको शासकीय संरचना
- सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दु राष्ट्र

### उज्यालो नेपाल

- संविधान संशोधनमार्फत सुशासनको हक कायम, सांसद संख्या र मन्त्रालय संख्या घटाउने, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र स्थानीय निर्वाचन दलविहीन बनाइने
- प्रतिनिधिसभा सदस्य २७५ बाट २०९, प्रदेशसभा सदस्य ५५० बाट ३३० मा झारिने
- संघमा १५ मन्त्रालय र प्रदेशमा ५ देखि ७ मन्त्रालय रहने, मन्त्रिमण्डलमा राज्यमन्त्री र सहायकमन्त्री नराख्ने
- साझा सहमति कायम गर्ने संस्कारको विकास गर्न स्वतन्त्र उम्मेदवारबीच मात्र प्रतिस्पर्धा हुने गरी स्थानीय तहको निर्वाचन निर्दलीय बनाइने
- बेजिल्ला र विदेशबाट निर्वाचनमा मतदानको व्यवस्था गर्ने र नो-भोटको पनि व्यवस्था गरिने



# स्वास्थ्य र शिक्षामा दलका आकर्षक नारा र प्रतिबद्धता

## स्वास्थ्य बिमा कार्यक्रम सुदृढीकरण, निःशुल्क स्वास्थ्य र शिक्षा, शिक्षा ऐन जारी गर्ने, विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तताका विषय दलहरूको घोषणापत्रका साझा विषय बनेका छन्

■ सुदीप कैनी (काठमाडौं)






| | कांग्रेस | एमाले | नेकपा | रास्वपा |
|---|---|---|---|---|
| स्वास्थ्य | ● स्वास्थ्य क्षेत्रमा कम्तीमा १० प्रतिशत बजेट, ३ वर्ष र ७३ वर्षमाथिकालाई जुनसुकै अस्पतालमा निःशुल्क उपचार<br>● स्वास्थ्य बिमामार्फत आधारभूत स्वास्थ्य सेवा, स्वदेशमै औषधि उत्पादन | ● आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क, विश्वसनीय र सर्वव्यापी बनाउने<br>● निजी अस्पतालको शुल्क र गुणस्तर नियमनका लागि मापदण्ड र क्यापिङ प्रणाली लागू गर्ने | ● जनस्वास्थ्य सेवा पूर्ण रूपमा निःशुल्क गर्ने, गरिब, अशक्त, दीर्घरोगी, ज्येष्ठ नागरिकको बिमा प्रिमियम राज्यले व्यहोर्ने<br>● आधारभूत औषधि स्वदेशमै उत्पादन गर्ने | ● स्वास्थ्य बिमा कार्यक्रमलाई सुदृढ गर्ने<br>● अपांगता भएका नागरिकलाई गुणस्तरीय र एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गर्ने |
| शिक्षा | ● शिक्षा क्षेत्रमा कम्तीमा २० प्रतिशत बजेट, प्रत्येक स्थानीय तहमा कम्तीमा २ नमुना विद्यालय<br>● विद्यालयमा डिजिटल पूर्वाधार, डिजिटल सिकाइ सामग्री, स्मार्ट सिकाइको विकास गरिने | ● विद्यालय, विश्वविद्यालय र शैक्षिक प्रतिष्ठालाई उत्तरदायित्वसहित स्वायत्त संस्थाका रूपमा विकास गर्ने<br>● विद्यालय शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाउँदै सबै बालबालिकालाई शिक्षामा समान पहुँच सुनिश्चित गर्ने | ● एक पालिका एक नमुना स्मार्ट आवासीय विद्यालय, प्राविधिमैत्री शिक्षा र डिजिटल साक्षरता<br>● कृषि, पर्यटन जलविद्युत्, आयुर्वेद, सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता रोजगारीमुखी विषयलाई प्राथमिकता दिने | ● विश्वविद्यालय र विद्यालयलाई दलीय राजनीतिक गतिविधिबाट मुक्त गर्ने<br>● शिक्षालाई नाफाभन्दा सेवामुखी क्षेत्रमा रूपमा व्यवस्थित गरिने |

दलहरूले स्वास्थ्य शिक्षा क्षेत्रमा आकर्षक र महत्त्वाकांक्षी नीति तथा कार्यक्रम अघि सार्दै निर्वाचन घोषणापत्र सार्वजनिक गरेका छन्। घोषणाका दस्ताबेज अध्ययन गर्दा विगत निर्वाचनमा जस्तै मतदातालाई आश्वासन बाँडिएको देखिन्छ।

कांग्रेस सभापति गगन थापाले सुशासन र समुन्नतिका लागि कांग्रेसको प्रतिज्ञा सार्वजनिक गरेका छन्। जसमा शिक्षा र स्वास्थ्य क्षेत्रमा आकर्षक नारा नै नारा छन्। थापा स्वास्थ्यमन्त्री हुँदा सुरु भएको सबै बिमा कार्यक्रम सुधारलाई प्रतिज्ञापत्रमा जोड दिइएको छ। सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्दै सबल स्वास्थ्य प्रणाली विकास गर्ने उल्लेख छ।

३ वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकलाई जुनसुकै अस्पतालमा निःशुल्क उपचार व्यवस्था मिलाउने घोषणा गरिएको छ। 'निःशुल्क स्वास्थ्य हाम्रो प्रतिबद्धता हो। हरेक नागरिकले उपचारमा जतिसुकै खर्च लागोस्। राज्य छ भन्ने गर्व गरून्। ढुक्कसँग भन्न सकून्, गोजीमा बिमा कार्ड छ, मलाई केको डर छ,' कांग्रेसको प्रतिज्ञापत्रमा भनिएको छ।

स्वास्थ्य क्षेत्रमा बजेटको हिस्सा कम्तीमा १० प्रतिशत पुर्‍याउने उल्लेख छ। स्थानीय तहबाटै घरदैलोमा स्वास्थ्य बिमामार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने वाचा कांग्रेसले गरेको छ। छरिएर रहेका सबै स्वास्थ्य सामाजिक सुरक्षा योजना र सहुलियतलाई स्वास्थ्य बिमामा एकीकृत गर्ने उल्लेख छ। स्वास्थ्य बिमा बोर्डको संस्थागत सुधार गर्ने प्रतिबद्धता छ। क्यान्सर, मिर्गौला, कलेजो प्रत्यारोपण, मुटु रोग जस्ता महँगा उपचारमा पूर्ण राहत दिन र बिमामार्फत नै उपचार व्यवस्था मिलाउने कांग्रेसको योजना छ।

सभापति थापा स्वास्थ्यमन्त्री हुँदा थालनी भएको स्वास्थ्य बिमा कार्यक्रम आर्थिक अभावमा संकटमा छ। थापापछि पछिल्लो पटक महामन्त्री प्रदीप पौडेल स्वास्थ्यमन्त्री थिए। तर बिमा कार्यक्रममा उनले पनि सुधार गर्न नसकेको गुनासो छ। एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल लागू गर्ने घोषणा कांग्रेसको छ। प्रतिज्ञापत्रमा भनिएको छ, 'राष्ट्रिय परिचयपत्रको नम्बरलाई नै सबै अस्पतालमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड नम्बर कायम गरी बिरामी पुर्जा, रिपोर्ट र इतिहास अनलाइनमै उपलब्ध हुने व्यवस्था मिलाउनेछौं।'

उच्च पदस्थले राज्यको पैसाबाट विदेशमा उपचार गर्ने परिपाटीलाई अन्त्य गर्ने उद्घोष गरिएको छ। 'नाता र नेता : ढुकुटीमा लुट बन्द, स्वास्थ्यमा समान प्रबन्ध' नारासहित भनिएको छ, 'पहुँच हुनेले विदेशमा उपचार पाउने र नहुनेले स्वदेशमै पनि ओखती नपाउने विभेदकारी अवस्थाको पूर्ण अन्त्य गर्नेछौं। कानुनी व्यवस्था भएको विदेशमा गरिने उपचारका लागि राज्यको ढुकुटीबाट अनुदान दिन नपाइने बाध्यकारी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्छौं।' घरआँगनमै स्वास्थ्य सेवा, सम्मानित बुढ्यौली, आँगनमै नर्स, घरमै ओखती भन्ने नारा अघि सारिएको छ। 'स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र दीर्घरोगीका लागि घरआँगनमै स्वास्थ्य सेवा पुर्‍याउनेछौं। समुदायमा नर्स र स्वयंसेविका, सामुदायिक केयर सेन्टर निर्माण गर्छौं। एकीकृत एम्बुलेन्स सेवा सञ्चालन र कल सेन्टरको व्यवस्था गर्छौं,' प्रतिज्ञापत्रमा उल्लेख छ। अस्पताल फार्मेसी र प्रयोगशालालाई सुदृढीकरण गरी समयमा औषधि र गुणस्तरीय परीक्षणको प्रबन्ध गर्ने प्रतिबद्धता पनि कांग्रेसले गरेको छ। गुणस्तरीय स्वदेशी औषधि उत्पादनलाई प्रोत्साहन गर्ने उल्लेख छ।

यस्तै शिक्षामा २० प्रतिशत राज्यको लगानी गर्ने प्रतिबद्धता कांग्रेसले दोहोर्‍याएको छ। यसअघि पनि त्यस्तै प्रतिबद्धता गर्दै आएको थियो। एक वर्षभित्र उच्च शिक्षा, विद्यालय शिक्षा र प्राविधिक शिक्षासम्बन्धी छुट्टाछुट्टै ऐन पारित गर्ने प्रतिबद्धता चुनावी प्रतिज्ञापत्रमा जनाइएको छ। स्थायी, अस्थायी, करार, राहत, विशेष, ईसीडीलगायत सबै प्रकारका शिक्षकका समस्या समाधान गर्दै कम्तीमा निजामती कर्मचारीसरह सुविधा दिने आश्वासन दिइएको छ। 'स्वार्थ समूहको दबाबमुक्त भई एक वर्षभित्र विद्यालय शिक्षा ऐन पारित गर्छौं। प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन एक वर्षभित्र छाता ऐन पारित गर्छौं,' प्रतिज्ञापत्रमा उल्लेख छ।

शिक्षा क्षेत्रमा १० प्रतिशत हाराहारी मात्रै बजेट विनियोजन हुँदै आएको छ। कांग्रेसले २० प्रतिशत बजेट छुट्याएर सामुदायिक विद्यालयमा शिक्षक, पूर्वाधार, उपकरण आदिमा खर्च गर्ने घोषणा गरेको छ। भनिएको छ, 'विद्यालयमा डिजिटल पूर्वाधार, डिजिटल सिकाइ सामग्री, स्मार्ट शिक्षक सिकाइ र शिक्षक-विद्यार्थीको डिजिटल दक्षताको विकास गर्छौं। प्रधानाध्यापकलाई तलबको न्यूनतम १० प्रतिशत अतिरिक्त भत्ताको व्यवस्था गर्छौं। दुर्गम क्षेत्रमा पढाउने शिक्षकलाई विशेष अतिरिक्त सुविधा उपलब्ध गराउँछौं।'

नयाँ वर्षमा नयाँ पुस्तक उपलब्ध गराउने वाचा कांग्रेसले गरेको छ। पछिल्ला शैक्षिक सत्रदेखि विद्यार्थीले बेलैमा पुस्तक पाउँदै आएका छन्। प्रत्येक स्थानीय तहमा नमुना (मोडल) विद्यालयहरूको संख्या कम्तीमा २ वटा विस्तार गर्ने लक्ष्य राखिएको छ।

विश्वविद्यालयको सहकार्यमा स्वयंसेवक शिक्षक परिचालन गर्ने विगतका सरकारका असफल नीति तथा कार्यक्रमलाई पनि प्रतिज्ञापत्रले समेटेको छ। विद्यालय तहमा मातृभाषा, नेपाली र अंग्रेजी गरी तीनैवटै भाषा सिक्न पाउने व्यवस्था मिलाउने प्रतिबद्धता गरिएको छ। उद्यमशीलता तालिम, स्टार्टअप सहयोग, सहुलियत ऋण तथा व्यवसाय परामर्श कार्यक्रम विपन्न वर्ग समुदायका लागि सञ्चालन गर्ने उल्लेख छ। 'विश्वविद्यालयमा दलीय भागबन्डाको अन्त्य गर्न पारदर्शी, उत्तरदायी, व्यवस्थापकीय संरचना सुनिश्चित गर्न कानुनी व्यवस्था गर्छौं,' प्रतिज्ञामा थप भनिएको छ, 'विश्वविद्यालयलाई शिक्षण संस्था मात्र नभई अनुसन्धान, नवप्रवर्तन र प्राविधिक विकासका प्रमुख केन्द्रका रूपमा विकास गर्छौं।'

राष्ट्रिय अनुसन्धान कोष स्थापना गर्ने, मेरिटमा आधारित छात्रवृत्ति, सहुलियतपूर्ण दरमा शैक्षिक ऋण उपलब्ध गराउने वाचा गरिएको छ। 'उद्योग, व्यवसाय र सेवा क्षेत्रसँग सहकार्य गरी संयुक्त अनुसन्धान, इन्टर्नसिप, प्रविधि हस्तान्तरण र रोजगारी सुनिश्चितताका कार्यक्रम सञ्चालन गर्छौं। विशिष्ट संस्थाहरूलाई शिक्षा, अनुसन्धान, रोजगारी, सिकाइसँग जोड्न मानित विश्वविद्यालय स्थापना गर्नेछौं,' कांग्रेसले प्रतिज्ञापत्रमा भनेको छ।

'एमालेले बनाउँछ' भन्ने नाराका साथ अध्यक्ष केपी शर्मा ओलीले बिहीबार पार्टीको चुनावी घोषणापत्र जारी गरेका छन्। एमालेको घोषणापत्रमा पनि स्वास्थ्य, शिक्षा क्षेत्रमा कांग्रेसले जस्तै आकर्षक नीति र प्रतिबद्धता छन्। विद्यालय शिक्षा र उच्च शिक्षा ऐन जारी गर्ने विषयलाई एमालेले प्राथमिकता दिएको छ। 'विश्वविद्यालयमा देखिएका बेथितिको अन्त्य गर्दै प्राज्ञिक स्वायत्तता कायम गर्नेछौं। विद्यालय, विश्वविद्यालय र शैक्षिक प्रतिष्ठालाई उत्तरदायित्वसहित स्वायत्त संस्थाका रूपमा विकास गर्नेछौं,' घोषणापत्रमा भनिएको छ। तर ओली यसअघि प्रधानमन्त्री कुलपति हुने व्यवस्था परिवर्तन गर्न नहुने पक्षमा उभिँदै आएका छन्।

विद्यालय शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाउँदै पूर्वप्राथमिक शिक्षासहित सबै बालबालिकालाई शिक्षामा समान पहुँच सुनिश्चित गर्ने एमालेको प्रतिबद्धता छ। 'आर्थिक, भौगोलिक वा शारीरिक अवस्थाका कारण कोही पनि बालबालिका विद्यालय शिक्षाबाट र किशोर-किशोरी प्राविधिक वा उच्च शिक्षाबाट वञ्चित हुने अवस्था अन्त्य गर्नेछौं,' घोषणापत्रमा भनिएको छ, 'शिक्षा प्रणालीलाई भर्ना र परीक्षाकेन्द्रित मात्र नराखी राष्ट्रप्रेम, उद्यमशीलता, सामाजिक उत्तरदायित्व, नवप्रवर्तनशील सोच र राष्ट्रिय समार्थ्य अभिवृद्धिमा योगदान गर्न सक्ने जनशक्ति निर्माणतर्फ अभिमुख गर्नेछौं। यसका लागि समसामयिक, व्यावहारिक, नैतिक, राष्ट्रभक्तिमूलक, डिजिटलमैत्री पाठ्यक्रम तथा शैक्षिक सामग्री विकास गर्नेछौं।'

विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई एकीकृत गर्न सरकार, विश्वविद्यालय अनुसन्धान संस्था र निजी क्षेत्रको सहकार्यमा विज्ञान पार्क, प्रविधि पार्क, नवप्रवर्तन केन्द्र, इन्क्युबेसन सेन्टर तथा ग्रामीण नवप्रवर्तनशला स्थापना गर्ने घोषणा गरिएको छ।

शिक्षा, अनुसन्धान उद्यमशीलताको सम्बन्ध सुदृढ गर्दै युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने एमालेको घोषणापत्रमा उल्लेख छ। 'शिक्षा, विज्ञान र प्रविधिमा नीति, पूर्वाधार, लगानी, सुशासन र नवप्रवर्तन केन्द्रित योजना कार्यान्वयन गर्दै शिक्षक क्यालेन्डरको पालना रोजगारमुखी प्राविधिक शिक्षा र पढ्दै कमाउँदै कार्यक्रममार्फत उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति घटाउनेछौं,' एमालेको घोषणापत्रमा भनिएको छ, 'शैक्षिक पूर्वाधारमा राज्यको लगानी बढाउँदै विद्यालयमा सुरक्षित वातावरण, प्रयोगशाला, पुस्तकालय, खानेपानी, स्वास्थ्य सरसफाइ, पोषणयुक्त दिवा खाजा तथा विश्वस्तरीय सिर्जनात्मक र व्यावसायिक अध्ययनको व्यवस्था गर्नेछौं।' विद्यार्थी संख्या न्यून भएका सामुदायिक विद्यालय गाभ्ने, शिक्षक दरबन्दी मिलान गर्ने, आवासीय व्यवस्था गर्ने तथा छात्रवृत्ति र सहुलियत कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउने घोषणा गरिएको छ। उच्च शिक्षामा अनुसन्धान तथा विकासमा राज्यको लगानी बढाई विश्वविद्यालय-उद्योग सहकार्य विस्तार गर्ने, उच्च योग्यताका उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्ने नीति उल्लेख छ।

आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क, विश्वसनीय र सर्वव्यापी बनाउने घोषणा एमालेले गरेको छ। 'स्वास्थ्य संस्थालाई सेवामूलक, सुशासित, उत्तरदायी केन्द्रका रूपमा विकास गर्नेछौं। अप्रभावकारी कार्यक्रमहरू पुनरावलोकन गरी खारेज गर्नेछौं। प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक चिकित्सक, नर्स, प्रयोगशाला, फार्मेसी सेवा उपलब्ध गराउनेछौं। जिल्ला अस्पतालको स्तरोन्नति गरी न्यूनतम विशेषज्ञ सेवा उपब्ध गराउनेछौं। प्रदेशस्तरमा प्रभावकारी रिफल प्रणाली स्थापना गर्नेछौं,' एमालेको निर्वाचन लक्षित घोषणापत्रमा भनिएको छ।

वडादेखि केन्द्रसम्म अस्पताल पूर्वाधार निर्माण र आधुनिकीकरण सम्पन्न गरी जिल्ला, प्रदेश र केन्द्रीय अस्पतालबाट विश्वस्तरीय उपचार सेवा स्वदेशमै उपलब्ध गराउने वाचा गरिएको छ। सरकारी अस्पतालको व्यवस्थापन, स्वास्थ्य जनशक्तिको नियुक्ति र परिचालन सुधार गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि प्रोत्साहन, सुरक्षा, वृत्तिविकास र मर्यादा अभिवृद्धि गर्ने एमालेले घोषणा गरेको छ।

निजी अस्पतालको शुल्क र गुणस्तर नियमनका लागि मापदण्ड र क्यापिङ प्रणाली लागू गर्ने घोषणापत्रमा उल्लेख छ। 'स्वास्थ्य, पर्यटन प्रवर्द्धन गर्दै सरकारी, निजी, सामुदायिक साझेदारी विस्तार गर्नेछौं। चिकित्सा शिक्षाको गुणस्तर र पहुँच विस्तार गर्दै विदेशबाट नेपालमा अध्ययन गर्न आउने विद्यार्थीको कोटा वृद्धि गर्नेछौं,' घोषणापत्रमा भनिएको छ, 'स्वास्थ्य प्रणालीमा रहेको दोहोरो वित्तीय बोझ, सेवा उत्पादन-खरिदको अन्योल र बिमा निःशुल्क सेवाबीचको दोहोरोपन हटाउन स्वास्थ्य बिमा प्रणाली र सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू क्रमशः एकीकृत गर्नेछौं।' स्वास्थ्य बिमा प्रणालीलाई संरचनात्मक र सञ्चालनगत सुधार गरी दिगो बनाउने प्रतिबद्धता एमालेको छ। 'योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा, आम्ची र होमियोप्याथीलगायत परम्परागत तथा वैकल्पिक चिकित्सा प्रणालीलाई आधुनिक चिकित्सासँग एकीकृत गर्नेछौं,' एमालेको घोषणापत्रमा उल्लेख छ।

यसैगरी नेकपाले जनस्वास्थ्य सेवा पूर्ण रूपमा निःशुल्क गर्ने घोषणा गरेको छ। 'खोप, सुरक्षित मातृत्व, सरुवा रोग नियन्त्रण, प्रजनन स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवालाई राज्यको पूर्ण दायित्व राखी निःशुल्क प्रदान गरिनेछ। नागरिकले आफ्नो खल्तीबाट तिर्नुपर्ने स्वास्थ्य खर्च हाल करिब ५४ प्रतिशत रहेको अवस्थामा २०८८ सम्म ३५ प्रतिशतभन्दा कममा झारिनेछ,' नेकपा संयोजक पुष्पकमल दाहालद्वारा जारी घोषणापत्रमा भनिएको छ।

बिमा स्थापना भएयता दुई पटक प्रधानमन्त्री भएका दाहालले २०८८ सम्म सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्धता गर्ने प्रतिबद्धता घोषणापत्रमार्फत जनाएका छन्। अहिले ३३ प्रतिशत नागरिक मात्र बिमामा आबद्ध छन्। गरिब, अशक्त, दीर्घरोगी, ज्येष्ठ नागरिकको बिमा प्रिमियम राज्यले व्यहोर्ने वाचा गरिएको छ। यो अहिले पनि राज्यले व्यहोर्दै आएको छ। हरेक वडा, समुदाय तथा विद्यालयमा एचए, स्टाफ नर्स परिचालन गरी नियमित स्वास्थ्य जाँच, जीवनशैली परामर्श तथा रोकथाम सेवा प्रदान गर्ने नेकपाको घोषणा छ। सरकारी अस्पतालहरूमा ओपीडी बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने, स्वास्थ्य चौकीहरूमा पनि ३६५ दिन सेवा विस्तार गर्ने आश्वसन दिइएको छ।

वैदेशिक रोजगारमा जाने युवाको स्वास्थ्य परीक्षण निःशुल्क गर्ने, सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जीवन निर्वाह योग्य तलब, सुविधा तथा सुरक्षा प्रदान गरी एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था नीति लागू गरिने नेकपाको घोषणापत्रमा उल्लेख छ।

नेपाल औषधि लिमिटेड तथा सिंहदरबार वैद्यखानाको क्षमता वृद्धि गरी आधारभूत औषधि स्वदेशमै उत्पादन गर्ने, स्वास्थ्य क्षेत्रको बजेट ८ प्रतिशत पुर्‍याउने, टेलिमेडिसिन सेवामार्फत ग्रामीण क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्ने वाचा गरिएको छ। 'दुर्गम तथा पिछडिएको क्षेत्रमा विशेषज्ञ सेवा पर्‍याउन प्रत्येक वर्ष असोज, कात्तिक तथा फागुनमा जनस्वास्थ्य अभियानससहित घुम्ती विशेषज्ञ शिविर सञ्चालन गरिनेछ,' नेकपाको घोषणापत्रमा उल्लेख छ, 'वडा तहका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको जनशक्ति, औषधि, उपकरण, गुणस्तर सुधार गरिनेछ। नसर्ने रोगहरूको रोकथाम र व्यवस्थापनका लागि हृदयरोग, मधुमेह जाँच, परामर्श र नियन्त्रण सेवा समुदायमै उपलब्ध गराइनेछ।'

पटक/पटक शिक्षा मन्त्रालयको जिम्मेवारी सम्हालेर शिक्षा ऐन जारी गर्न नसकेको नेकपाले फेरि शिक्षा ऐन जारी गर्ने प्रतिबद्धतासहित घोषणापत्र जारी गरेको छ।

संयोजक दाहालले जारी गरेको घोषणापत्रमा संघीय शिक्षा ऐन संसद्को पहिलो बैठकमै संकल्प प्रस्ताव पेस गरी पारित गरिने वाचा गरिएको छ। संविधानअनुसार विद्यालय सञ्चालन स्थानीय तहबाट हुने व्यवस्था गर्ने उल्लेख छ। विश्वविद्यालय अनुदान आयोग र चिकित्सा शिक्षा आयोगलाई एकीकृत गरी पूर्ण स्वायत्त र राजनीतिक हस्तक्षेप मुक्त गरी उच्च शिक्षा अयोग गठन गर्ने घोषणा गरिएको छ। विश्वविद्यालयको पदाधिकारी, प्राध्यापकको नियुक्ति मेरिटका आधारमा गरिने जनाइएको छ।

एक पालिका एक नमुना स्मार्ट आवासीय विद्यालय, प्राविधिमैत्री शिक्षा र डिजिटल साक्षरताको नारा नेकपाको घोषणापत्रमा अघि सारिएको छ। शिक्षकको उपस्थिति, विद्यार्थीको प्रगति तथा परीक्षा प्रक्रियामा डिजिटल प्रविधि उपयोग गरी पारदर्शिता कायम गर्ने जनाइएको छ। सातै प्रदेशमा प्राविधिक इन्स्टिच्युट स्थापना गर्ने र सीटीईभीटीलाई विश्वविद्यालय बनाउने वाचा गरिएको छ। सामुदायिक विद्यालय सुधार अभियान सञ्चालन गरेर विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षक तालिम, प्रविधि एकीकरण, सिकाइ नतिजा सुधारमा प्राथमिकता दिने जनाइएको छ।

निजी शैक्षिक संस्थाको शैक्षिक शुल्कमा अधिकतम सीमा तोक्ने, राम्रो नतिजा ल्याउने शिक्षकलाई पुरस्कृत गर्ने, शिक्षक अभाव भएका क्षेत्रमा समुदाय केन्द्रित स्वयंसेवी शिक्षक व्यवस्था गर्ने, कक्षा ४-८ मा नैतिक शिक्षा र ९-१२ मा इतिहास विषय पढाइ गर्ने नीति अघि सारिएको छ। कृषि, पर्यटन जलविद्युत्, आयुर्वेद, सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता रोजगारीमुखी विषयलाई प्राथमिकता दिने घोषणापत्रमा उल्लेख छ। शिक्षण संस्थालाई सम्बन्धन बाँड्ने काम रोकी उक्त नीतिमा पुनरावलोकन गर्ने नेकपाले घोषणा गरेको छ।

यसैगरी रास्वपाले कर्णालीको सुर्खेतबाट वाचापत्र सार्वजनिक गर्दै विश्वविद्यालय र विद्यालयलाई दलीय राजनीतिक गतिविधिबाट मुक्त गर्ने जनाएको छ। 'शिक्षक, प्राध्यापकहरूको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्नेछौं,' रास्वपाको वाचापत्रमा भनिएको छ, 'विद्यार्थी संगठनमार्फत हुने अराजकता, तोडफोड जबरजस्ती बन्द, शैक्षिक वातावरणमा अवरोध गर्ने गतिविधिलाई नियन्त्रण गर्ने शैक्षिक संस्थाभित्र दलगत राजनीतिक कार्यक्रम पूर्ण रूपमा निषेध गर्नेछौं।' विद्यार्थीको विचार, अभिव्यक्ति नेतृत्व विकास र रचनात्मक सहभागिताका लागि गैरदलीय प्राज्ञिक विद्यार्थी प्रतिनिधित्व प्रणाली विकास गर्ने रास्पपाले घोषणा गरेको छ।

सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा सुधार ल्याउन दुई दशकसम्म उल्लेखनीय लगानी गर्दै जाने प्रतिबद्धता जनाइएको छ। शिक्षालाई नाफाभन्दा सेवामुखी क्षेत्रमा रूपमा व्यवस्थित गरिने उल्लेख छ। 'निजी क्षेत्रद्वारा प्रदान गरिँदै आएको शिक्षालाई सार्वजनिक शिक्षाको पहुँच र गुणस्तरको परिपूरकका रूपमा स्वीकार गर्नेछौं,' रास्वपाले भनेको छ, 'थप सेवामुखी, उत्तरदायी, गुणस्तर केन्द्रित बनाउन समग्र पुनरावलोकन तथा आवश्यक नीतिगत सुधार गर्नेछौं।' प्रत्येक प्रदेशमा अत्याधुनिक नमुना समावेशी विद्यालय स्थापना गर्ने वाचा गरिएको छ। 'देशभरका सबै विद्यालयलाई क्रमशः पूर्ण पहुँचयुक्त र समावेशी बनाउनेछौं। विशेषगरी अटिजम र न्युरोडाइभर्सिटीलगायत अपांगता भएका बालबालिकाका लागि अत्यावश्यक अकुपेसनल, स्पीच र विहेवियरल थेरापी जस्ता एकीकृत सेवा विद्यालय हाताभित्र प्रदान गर्दै अभिभावकहरूको आर्थिक र मानसिक बोझ कम गर्नेछौं,' वाचापत्रमा भनिएको छ।

प्राज्ञिक नियुक्तिहरू मेरिटका आधारमा मात्र गर्ने प्रतिबद्धता जनाइएको छ। 'मौलिक सीप र कलालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न गुरु-चेला परम्परामा आधारित विशेष छात्रवृत्ति र तालिम कार्यक्रममार्फत सांस्कृतिक पुनर्जागरण अभियान सञ्चालन गर्नेछौं,' रास्वपाको वाचापत्रमा उल्लेख छ। विश्वविद्यालयलाई पुनःसंरचना गरी अनुसन्धानमुखी र रोजगारउन्मुख बनाउने नीति अघि सारिएको छ। नेपालमा विदेशी विश्वविद्यालयहरूको आंगिक क्याम्पस र विदेशी डिग्री कार्यक्रम सञ्चालन गर्न सरल प्रक्रिया बनाउने घोषणा गरिएको छ। 'लाखौं नेपाली विद्यार्थी उच्च शिक्षाका लागि विदेश गइरहेका छन्। हजारौं नेपाली प्राध्यापक विदेशमा कार्यरत छन्। नेपाल एसियामा केन्द्रीय स्थान, आकर्षक परिदृश्य, हावापानी, अन्य देशहरूसँगको शान्तिपूर्ण सम्बन्धनले गर्दा नेपाल अन्तर्राष्ट्रिय उच्च शिक्षाको हब बन्न उपर्युक्त छ,' वाचापत्रमा थप भनिएको छ, 'विदेशी अध्यापक र विद्यार्थीहरूका लागि भिसा उपलब्ध गराउन सजिलो प्रक्रिया र विदेशी अध्यापकलाई नेपालमा स्थायी बसोबास अनुमति प्राप्त गराउन द्रुत प्रक्रिया लागू गर्नेछौं।'

यसैगरी स्वास्थ्य बिमा कार्यक्रमलाई सुदृढ गर्ने प्रतिबद्धता पनि रास्वपाले गरेको छ। 'स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय स्वास्थ्य सेवा तथा प्रत्येक नागरिकको पहुँच सुनिश्चित हुने गरी विस्तार गर्नेछौं। स्वास्थ्यसँग सम्बन्धित सबै सामाजिक सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित गर्छौं। औषधि, उपचार सेवाहरू, मानसिक स्वास्थ्यसमेत स्वास्थ्य बिमा कार्यक्रमभित्र समेटिने गरी सरकारको मुख्य प्राथमिकता क्षेत्रको कार्यक्रमका रूपमा अघि बढाउनेछौं,' रास्वपाको वाचापत्रमा भनिएको छ, 'क्यान्सरलगायत नसर्ने रोग उपचारमुखीभन्दा रोकथाममुखी रणनीतिलाई मुख्य लक्ष्यका रूपमा कार्यान्वयन गर्नेछौं।'

प्रत्येक प्रदेशमा कम्तीमा एउटा अत्याधुनिक अपांगता पुनःस्थापना विशिटीष्कृत स्रोत केन्द्र स्थापना गरी अपांगता भएका नागरिकलाई गुणस्तरीय र एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गर्ने घोषणा गरिएको छ। बालबालिकामा देखिने अटिजम, सुस्त श्रवण, दृष्टिसम्बन्धी र अन्य न्युरो डेभलपमेन्टल समस्याहरूको समयमै पहिचान गर्न स्थानीय तहमा स्क्रिनिङ औजार र जनशक्ति राख्ने जनाइएको छ। रोगको रोकथाम, मानसिक स्वास्थ्य सुदृढीकरण र समग्र जीवनशैली सुधारका लागि विद्यालय, समुदाय तथा स्वास्थ्य संस्थामार्फत योग, ध्यान कार्यक्रम सञ्चालन गरिने घोषणा रास्वपाको छ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** काम गर्दा अपजस पाइन सक्छ। राम्रै हिसाबले भने गरेको कुरामा पनि खोट देखिइन सक्छ। कार्यक्षेत्रमा सजग रहनुपर्नेछ।

**वृष** नयाँ साथीसित मित्रता गाँसिन सक्छ। सोचेअनुसार समयलाई तह लगाइनेछ। कुनै कुराले गर्दा मन खुसी रहला।

**मिथुन** इष्टमित्रसित रमाइलो भेटघाट हुनेछ। कुनै कुराको आकस्मिक लाभ हुनेछ। मनले पुनर्ताजगीको अनुभव गर्नेछ।

**कर्कट** विविध कुराले व्यस्त बनाउनेछ। कुनै काममा लगानी गर्नुअघि विचार गर्नुपर्ला। मनले नचाहेको कुरामा तर्किएकै उचित हुनेछ।

**सिंह** कुनै कुराले मन दोमन हुन सक्छ। काममा खासै जाँगर नलाग्न सक्छ। प्राथमिकताका कुरामा विशेष ध्यान दिनुपर्नेछ।

**कन्या** कतै निम्तालु बनी जानुपर्नेछ। मनपर्दो कामकुरामा आफूलाई प्रस्तुत गरिनेछ। मिष्ठान्न भोजनको योग रहेको छ।

**तुला** मनमा भएको तनाव हटेर जानेछ। कुनै कुराले मन उत्साहित हुनेछ। विविध कुरामा मन रमाउनेछ।

**वृश्चिक** समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ। कुनै कुरालाई लिएर छलफल हुन सक्छ। आगामी कार्यक्रमबारे योजना बनाइनेछ।

**धनु** खुरापाती विचारका व्यक्तिबाट तर्किनुपर्नेछ। सामयिक कुरा विचारेर मत प्रस्तुत गरिनेछ। प्रायः सबै कुरामा आफूलाई अद्यावधिक गराइनेछ।

**मकर** कुनै कामविशेषले कतै निस्किनुपर्ला। बेलैमा सबै काम सक्न खोजिनेछ। कुनै कुराको आकस्मिक लाभ हुन सक्छ।

**कुम्भ** सबैले तपाईंको इच्छा बुझी काम गर्ने प्रयत्न गर्नेछन्। कुनै कामविशेषले कतै निस्किनुपर्ला। पारिवारिक खुसीका निमित्त केही खर्च हुन सक्छ।

**मीन** व्यक्तिगत काममा सफल भइनेछ। कुनै कुराले गर्दा मन उत्साहित बन्ला। जसरी पनि आफूखुसी रहने प्रयत्न गरिनेछ।


वर्गीकृत डिस्प्ले

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा



गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# गैरआवासीय नेपालीलाई अधिकार दिलाउने दलहरूको वाचा

## विदेशी नागरिकता लिए पनि नेपाली नागरिकता कायमै रहने गरी संवैधानिक र कानुनी व्यवस्था गर्न पहल गर्ने रास्वपा र राप्रपाको घोषणा

मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको सीप र पुँजीलाई देशको समुन्नतिमा जोड्ने छौं
● कांग्रेस

राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी गर्ने गैरआवासीय नेपाली नागरिकलाई थप कर छुटको व्यवस्था गर्ने छौं
● एमाले

प्रवासी नेपाली नागरिकको श्रमसम्बन्धी हकलगायत अन्य हकको सुरक्षाका लागि प्रभावकारी पहल गरिनेछ
● नेकपा

दोहोरो नागरिकताको पक्षमा उभिँदै सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झटलाई तत्काल अन्त्य गर्ने छौं
● रास्वपा

वंशजको नागरिकताको निरन्तरता कायम गरेर एक पटकको नेपाली सधैंको नेपाली सुनिश्चित गरिनेछ
● राप्रपा

**जयसिंह महरा** (काठमाडौं)

कांग्रेस, एमाले, नेकपालगायतका दलहरूले गैरआवासीय नेपाली नागरिकलाई संविधानले प्रदान गरेका हक र अधिकार सुनिश्चित गर्नका लागि कानुनहरू संशोधन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । रास्वपा र राप्रपाले भने नेपाली नागरिकता लिएर विदेशमा गई त्यहाँकै नागरिकता लिए पनि नेपाली नागरिकता कायमै रहने गरी संवैधानिक र कानुनी व्यवस्था गर्ने पहल गर्ने चुनावी वाचा गरेका छन् ।

कांग्रेसको प्रतिज्ञापत्रमा 'नेपाली डायस्पोरा : अटुट सम्बन्ध; विस्तारित नेपाल' शीर्षकमा 'एक पटकको नेपाली, सधैंको नेपाली' शीर्षकमा विदेशी नागरिकता लिएका नेपालीहरूको विषयमा उल्लेख गरेको छ । 'हामी एक पटकको नेपाली सधैंको नेपाली भन्ने भावनालाई आत्मसात् गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको भावना, ज्ञान, सीप र पुँजीलाई देशको समुन्नतिमा जोड्ने छौं,' प्रतिज्ञापत्रमा उल्लेख छ ।

कांग्रेसले गैरआवासीय नेपालीको दोस्रो पुस्ताको नेपालसँगको आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धलाई सुदृढ, जीवन्त र आत्मीय राखिराख्न थप कानुनी व्यवस्था गर्ने प्रतिज्ञा गरेको छ । 'कांग्रेस पार्टीले गैरआवासीय नेपाली समुदाय वा नेपाली डायस्पोरालाई राष्ट्र निर्माणको महत्त्वपूर्ण साझेदारका रूपमा आत्मसात् गर्दै आएको छ । उनीहरूको पहिचान, अधिकार र आर्थिक एवं बौद्धिक लगानी सुनिश्चित गर्न विसं २०६४ मा जारी भएको गैरआवासीय नेपाली ऐन, सामाजिक सुरक्षा कोष तथा गैरआवासीय नेपाली नागरिकतासम्बन्धी संवैधानिक व्यवस्थाजस्ता कानुनी प्रावधानहरू लागू गर्न हाम्रो पार्टीको मुख्य भूमिका रहेको छ,' कांग्रेसले भनेको छ, 'सबै पुस्ताका गैरआवासीय नेपालीहरूको पूर्ण सम्भावनाको सदुपयोग गर्दै विदेशी भूमिमा आर्जन गरेको सीप र अनुभवलाई नेपालको विकासमा जोड्न तथा नेपालसँगको आत्मीय सम्बन्धलाई अझ प्रगाढ बनाउनका लागि आवश्यक थप कानुनी तथा नीतिगत व्यवस्था गर्न हामी निरन्तर क्रियाशील छौं ।'

कांग्रेसले गैरआवासीय नेपाली समुदायको सम्बन्धमा संविधानले सुनिश्चित गरेको गैरआवासीय नेपाली नागरिकताका आधारमा प्रदान हुने हक, हित र अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ । काठमाडौंमा प्रतिज्ञापत्र सार्वजनिक गर्दै कांग्रेस सभापति गगन थापाले भने, 'नेपाली डायस्पोराको सम्बन्धमा कांग्रेस स्पष्ट छ- एक पटकको नेपाली सधैंको नेपाली । यसका निम्ति हाम्रो संविधानमा कानुनमा जे संशोधन गर्नुपर्ने हो, त्यो गर्छौं । हामीले ननरेसिडेन्ट नेपाली नागरिकता दिएका छौं । तर यसले प्राप्त गर्नुपर्ने अधिकारहरूका सन्दर्भमा हामी अत्यन्त अनुदार भएका छौं । एनआरएन ऐन बनाएर मात्रै हुँदैन, अरू दर्जनौं कानुनहरू छ, ती कानुनहरू संशोधन गरेनौं भने एनआरएनले प्राप्त गरेको अधिकार प्राप्त गर्न सक्दैनौं ।'

पार्टीले गैरआवासीय नेपाली नागरिकताका आधारमा प्राप्त हुने अधिकार प्रदान गर्नका लागि बाधक कानुनको सम्बन्धमा अध्ययन गरेको उल्लेख गर्दै सभापति थापाले पैत्रिक सम्पत्तिको सुरक्षा गर्ने, उसले आफ्नो जग्गाको कारोबार गर्न पाउनेलगायतका कानुनी आधार स्पष्ट पार्ने बताए । दोहोरो करका सन्दर्भमा सुविधा दिने कुराको सम्झौता गर्ने र गैरआवासीय नेपालीहरूको स्थायी परोपकारी कोष बनाउने, विदेशमै बसेर पनि नेपालको विश्वविद्यालय, सिभिल सर्भिसलगायत नेपालको अरू निकायहरूमा योगदान गर्न सक्ने गरेर संस्थागत व्यवस्थापन गर्ने थापाको भनाइ थियो ।

यसैगरी एमालेले घोषणापत्रमा 'नेपालका सद्भाव दूत, एनआरएनको सम्मान मातृभूमिको विकासमा सार्थक योगदान' शीर्षकमा गैरआवासीय नेपालीको सम्बन्धमा उल्लेख गरेको छ । 'विदेशमा रहनुभएका गैरआवासीय नेपालीलाई हामी अन्तर्राष्ट्रिय जगत्मा नेपालको सद्भाव दूतका रूपमा लिन्छौं । नेपाली डायस्पोराको नीति निर्माण, व्यवसाय प्रवर्द्धन, लगानी परिचालन र सामाजिक विकासमा योगदान बढाउन राष्ट्रका विभिन्न सार्वजनिक निकायमा प्रतिनिधित्वको व्यवस्था गर्ने छौं,' एमालेको घोषणापत्रमा लेखिएको छ, 'विदेशमा बस्ने नेपालीको नेपालमा रहेको सम्पत्तिको संरक्षण गर्ने छौं । लगानीबाट आर्जित मुनाफा फिर्ता लैजान पाउने कानुनी प्रबन्ध गर्ने छौं । राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी गर्ने गैरआवासीय नेपाली नागरिकलाई थप कर छुटको व्यवस्था गर्ने छौं ।'

नेकपाले गैरआवासीय नागरिकतालाई थप अधिकार सम्पन्न बनाउने नीति लिने प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ । 'गैरआवासीय नेपालीको ज्ञान, सीप र आर्जनलाई राष्ट्र निर्माणमा लगाउने नीति लिइनेछ । प्रवासी नेपाली नागरिकको श्रमसम्बन्धी हकलगायत अन्य हकको सुरक्षाका लागि प्रभावकारी पहल गरिनेछ,' नेकपाको प्रतिबद्धतापत्रमा लेखिएको छ, 'गैरआवासीय नेपालीबाट स्वदेशमा लगानी भित्र्याउनका लागि संघीय सरकारले विशेष महत्त्वका साथ योजना बनाउन लगाइनेछ । गैरआवासीय नेपाली नागरिकतालाई थप अधिकार सम्पन्न बनाउन आवश्यक कानुन बनाइनेछ ।'

यस्तै रास्वपाले 'एक पटकको नेपाली, सधैंको नेपाली' नारा लगाउँदै दोहोरो नागरिकताको पक्षमा उभिने बताएको छ । बहुमत प्राप्त भएको खण्डमा संविधानमा नै दोहोरो नागरिकताको व्यवस्था गर्ने रास्वपाले वाचा गरेको छ । सुर्खेतमा बिहीबार सभापति रवि लामिछाने, वरिष्ठ नेता शाह, उपसभापतिहरू डीपी अर्याल र स्वर्णिम वाग्लेलगायतले सार्वजनिक गरेको 'वाचापत्र' मा दोहोरो नागरिकताको पक्षमा उभिने प्रतिज्ञा गरिएको हो ।

रास्वपाको प्रतिज्ञापत्रको बुँदा नम्बर ९९ मा लेखिएको छ, 'रास्वपाले प्रवासका नेपालीलाई देशको आर्थिक रूपान्तरणको मुख्य आधार स्तम्भका रूपमा हेर्दछ । विदेशमा रहेका नेपालीका लागि मतदानको अधिकार प्रदान गर्नुका साथै गैरआवासीय नेपालीको एक पटकको नेपाली, सधैंको नेपाली भन्ने भावनात्मक सम्बन्धलाई कदर गर्दै केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिँदै सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झटलाई तत्काल अन्त्य गर्ने छौं ।'

रास्वपा वाचापत्र लेख्ने समितिका संयोजक वाग्लेले पार्टीले बहुमत प्राप्त गरेमा दोहोरो नागरिकता स्वीकार गर्न संविधान र कानुनी सुधार गर्ने बताए । उनले भने, 'एक पटकको नेपाली सधैंको नेपालीका आधारमा हामी तपाईंहरूको नागरिकताको निरन्तरताका लागि पैरवी गर्ने छौं, उल्लेख्य संख्या र सामर्थ्य पुगेको दिन हामी त्यसलाई कानुनी स्वरूप प्रदान गरेर अगाडि बढ्ने छौं ।'

राप्रपाले गैरआवासीय नेपालीको सम्बन्धमा एउटा बुँदामा मात्र उल्लेख गरेको छ । संकल्प पत्रमा उसले वंशजको नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले विदेशी नागरिकता लिए पनि नेपाली नागरिकता पनि निरन्तरता हुने लेखेको छ । 'गैरआवासीय नेपाली समुदायले आर्जन गरेको सीप र पुँजीलाई देश विकासमा उपयोग गर्न वंशजको नागरिकताको निरन्तरता कायम गरेर एक पटकको नेपाली सधैंको नेपाली सुनिश्चित गरिनेछ,' राप्रपाको संकल्प पत्रमा लेखिएको छ, 'विदेशमा रहेका नेपालीको सीप, ज्ञान तथा अनुभवलाई 'ब्रेन गेन' का रूपमा प्रयोग गरी राष्ट्रिय प्रगतिमा योगदान दिलाइनेछ ।'

नेपालको संविधानले गैरआवासीय नागरिकताको व्यवस्था गरेको छ । तर गैरआवासीय नेपालीले राजनीतिक अधिकार प्राप्त नगर्ने नेपालको कानुनमा उल्लेख छ । गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार मात्र प्राप्त गर्न पाउने व्यवस्था छ । नेपालको वंशजको नागरिकता प्राप्त गरेको व्यक्तिले भने आर्थिक, सामाजिक, सांस्कृतिक हित र राजनीतिक अधिकार पनि प्राप्त गर्दछ । नेपालको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सुरक्षा निकायका प्रमुख, प्रशासन सेवाका प्रमुखलगायत सबै अधिकार राजनीतिक अधिकार प्राप्त व्यक्तिले प्राप्त गर्दछन् ।

संविधानको धारा १४ मा गैरआवासीय नेपाली नागरिकतासम्बन्धी व्यवस्था छ । 'विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ,' संविधानमा भनिएको छ ।

## स्वदेशमै रोजगारी दिलाउने प्रतिबद्धता



**होम कार्की** (काठमाडौं)

प्रमुख दलहरूले स्वदेशमै रोजगारी दिलाउने प्रतिबद्धतासहित घोषणापत्र सार्वजनिक गरेका छन् । स्वदेशमा मर्यादित रोजगार नहुँदा प्रत्येक वर्ष लाखौं नेपाली वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ ।

कांग्रेसले पाँच वर्षमा कम्तीमा १५ लाख मर्यादित र उत्पादनशील रोजगार सिर्जना गर्ने प्रतिज्ञा गरेको छ । उऔपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशतभन्दा माथि पुर्‍याउँदै स्वदेशी युवालाई रोजगारीमा प्राथमिकता दिने भनिएको छ । प्रतिज्ञापत्रमा भनिएको छ,'परियोजनामा आधारित बीउ पुँजी पाँचदेखि ५० लाखसम्म सहुलियतपूर्ण दिइनेछ ।'

कांग्रेसले अनौपचारिक क्षेत्रका सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने भनेको छ । 'आगामी पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जानेको संख्या ५० प्रतिशतले घटाउँछौं । श्रमिकसँग जथाभाबी रूपमा सेवा शुल्क लिइरहेको अभ्यासलाई अन्त्य गर्नेछौं,' प्रतिज्ञापत्रमा भनिएको छ, 'विदेशबाट फर्किएका श्रमिकका लागि पेसा व्यवसाय गर्न ५० लाख रुपैयाँसम्मको सहुलियतपूर्ण ऋण निश्चित अवधिको कर छुट र उद्यमशीलता प्रवर्धन गर्नेछौं ।'

एमालेले युवालाई स्वदेशमै काम र रोजगारीका अवसर उपलब्ध गराउने घोषणा गरेको छ । 'उच्च आर्थिक वृद्धिबाट वार्षिक ४ लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक ५ लाख रोजगारी सिर्जना गर्नेछौं,' एमालेको घोषणापत्रमा भनिएको छ, 'नेपाली श्रमिकको वार्षिक उत्पादकत्व वृद्धिदर ७ प्रतिशतभन्दा बढी पुर्‍याई आगामी पाँच वर्षमा श्रम आय दोब्बर हुने अवसर स्वदेशमै उपलब्ध गराउनेछौं ।'

उसले अनौपचारिक श्रम सम्बन्धमा रहेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमार्फत औपचारिक रोजगारीमा रूपान्तरित गर्ने व्यवस्था मिलाउने जनाएको छ । 'यसका लागि श्रमिक पञ्जीकरण गरी पञ्जीकृत व्यक्तिलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने प्रयोजनका लागि प्रत्येक पालिकामा श्रम डेस्क स्थापना गर्नेछौं,' एमालेको घोषणा छ, 'वैदेशिक रोजगारीमा चर्को ब्याजमा ऋण लिएर जानुपर्ने अवस्था अन्त्य गर्नेछौं ।'

नेकपाले प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक ५ लाख रोजगारी सुनिश्चित गरिने प्रतिबद्धतापत्र राखेको छ । उसले बेरोजगारी बिमाको व्यवस्था गरिने भनेको छ । 'विदेशमा रहेका जनशक्तिको ज्ञान, सीप, अनुभव र पुँजीलाई रोजगारी-स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई उद्यमी बनाइनेछ,' नेकपाको प्रतिबद्धतापत्र छ, 'वैदेशिक श्रम कानुन परिमार्जन गरी अन्तर्राष्ट्रिय महासन्धि तथा मापदण्डको पालना सुनिश्चित गर्ने जीटूजी सम्झौतामा जोड दिइनेछ ।'

रास्वपाले नेपालमै बसेर विदेशी कम्पनी, निकाय वा रोजगारदाताका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न स्पष्ट कानुनी र नीतिगत प्रबन्ध गर्ने वाचापत्र ल्याएको छ । नेपाललाई 'ग्लोबल टेक हब' बनाउन सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी ५ लाख प्रत्यक्ष रोजगारी सुनिश्चित गर्नेछौं,' वाचापत्रमा भनिएको छ, 'श्रम ऐन तथा सम्बन्धित कानुनमा संशोधन गरी रिमोट वर्क, डिजिटल रोजगारी तथा सीमा पार सेवा निर्यातलाई वैधानिक मान्यता प्रदान गर्नेछौं ।'

रास्वपाले वैदेशिक रोजगारमा रहेका श्रमिकका लागि विशेष परिचयपत्र जारी गर्ने वाचा गरेको छ । 'दलित तथा उत्पीडित समुदायका परिवार सदस्य वैदेशिक रोजगारीमा जान इच्छुक भए स्थानीय तहको सिफारिस वा जमानतमा बैंकमार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउनेछौं,' रास्वपाको वाचा छ ।

राप्रपाले सूचना प्रविधिको क्षेत्रलाई राष्ट्रिय प्राथमिकताको उद्योग बनाउने संकल्प गरेको छ । 'सूचना प्रविधि क्षेत्रमा ठूलो पुँजी वा कच्चा पदार्थको आवश्यकता नपर्ने, विदेश जानु नपर्ने, ब्रेन ड्रेनलाई ब्रेन गेनमा रूपान्तरण गर्न सकिने, युवालाई घरमै रोजगारी उपलब्ध गराउन सकिने भन्दै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका रूपमा घोषणा गरी द्रुतगतिमा अगाडि बढाइनेछ,' संकल्पपत्रमा छ ।

# २०४६ पछि उच्च पदमा पुगेकाको सम्पत्ति छानबिन गर्ने कांग्रेस, नेकपा, रास्वपा र राप्रपाको घोषणा

## अनियमितता र भ्रष्टाचारलाई मलजल गरेको, कसुरमा संलग्न 'शक्तिशाली' लाई जोगाएको, ठूला घोटालामा निष्पक्ष अनुसन्धान नभएको जस्ता आरोप तत्कालीन सत्तारूढ दलमाथि लाग्ने गरेको छ

**मातृका दाहाल** (काठमाडौं)

आसन्न चुनावमा जनमत आफ्नो पक्षमा पार्न राजनीतिक दलहरूले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राखेर घोषणापत्र सार्वजनिक गरेका छन् । विगतका भ्रष्टाचारको अनुसन्धान र उच्च पदस्थको सम्पत्ति जाँचबुझ गर्ने प्रतिबद्धता दलहरूले गरेका छन् ।

कांग्रेसले ३४ वर्षयताका उच्च पदस्थको सम्पत्ति छानबिन गर्ने प्रतिज्ञा गरेको छ । तर सभापति गगन थापाले नै भ्रष्टाचार मुद्दामा दोषी ठहर भएकादेखि सर्वोच्चमा मुद्दा विचाराधीन भएकासम्म व्यक्तिलाई टिकट दिएर चुनावी मैदानमा पठाएका छन् । सरकारी जग्गा हिनामिनादेखि सरकारी सम्पत्ति हानिनोक्सानीसम्मका कसुरका दागीले कांग्रेसबाट टिकट पाएका छन् ।

एमालेले बिहीबार काठमाडौंमा घोषणापत्र सार्वजनिक गर्दै सुशासन र समृद्धिकै नारालाई अगाडि सारेको छ । अध्यक्ष केपी शर्मा ओलीले 'एमालेले बनाउँछ' शीर्षकमा सुशासन र समृद्धिका आधार समेटिएको दस्ताबेज सार्वजनिक गरेका छन् । एमालेले विगतमा सुशासनकै लागि काम गरेको र अब पनि सुशासनलाई नै प्राथमिकतामा राखेर घोषणापत्र ल्याएको दाबी गरेको छ । तर एमालेले आसन्न निर्वाचनमा गुन्डा नाइकेदेखि व्यक्ति हत्या अभियोगमा मुद्दा खेपिरहेका व्यक्तिसम्मलाई एमालेले चुनावी मैदानमा पठाएको छ ।

ओली आफैं २३ भदौको जेन-जी आन्दोलन दमनको आरोपमा जाँचबुझ आयोगको छानबिनमा छन् । आयोगले यसको प्रतिवेदन ल्याउन बाँकी छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पनि ओलीमाथि अनुसन्धान भइरहेको छ । यति मात्र होइन, ठूला घोटालासँग जोडिएका काण्डहरूमा एमाले-कांग्रेसमाथि प्रश्न उठ्दै आएको छ ।

रास्वपाले सार्वजनिक गरेको वाचापत्रमा 'रूपान्तरणका लागि नीतिगत प्रस्थानका सय आधारहरू' मा भ्रष्टाचार नियन्त्रण र सुशासन कायमलाई प्राथमिकता दिने भनिएको छ । रास्वपाले गत आइतबार सार्वजनिक गरेको 'करारपत्र' मा सुशासनकै विषय समेटिएको थियो । रास्वपाका सभापति रवि लामिछाने आफैं सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा आधा दर्जन अदालतमा मुद्दा खेपिरहेका छन् । उनी अहिले मुद्दा दायर भएका सबै अदालतबाट धरौटीमा छुटेका प्रतिवादी हुन् । उनीविरुद्ध दोहोरो राहदानीसम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । दोहोरो नागरिकता प्रकरणमा सर्वोच्च अदालतको आदेशपछि लामिछानेले २०७९ मा सांसद र उपप्रधान एवं गृहमन्त्री पद नै गुमाएका थिए ।

पटक-पटक सत्ता-शक्तिमा बसेको नेकपा, राजतन्त्रको एजेन्डा बोकेर पनि गणतन्त्रवादी दलसँग सत्ता साझेदारी गर्न पछि नपरेको राप्रपा र मधेशी शक्तिका रूपमा पटक-पटक सत्ता साझेदार बनेर सरकारमा पुगेको जसपालगायत दलहरूले ल्याएका घोषणापत्रमा पनि भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र मुलुकलाई समृद्धितर्फ लैजाने प्रतिबद्धता गरिएको छ । नेमकिपा, प्रगतिशील लोकतान्त्रिक पार्टी, उज्यालो नेपाल पार्टीलगायतले पनि सुशासनलाई महत्त्व दिएर घोषणापत्र ल्याएका छन् ।

कांग्रेस सभापति थापाले 'भिजन टेन' र प्रतिज्ञापत्रमार्फत सत्ताको जुनसुकै ओहदामा बसेका मानिस पनि कानुनको नजरमा समान हुने भनेका छन् । प्रतिज्ञापत्रमा 'निमुखालाई ऐन र ठूलालाई चैन हुने विभेदकारी अवस्थाको अन्त्य हुनेछ, सरकारी सेवामा ढोका सबैका लागि समान रूपमा खुला रहनेछ' भनिएको छ ।

संवैधानिक अंगसहित राज्यका संयन्त्रमा दलीयकरण अन्त्य गर्ने प्रतिबद्धता पनि छ । 'अदालत, संवैधानिक निकाय, प्रहरी, विश्वविद्यालयलगायत राज्यका संस्थाहरूमा दलीयकरणको अन्त्य हुनेछ, स्वच्छ र पारदर्शी छनोट प्रक्रियामार्फत ज्ञान, इमान र क्षमता भएका योग्य एवं संविधानप्रति बफादार नागरिक नियुक्ति हुनेछन्,' कांग्रेसको प्रतिज्ञा छ, 'राज्यका हरेक सेवामा प्रविधिको उच्चतम प्रयोग गर्दै डिजिटल नेपालको अवधारणा साकार पारिनेछ, जसले भ्रष्टाचार र सरकारी ढिलासुस्ती अन्त्य गर्नेछ ।'

अनियमितता गर्नेमाथि 'नेता वा नाता नहेर्ने' दाबी गरिएको छ । 'नेपाललाई भ्रष्टाचारमुक्त बनाउन सार्वजनिक ओहदामा बसेर भ्रष्टाचार गरे २० वर्षपछि पनि सजाय हुने मान्यता स्थापित गर्नुपर्छ, अख्तियारसम्बन्धी कानुन र नीतिगत भ्रष्टाचार स्वार्थको द्वन्द्वसम्बन्धी कानुन ६ महिनाभित्र बनाउने,



भएका संयन्त्रलाई दबाब र प्रभावमा राख्ने, चाहिने कानुन ल्याउनै नदिने, नियुक्तिमा आफ्ना मान्छे खोज्ने अनि सुशासनको कुरा गर्दा कसले पत्याइदिने ? प्रश्न नियत र चरित्रमा हो, कागजमा त सबैले सुशासन भनेकै छन्

● **किशोर सिलवाल**, पूर्वआयुक्त, अख्तियार

तोकिएको अधिकारीले तोकिएको समयभित्र काम नगर्नुलाई पनि भ्रष्टाचार मान्ने कानुन बनाएर कार्यान्वयन गर्ने छौं,' थापाले भनेका छन् ।

एमालेले चुनावी घोषणापत्रमा शान्ति सुव्यवस्था कायम गर्ने, विधिको शासन सुनिश्चित गर्ने उल्लेख गरेको छ । 'अनियमितता, ढिलासुस्ती, विकृतिलगायत सबै प्रकारका भ्रष्टाचार नियन्त्रण र अन्त्य गर्ने प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्ने घोषणा गर्छौं,' घोषणापत्रमा भनिएको छ ।

एमाले अध्यक्ष ओली नै प्रधानमन्त्री भएका बेला गत भदौमा भ्रष्टाचार अन्त्य र सुशासनका पक्षमा जेन-जी आन्दोलन भएको थियो । सत्ता नेतृत्वमा पुगेका बेला कानुनको दुरुपयोग, नियुक्ति/सरुवा, बढुवामा भागबन्डा, सार्वजनिक खरिदमा भ्रष्टाचार अनि कसुर गर्नेमाथि अनुसन्धानमा अवरोध गरेको जस्ता आरोप ओलीमाथि लाग्ने गरेको छ । वाइडबडी जहाज खरिद, गिरीबन्धु टि इस्टेट जग्गा अनियमितता प्रपञ्च, नेपाल ट्रस्टको जग्गा भाडालगायत प्रकरणमा संलग्नलाई अनुसन्धानको दायरामा ल्याउन अवरोध गरेको आरोप पनि उनीमाथि लाग्ने गरेको छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले २७ माघमा सार्वजनिक गरेको 'चुनावी प्रतिबद्धता' मा सुशासन र समृद्धिलाई प्राथमिकता दिइएको छ । 'राजनीतिक स्थिरता-सुशासन, नयाँ चरणको आर्थिक सुधार-सामाजिक न्यायसहितको समृद्धि' लाई उसले प्रतिबद्धता पत्रमा समेटेको छ । व्यवहारमा भने बेथिति र विसंगति मलजल र संरक्षणमा यो पार्टी र यसका शीर्ष नेता नै सक्रिय बनेका तथ्यहरू सतहमा आइसकेका छन् ।

तत्कालीन माओवादी, एकीकृत समाजवादीलगायत दल मिलेर नेकपा बनेको हो । नेकपाका दर्जनौं शीर्ष नेता भ्रष्टाचार र अन्य अपराधमा मुछिएका छन् । बिचौलिया र राज्य दोहनमा संलग्नलाई संरक्षण गरेको आरोप नेकपाका नेतामाथि लाग्दै आएको छ । नेकपा संयोजक पुष्पकमल दाहाल आफैं २०६५, २०७३ र २०७९ मा प्रधानमन्त्री बने । सहसंयोजक माधवकुमार नेपाल २०६६ मा प्रधानमन्त्री बने । नेकपा सहसंयोजक नेपालमाथि पतञ्जलि जग्गा हिनामिना प्रकरणमा अख्तियारबाट दायर गरिएको भ्रष्टाचार मुद्दा विशेष अदालतमै विचाराधीन छ । उनी रौतहट-१ बाट उम्मेदवार छन् । चुनाव जिते पनि मुद्दा विचाराधीनका कारण उनी संसद् छिर्न पाउँदैनन् ।

गत २४ भदौमा संयोजक दाहालको निवासबाट 'जलेका नोट' भेटिएको विवरण बाहिरिएपछि र अरू विषयमा उजुरी परेपछि उनीमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरिरहेको छ । नेकपाकै नेताहरू वर्षमान पुन र नन्दबहादुर पुनको परिवार सुन तस्करी प्रकरणमा 'शंकित' छन् । अर्का नेता कृष्णबहादुर महराको परिवार पनि सुन तस्करीमै जोडिएको छ ।

नेकपाले घोषणापत्रमा भने भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र सामाजिक न्यायमा आधारित राज्य सञ्चालनलाई प्राथमिकतामा राखेको छ । राज्यका सबै अंगमा हुने भ्रष्टाचार नियन्त्रण र संलग्नलाई कारबाही गर्न अख्तियार, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्रसमेतलाई समाहित गरी अधिकार प्राप्त उच्चस्तरीय लोकपाल गठन गर्ने घोषणा नेकपाको छ ।

नेकपाले 'ग्रे लिस्ट' बाट बाहिर निस्कन समयबद्ध कार्ययोजना ल्याउने, सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम, डिजिटल र ई-शासन ब्लुप्रिन्ट सार्वजनिक गर्ने प्रतिबद्धता गरेको छ ।

रास्वपाले राज्य संरचनाको दलीय दोहन, प्रक्रिया केन्द्रित भ्रष्टाचार र लाइसेन्स राज, सामान्य सेवा लिनसमेत बिचौलियाको शरण पर्न बाध्य हुनुपर्ने स्थिति रहेको औंल्याउँदै वाचापत्रमा 'नीति, आचरण र संस्थागत सुधारका लागि भ्रष्टाचारविरोधी महाअभियान' चलाउने भनेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूचकांकमा भारी सुधार, दलीयकरणको अन्त्य र २०४६ देखिकै सम्पत्ति छानबिन गर्न उच्च आयोग गठन' गर्ने प्रतिबद्धता पनि गरिएको छ ।

विभिन्न अदालतमा मुद्दा खेपिरहेका सभापति लामिछानेलाई नै रास्वपाले आसन्न निर्वाचनमा चितवन-२ मा उम्मेदवार बनाएको छ । आफूमाथिको कसुरबारे उनले 'राजनीतिक प्रतिशोध' भन्दै प्रतिवाद गर्दै आएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि आसन्न निर्वाचनलाई लक्ष्य गरेर 'व्यवस्था परिवर्तनदेखि सुशासन, समृद्धि र भ्रष्टाचार नियन्त्रण' लाई प्राथमिकतामा राखेर चुनावी 'संकल्प पत्र' सार्वजनिक गरेको छ । शनिबार सार्वजनिक गरिएको प्रतिबद्धतापत्रमा 'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं' भन्ने नारा उल्लेख छ ।

'उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६ पछिका उच्च पदस्थ नेता तथा कर्मचारीको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने कानुनी व्यवस्था मिलाइनेछ, भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षण ऐन बनाई लागू गरिनेछ,' राप्रपाको संकल्प पत्रमा भनिएको छ, 'नीतिगत तथा कार्यगतका भ्रष्टाचार तथा अनाचार अन्त्य गर्न सार्वजनिक पद धारण गर्ने पदाधिकारीलाई कानुनी दायरामा ल्याउन स्वार्थको द्वन्द्वसम्बन्धी कानुन जारी गरिनेछ, सम्पत्ति शुद्धीकरण ऐनमा सुधार ल्याइनेछ, राजनीतिक हस्तक्षेपमुक्त संवैधानिक नियुक्तिको व्यवस्था गरिनेछ ।'

जसपा नेपालले घोषणापत्रमा 'भ्रष्टाचार नियन्त्रण र सुशासन' कायम गर्ने प्रतिबद्धता जनाएको छ । २०६३ को मधेश आन्दोलनको जगमा उदाएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पटक-पटक मन्त्रीसमेत बने । उनी आफैं 'गौर घटना' मा प्रहरी अनुसन्धानभित्र छन् । ७ चैत २०६३ मा गौरमा तत्कालीन माओवादी समर्थक २७ जनाको हत्या भएको घटनामा उनीमाथि अनुसन्धान भइरहेको छ ।

२०४७ यताका जनप्रतिनिधि, उच्च पदस्थ कर्मचारी, सुरक्षा अधिकारी र संवैधानिक आयोगमा भएका पदाधिकारीहो सम्पत्ति छानबिन गर्ने प्रतिबद्धता पनि जसपा नेपालको छ । दलीय भागबन्डाले अनुसन्धान, अभियोजन र न्याय निरूपण गर्ने निकाय थलिएको विषयमा भने घोषणापत्र मौन देखिन्छन् ।

अख्तियारका पूर्वआयुक्त किशोर सिलवाल दलले कागजमा देखाउने वाचा एउटा र सत्तामा पुगेपछि गर्ने कामकारबाही अर्कै हुने गरेको बताउँछन् । सबै दलले २०४८ यताका उच्च पदस्थमाथि अनुसन्धान गर्ने र त्यसका लागि छुट्टै आयोग बनाउने भन्नुमा गलत नियत लुकेको उनको तर्क छ । 'भएका संयन्त्रलाई दबाब र प्रभावमा राख्ने, चाहिने कानुन ल्याउनै नदिने, नियुक्तिमा आफ्ना मान्छे खोज्ने अनि सुशासनको कुरा गर्दा कसले पत्याइदिने ?' उनी भन्छन्, 'प्रश्न नियत र चरित्रमा हो, कागजमा त सबैले भनेकै छन् सुशासन ।' सिलवाल चुनावको मुखमा सबै दलले भ्रष्टाचार नियन्त्रण, सुशासन र समृद्धिको वाचा गरे पनि पत्याउने अवस्था नरहेको बताउँछन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालकी पूर्वअध्यक्ष पद्मिनी प्रधानांग सत्ता-शक्तिमा पुगेका नेताकै कारण सुशासनको मामिलामा मुलुकको अन्तर्राष्ट्रिय छवि धुमिल भएको बताउँछिन् । 'दशकौंसम्म सत्तामा बसेर सुशासनका पक्षमा काम गर्न नसक्ने, भ्रष्टाचार र स्रोत दोहनमा मात्रै लिप्त हुने अनि चुनावको मुखमा प्रतिबद्ध भएर काम गर्छु भन्दा कसरी पत्याउने ? पत्याउने काम हिजो गरेका छन् र ?' उनी भन्छिन्, 'काम गर्न अहिलेसम्म केले रोकेको थियो ? अब किन प्रतिबद्धता चाहिने अवस्था भयो ? त्यसैले कागजमा ल्याइएका सुशासनका नारा कार्यान्वयनमा जान्छ भनेर पत्याउने स्थिति छैन ।'

सम्पादकीय

# कर्णालीले खोजेको स्वास्थ्य उपचार

मानव विकासको अवस्थालाई केलाउनका लागि स्वास्थ्य पनि एउटा प्रमुख आधार हो। नेपालमा पछिल्ला दशकमा औसतमा स्वास्थ्य सेवामा पहुँच बढेको छ, तर सबै भूगोलका नागरिकले समान पहुँच पाउन सकेका छैनन्। जसले गर्दा एउटा भूगोलका मानिसले स्वास्थ्य सेवाको आधुनिक पद्धतिको उच्चतम लाभ लिन सकिरहेका छन्, अर्को भूगोलका मानिस भने अस्पताल पुग्नै नपाएर ज्यान गुमाउन बाध्य भइरहेका छन्। कर्णाली प्रदेश त्यस्तै एउटा भूगोल हो, जहाँ स्वास्थ्य सेवाको पहुँच असाध्यै कठिन छ। स्वास्थ्य सेवाको पहुँचको महत्त्व बताउनका लागि मानिसको जन्म र मृत्यु अस्पतालमै हुनुपर्छ भन्ने मान्यता छ, तर कर्णालीमा आज पनि अस्पताल लैजाँदै गर्दा बाटैमा बच्चा जन्मिएका र बाटैमा बिरामीको मृत्यु भएका समाचार सार्वजनिक हुने गरेका छन्। यसले संविधानका व्यवस्था र राज्यका नीतिहरूको असफलता दर्शाउँछ। तसर्थ, तीनै तहका सरकारले गम्भीर भएर नागरिकको स्वास्थ्य पहुँच बढाउनका लागि रचनात्मक र व्यावहारिक प्रयत्न गर्नुपर्छ।

१६ माघमा जुम्लाको तिला गाउँपालिकाकी २७ वर्षीया रमिता थापाले झन्डै दुई फिट हिउँ जमेको चायापाटनमा बच्चा जन्माएकी थिइन्। उनको गाउँबाट नजिकको स्वास्थ्यचौकी रासा पुग्न ५ घण्टा हिँड्नुपर्छ। गाउँमा कसैलाई सुत्केरी व्यथा लाग्दा स्ट्रेचरमा बोकेर दौडाउनुपर्छ तर अधिकांशले बाटामै बच्चा जन्माउँछन्। रमिता र बच्चाको ज्यान सुरक्षित रहे पनि कर्णालीको दुर्गम भेगमा बच्चा जन्माउने क्रममा वा जन्माइसकेपछि देखिने जटिलताका कारण कतिपय आमा र बच्चाको मृत्यु हुने गरेको छ। मुगुको छायानाथरारा-१० जिउलाकी धनरूपा विश्वकर्मा गत वर्ष २३ पुसमा घरमै सुत्केरी भएकी थिइन्। सुत्केरी भएको २ दिनसम्म रक्तस्राव भएपछि परिवारजनले जिल्ला अस्पताल लैजाने तयारी गर्दैगर्दा उनको ज्यान गयो। कर्णालीमा समयमै उपचार नपाएर पछिल्ला ९ वर्षमा १ सय ७२ सुत्केरीको मृत्यु भएको छ। कर्णाली प्रदेशको स्वास्थ्य सेवा निर्देशनालयका अनुसार गत आर्थिक वर्षमा मात्रै १४ र चालु आर्थिक वर्षमा ९ जनाले ज्यान गुमाइसकेका छन्।

मृत्यु सदैव दुःखद हुन्छ। तर, कोही महिला सुत्केरी हुन्छिन् भन्ने विषय महिनौंअघि नै थाहा भइसकेको हुन्छ, उसको समेत समयमै उपचार नपाएर मृत्यु हुनु झन् दुःखद स्थिति हो। अर्कोतर्फ, कर्णालीमा धेरैजसो सुत्केरी १५ देखि २५ वर्ष उमेरसम्मका हुने र मृत्यु हुनेमा यही उमेर समूहका झन्डै ८० प्रतिशत रहेको तथ्यांक छ। यसरी युवा र उत्पादनशील उमेर समूहका व्यक्तिको निधनबाट सम्बन्धित परिवार र समाजले समेत क्षति बेहोर्नु परिरहेको हुन्छ। मृत्युले परिवारका सदस्यमा पार्ने मानसिक आघात, त्यसले परिवारको आर्थिक-सामाजिक पक्षमा पार्ने असर थप चर्चाका पक्ष हुन्। आमाको मात्रै होइन, नवजात बच्चाको मृत्युदर पनि भयावह छ। पछिल्ला ४ वर्षमा ७ सय ७७ नवजात शिशुले ज्यान गुमाएको तथ्यांक छ।

कर्णालीमा स्वास्थ्य सेवाको पहुँचलाई अवरोध गर्ने मुख्य पक्ष भौगोलिक विकटता र त्यसले निर्धारण गर्ने बाटोको दूरी नै हो। प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले गत वर्ष गरेको अध्ययनअनुसार कर्णालीमा २३.६ प्रतिशत परिवार मात्रै आधा घण्टामा स्वास्थ्य संस्था पुग्न सक्छन्। अस्पताल पुग्न लाग्ने समय जति बढी भयो, उति नै ज्यान जोखिममा पर्ने वा मृत्यु नै हुन सक्ने सम्भावना बढ्छ। यस्तो स्थितिले गर्दा 'कोही त मर्छन् अस्पताल नहेरी, हाम्रो नेपालमा' भन्ने दशकौं पुरानो गीत अझै सार्थक भइरहेको प्रमाणित हुन्छ। राज्यले दुर्गम क्षेत्रलाई लक्षित गरेर कमभन्दा कम समयमा स्वास्थ्य सेवा पाउन सक्ने वातावरण बनाउनुपर्छ। त्यसका लागि आधुनिक प्रविधिको उपयोग गर्नेतर्फ पनि ध्यान दिनुपर्छ।

कर्णालीलगायत दुर्गम भेग भूगोलमा स्वास्थ्य सेवाका लागि आवश्यक भौतिक संरचनाको पनि अभाव छ। चिकित्सकको पनि अभाव छ। कर्णालीमा स्वास्थ्य सेवातर्फ कर्णालीमा ९ सय ८ जनाको दरबन्दी कायम गरिएकामा ४ सय ६३ जना मात्र कार्यरत छन्। अहिले कर्णालीमा १ सय ८४ चिकित्सकको दरबन्दी रहे पनि करारबाहेक ३२ दरबन्दी मात्रै पूर्ति भएको छ। कर्णालीमा चिकित्सक टिकाउने नीतिअनुरूप ७५ देखि १ सय ५ प्रतिशतसम्म भत्ता दिने गरिएको छ। तर प्रदेश अस्पताल सुर्खेत र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाबाहेक अन्य अस्पतालमा नियमित चिकित्सक भेट्टाउन मुस्किल छ। औषधि अभावको समस्या पनि ठूलो छ। औषधि भण्डारण (स्थान, कोल्डचेन आदि) को अभावजस्ता कारणले गुणस्तरीय औषधिको आपूर्ति र वितरण गर्न कठिन छ। साथै, जनशक्ति अभावकै कारण कर्णालीमा करोडौं मूल्यका उपकरण अस्पतालमा अलपत्र परेका छन्। जस्तो कि, रुकुम पश्चिमस्थित जिल्ला अस्पतालमा २ शय्याको भेन्टिलेटर र ६ शय्याको आईसीयू वार्ड छ। जनशक्ति अभावमा ती प्रयोगमा छैनन्। स्वास्थ्य उपकरण प्रयोगहीन हुनु लगानीको उपयोग नहुनु मात्रै होइन, नागरिकको उपचारमार्फत जीवन जोगिने अवसर पनि गुम्नु हो।

कर्णाली प्रदेशका ७९ मध्ये ३१ स्थानीय तहमा मात्र आधारभूत अस्पताल सञ्चालनमा छन्। यस्तो स्थितिमा संविधानमा उल्लिखित प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने प्रावधानकै उल्लंघन हुने स्थिति बनेको छ। राज्यले नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। विकटता एउटा चुनौती हो, तर अस्पतालको भौतिक पूर्वाधार, चिकित्सकको उपलब्धता, औषधि, औषधि भण्डारण गराउने विषय राज्यका व्यावहारिक नीतिसँग पनि जोडिएका विषय हुन्। सरकारले प्रभावकारी नीति लिन सक्दा त्यस्ता समस्या समाधान हुन सक्छन्। साथसाथै प्रविधिको उच्चतम प्रयोग गर्न सक्दा बाँकी समस्या पनि न्यूनीकरण हुन सक्छ। यसतर्फ राज्य, राजनीतिक दल र आगामी निर्वाचनका उम्मेदवारले ध्यान केन्द्रित गर्नुपर्छ।

# राजनीतिक संस्कृति र उम्मेदवारको चरित्र



जेबी विश्वकर्मा

प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा उम्मेदवार र पार्टीका नेता जनताको घरदैलोमा पुग्दै छन्। जागरुक जनताले उम्मेदवारलाई आफ्ना समस्या र सरोकारबारे सशक्त प्रश्न राखिरहेका छन्। भूमिहीन, सुकुम्बासीदेखि वैदेशिक रोजगारीका क्रममा पाएका दुःख र ज्यान गुमाउनुपरेका कथा सुनाइरहेका छन्। जंगली हात्तीको आक्रमणबाट भएको मानवीय र बालीनालीको क्षतिदेखि बाँदरले अन्नबाली खाएर दिएको दुःखका कथा पनि उम्मेदवारलाई सुनाइरहेका छन्। वास्तवमै श्रमजीवी जनता, किसान, मजदुर र गरिखाने वर्गका लागि निर्वाचन आफ्नो सरोकार सुनाउने अवसरजस्तो बन्न पुगेको छ। जनताले जनजीविकाको प्रश्न अहिले मात्रै होइन, हरेक निर्वाचनमा उठाउँदै आइरहेका छन्, तर उम्मेदवारले आश्वासन दिनेबाहेक केही गरेनन्।

निर्वाचन जनताले राजनीतिक नेतृत्वलाई प्रश्न सोध्ने मात्रै होइन, तिनीहरू जनताप्रति कति जिम्मेवार छन् भन्ने मनन गर्ने समय पनि हो। केही उम्मेदवार जनताले उठाएका कतिपय गम्भीर प्रश्नमा नाजवाफ भएर तर्किने गरेका, ती मुद्दाप्रति खासै रुचि नलिएर बेवास्ता गरेका र अपत्यारिलो आश्वासन दिएका थुप्रै घटना सार्वजनिक भइरहेकै छन्। यतिसम्म कि कार्यकर्ताले सम्मानसहित लगाइदिएको माला फाल्नेदेखि जनताको प्रश्नमा आक्रोशित हुँदै प्रतिवाद गरेका दृश्य पनि सार्वजनिक भएका छन्। यस्ता घटनाले राजनीतिक नेतृत्व वा उम्मेदवारमा अन्तरनिहित वास्तविक राजनीतिक संस्कृतिको पनि उजागर गरिरहेको छ।

निर्वाचन फरक विचार राख्ने राजनीतिक पार्टी, उम्मेदवार र समर्थक व्यक्ति वा समूहप्रति आक्रामक हुने समय पनि हो। राजनीतिक दृष्टिले आफ्ना एजेन्डा जनतामा लिएर जाँदा फरक पार्टी वा नेतृत्वको आलोचना हुनु स्वाभाविक हो। तर, विचार, दृष्टिकोण र राजनीतिक एजेन्डाका आधारमा होइन, प्रतिशोधलाई चुनावी अवसर बनाइयो भने त्यसले लोकतान्त्रिक राजनीतिक संस्कृति निर्माण हुन दिँदैन। जनता, समर्थक र कार्यकर्ताले राजनीतिक नेतृत्व र उम्मेदवारबारे आलोचनात्मक दृष्टि नराख्ने हो भने त्यसले नेतृत्वलाई देवता र अरूलाई भजनमण्डलीमा रूपान्तरण गरिदिने खतरा रहन्छ। यस्तो राजनीतिक संस्कृतिले देश र जनताको समस्या हल गर्न दिँदैन।

### विकसित राजनीतिक संस्कृति

राजनीति देश, समाज र नागरिकको सहज जनजीविकाका लागि अनिवार्य विषय हो। देशलाई कस्तो बनाउने र जनताको जीवनलाई कसरी स्वतन्त्रता, न्याय र आत्मसम्मानसहित बाँच्न पाउने राजनीतिक व्यवस्था निर्माण गर्ने भन्ने सवाल राजनीतिक पार्टीले अवलम्बन गर्ने वैचारिक दृष्टिकोणमा निर्भर रहन्छ। राष्ट्रिय स्वाधीनता, आत्मनिर्भर अर्थतन्त्र, गरिबी र अभावबाट मुक्ति, सम्मानित श्रम, बहिष्करण विभेदबाट मुक्ति वा आत्मसम्मानयुक्त जीवनका लागि राजनीतिक पार्टीसँग स्पष्ट वैचारिकी, दृष्टिकोण, नीति र कार्यक्रम हुनुपर्छ। सोही विचार र दृष्टिकोणकै आधारमा राजनीतिक दल जनताप्रति कति जिम्मेवार र उत्तरदायी छन् भन्ने बुझ्न सजिलो हुन्छ। विचार र दृष्टिकोणकै आधारमा पार्टी र तिनका प्रतिनिधिले काम गर्ने भएको हुँदा तिनले अवलम्बन गरेको विचार, व्यवहार र कामकारबाहीका आधारमा तिनको राजनीतिक संस्कृतिको मूल्यांकन गर्न सकिन्छ। जुन पार्टी, नेतृत्व र उम्मेदवार जनजीविकाको पक्षमा विचार, दृष्टिकोण र व्यावहारिक रूपमा प्रतिबद्ध छन्, तिनले राजनीतिक संस्कृतिको प्रवर्द्धन गर्छन्। जो निष्ठा र आदर्शबाट च्यूत छन्, तिनले वैचारिक राजनीति संस्कृतिलाई तिलाञ्जली दिइसकेका हुन्छन्, अर्थात् तिनमा वैचारिक राजनीतिक संस्कृति रहँदैन। विचार, निष्ठा र आदर्शबाट बाहिरिएको नेतृत्व जनताप्रति इमान्दार र जवाफदेही हुन सक्दैन। नेपालमा सीमित राजनीतिक नेतृत्व मात्रै जनताका समस्या हल गर्ने विचार र दृष्टिकोणमा अडिग छन् भने धेरैजसो वैचारिक राजनीतिक संस्कृतिबाट च्यूत भइसकेका छन्, जसले जनताको इमान्दार प्रतिनिधित्व गर्न सक्दैनन्।

नेपालका केही राजनीतिक पार्टी र व्यक्तिहरू विचार र दृष्टिकोणमै अस्पष्ट छन्। केही 'विचारभन्दा माथि देश' भन्ने गैरराजनीतिक नारामा लहरिँदै आएका छन् भने केही भ्रष्टाचारको अन्त्य र देशको आर्थिक विकासलाई एजेन्डा बनाएर राजनीतिमा उदाएका छन्। सुशासन र आर्थिक विकास मूलतः राजनीतिक विचार र दृष्टिकोणका आधारमा मात्रै सम्भव छ। कस्तो विचारसहितको राजनीतिले आर्थिक विकास गर्छ ? ऐतिहासिक रूपमा शोषण, उत्पीडिन र आर्थिक वञ्चितीकरणमा पारिएका वर्ग समुदायको आर्थिक विकास कस्तो आर्थिक प्रणालीबाट हल हुन्छ ? पितृसत्तामा आधारित आर्थिक प्रणालीको रूपान्तरण कसरी सम्भव छ ? यस्ता सवालको जवाफ अर्थतन्त्रबारे ती पार्टीको विचार र दृष्टिकोणले नै तय गर्ने हुन्। त्यसैले राजनीतिमा विचारको आवश्यकता नठान्नु गैरराजनीतिक चरित्र हो।

राजनीतिक अराजकता, नेतृत्वको मनोमानी, भ्रष्टाचार र कुशासनविरुद्ध भदौमा जेन-जी आन्दोलन भयो। जनताले जेन-जी आन्दोलनमार्फत राजनीतिक पार्टी र नेतृत्वलाई जनतामा व्याप्त असन्तुष्टि र निराशालाई सम्बोधन गर्न र सामाजिक-आर्थिक रूपान्तरण गरी देशलाई अग्रगतिमा लैजाने म्यान्डेट दिएका थिए। आन्दोलनकै जगमा कतिपय राजनीतिक पार्टीहरूले जनमतलाई आफ्नो पक्षमा पार्ने कोसिस गरिरहेका छन्। तर, विडम्बना जनताका ती आक्रोश, असन्तुष्टि र निराशाका कारण खोतल्ने र सम्बोधन गर्ने विधि पहिचान गर्ने काम कुनै पार्टी र उम्मेदवारले गरेको देखिँदैन। यो जेन-जी आन्दोलनमाथिकै अपमान हो। अर्कोतिर, समाजको निकै ठूलो पंक्ति आलोचनात्मक राजनीतिक चेतसहित उम्मेदवारलाई प्रश्न गर्नेभन्दा पनि सामाजिक सञ्जाल निर्मित भाष्यको पछि लाग्ने परिस्थिति बन्न पुगेको छ। पार्टी, नेतृत्व, उम्मेदवार र जनताका समस्या समाधान गर्ने तिनको विचार, नीति, योजना र कार्यक्रमबारे आलोचनात्मक समीक्षा नगर्ने बरु व्यक्तिलाई देवत्वकरण गर्ने प्रवृत्ति हाबी भएको छ। अर्कोतिर फरक विचार राख्ने व्यक्ति वा समूहमाथि गालीगलौज गर्ने, असहिष्णु व्यवहार गर्ने र नियोजित आक्रमण गर्ने राजनीतिक संस्कृति हाबी हुँदै गइरहेको छ। राजनीतिक रूपमा सचेत समूहले तथ्य र तर्कमा आधारित आलोचनात्मक चेतसहितको राजनीतिक संस्कृति निर्माण नगर्ने हो भने यसले अराजक राजनीतिक संस्कृतिलाई मलजल गर्छ। जसले सामाजिक रूपान्तरण, प्रगति र न्यायसहितको समाज निर्माण गर्न बाधा पुर्‍याउँछ।



राजनीतिक रूपमा सचेत समूहले तथ्य र तर्कमा आधारित आलोचनात्मक चेतसहितको राजनीतिक संस्कृति निर्माण नगर्ने हो भने यसले अराजक राजनीतिक संस्कृतिलाई मलजल गर्छ, जसले सामाजिक रूपान्तरण, प्रगति र न्यायसहितको समाज निर्माण गर्न बाधा पुर्‍याउँछ

### उम्मेदवारको चरित्र र जनमत

प्रतिनिधिसभाको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको मुख्य काम कानुन र नीति निर्माण गर्ने हो। नीति निर्माणका लागि निर्वाचनमा होमिएका पात्र, प्रवृत्ति र तिनको चरित्रबारे जनताले समीक्षा गर्न आवश्यक छ। स्वाभाविक रूपमा कतिपय उम्मेदवारले जनताका लागि कस्तो नीति आवश्यक छ भन्ने चर्चा गरेको देखिन्छ। राज्यसत्तामा रहेका समस्या, आर्थिक-सामाजिक रूपान्तरण र जनजीविकाका क्षेत्रमा रहेका समस्या हल गर्ने नीतिगत व्यवस्थाबारे सीमित उम्मेदवारले मात्रै चर्चा गरेको देखिन्छ। धेरैजसो उम्मेदवार विकास निर्माणका क्षेत्रमा आश्वासन बाँडिरहेका छन्। उम्मेदवारले 'सबैथोक गरिदिन्छु' भन्नु सांसदको भूमिका नबुझ्नु हो वा भोटका निम्ति गरिएको राजनीतिक बेइमानी हो। निर्वाचन अगाडि नै जनतालाई ढाँट्ने उम्मेदवारले निर्वाचनपछि इमान्दारिता कायम राख्छन् भन्ने विश्वास गर्नु भनेको जनता फेरि ठगिनु हो।

संघीय लोकतान्त्रिक गणतन्त्र जनताले क्रान्ति, संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धि हो। निर्वाचनको समयमा एकथरी उम्मेदवार विगतको संघर्षलाई जनतासमक्ष पुर्‍याएर भावनात्मक प्रभावमा पार्न खोजिरहेका छन् भने एकथरी विगतका ती ऐतिहासिक संघर्षलाई नजरअन्दाज गरिरहेका छन्। विगतका राजनीतिक संघर्षलाई अन्देखा गर्नु जनताको संघर्षको अवमूल्यन गर्नु हो। राज्यसत्ता र समाज रूपान्तरणका लागि जनताले गरेको बलिदानीलाई बेवास्ता गर्ने वा उपयोग मात्रै गर्ने राजनीतिक संस्कृति हाबी हुँदै गइरहेको छ। यो संस्कृतिले जनताले खोजेको सामाजिक-सांस्कृतिक र आर्थिक रूपान्तरण गर्न सक्दैन।

स्वाभाविक रूपमा निर्वाचनमा पार्टी, नेतृत्व र उम्मेदवारबीचको टकराव हुने गर्छ। उम्मेदवारले कस्तो राजनीतिक संस्कृतिको प्रवर्द्धन गर्छन् भन्ने सवाल तिनको अहंकार, दम्भ, हठ र व्यवहारबाट प्रकट हुने गर्छ। उम्मेदवारले विचार, एजेन्डा, नीति र कार्यक्रममार्फत जनमत तयार पार्ने हो। धेरैजसो निर्वाचन क्षेत्रमा विपक्षीलाई खराब पात्रका रूपमा उभ्याएर 'म मात्रै ठीक' भन्ने भाष्य निर्माण भइरहेका छन्। विचार, योजना र कार्यक्रमका आधारमा ठीक भन्नेभन्दा पनि प्रतिशोधका आधारमा हुने यस्तो द्वन्द्वमा उम्मेदवारबीच टकराव हुने तर जनताका मुद्दा ओझेल पर्ने गम्भीर खतरा रहन्छ। व्यक्तिकेन्द्रित राजनीतिक प्रतिशोधपूर्ण संस्कृतिको बलमिच्याइँमा जनता पर्ने सवाललाई जनताले सुझबुझपूर्वक चिर्न आवश्यक छ।

राजनीतिमा पपुलिजम् डरलाग्दो संस्कृति बन्न पुगेको छ। डिजिटल प्रविधिमार्फत व्यक्तिको महिमामण्डन गर्ने, देवत्वकरण गर्ने र भजनमण्डली गर्ने राजनीतिक संस्कृतिलाई बढवा दिइन्छ। यस्तो संस्कृतिले नागरिकलाई प्रश्नबाट वञ्चित गरिदिन्छ किनकि भीडमा महिमामण्डन मात्रै सुनिन्छ, आलोचनात्मक प्रश्न वर्जित गरिन्छ। जसरी धार्मिक अनुष्ठानमा देउतामाथि प्रश्न गरिँदैन, केवल नतमस्तक हुन अभीशप्त गराइन्छ। नेतृत्वको देवत्वकरणले पनि यही अवस्था निर्माण गरिदिन्छ वा जनताको वास्तविक आवाज सुनिँदैन। तथ्य र तर्कमा आधारित आलोचनात्मक टिप्पणी वर्जित गर्छ। जब उम्मेदवारले जनताका प्रश्नको जवाफ दिँदैन, आलोचनात्मक टिप्पणी अस्वीकार गर्छ, तिनले सत्तामा पुगेर भुइँमान्छेका कुरा सुन्छन् भन्ने विश्वास गर्ने कुनै आधार हुँदैन। त्यसैले निर्वाचनको समयमा आवाज नसुन्ने उम्मेदवारले जनताको हितमा काम गर्छन् त ? नागरिकले गम्भीरतापूर्वक सोच्न जरुरी छ।

सामाजिक न्याय र समावेशी लोकतन्त्र नेपाली समाजको अनिवार्य आवश्यकता हो। पितृसत्तात्मक उत्पीडनका कारण हजारौं वर्षदेखि महिलामाथि विभेद, हिंसा र अत्याचार कायम छ। आदिवासी जनजाति जातीय, भाषिक, सांस्कृतिक उत्पीडतबाट मुक्ति खोजिरहेको छ। दलित समुदाय स्वाभिमानी र आत्मसम्मानपूर्ण जीवनका लागि संघर्षरत छ। अपांगता भएका व्यक्ति आधारभूत अधिकारको अभ्यासका लागि लडिरहेको छ। लैंगिक तथा यौनिक अल्पसंख्यक पहिचानकै लागि संघर्षरत छन्। श्रमजीवी जनता श्रमको खोजीमा विदेश भौतारिन बाध्य छन्। मल, बीउ-बिजन र सिँचाइको अभावमा तड्पिन बाध्य छन्। सहकारीपीडित बचत फिर्ताको पर्खाइमा छन्। लघुवित्तपीडित न्याय खोजिरहेका छन्। मिटरब्जायपीडित ऋण मिनाहा र वित्तीय उत्पीडनको अन्त्य कुरिरहेका छन्। भूमिहीन भूमिमाथिको पहुँच, उपभोग र नियन्त्रण हुने आशा बोकेर बाँचेका छन्। हरवा, चरवा, हलियालगायत सामन्ती बँधुवा मजदुरीबाट मुक्ति खोजिरहेका छन्। बहिष्करण र विभेद अन्त्य गर्ने कतिपय कानुन छन्, तिनको कार्यान्वयन भइरहेको छैन। कति कानुन, नीति र कार्यक्रम आवश्यक छन्, त्यतातिर राज्यसत्ताको ध्यान जान सकिरहेको छैन। यस्ता मुद्दाको प्रतिनिधित्व गर्ने जनप्रतिनिधि उत्पीडित समुदायले खोजिरहेका छन्। तर, धेरैजसो उम्मेदवार ताली र भीड उतारेर दौडिरहेका छन्। भजनमण्डली परिचालन गरी देवत्वकरण गरिरहेका छन्। आडम्बर र अहंकार प्रदर्शन गरिरहेका छन्। वास्तविक भुइँमान्छेको मुद्दा धेरैको चासोको विषय बन्न सकेको छैन। राज्यसत्ताको सम्पूर्ण संयन्त्रमा प्रभुत्वशाली वर्ग र समुदायले कब्जा जमाएर बसेको छ। धेरैजसो उम्मेदवार पनि वर्चस्वशाली वर्गकै प्रतिनिधि छन्। पुँजीपति, व्यापारी, ठेकेदार र प्रभुत्वशाली वर्गकै प्रतिनिधि छन्। तिनले उत्पीडित वर्ग र समुदायको आवाज सुन्ने धैर्यता राखेको देखिँदैन। यस्ता उम्मेदवारले निर्वाचनमार्फत प्रभुत्वशाली दबदबालाई वैधता दिने अवसर पाउनेछन्। त्यसैले यो निर्वाचनमा उत्पीडित समुदायले माग र एजेन्डालाई केन्द्रमा राखेर विवेकको प्रयोग गर्न आवश्यक छ।

@JBBiswokarma

# कस्तो शिक्षा प्रणाली ?



जेन-जी अभिमत

मनीष लामिछाने

देश राजनीतिक परिवर्तन र राजनीतितर्फ बढी ध्यान दिइरहँदा, परिवर्तनका लागि अत्यावश्यक आयामहरूलाई बिर्सनु हुँदैन। बास, गाँस, शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात जस्ता कुराहरूले आमजनतताका लागि मूल रूपमा फरक पार्दछ र यिनले जहिल्यै प्राथमिकता पाउनुपर्छ। राजनीतिक समस्या पावर र पदमा मात्र सीमित नभई ती राजनीतिक परियोजनाले जनताको आर्थिक, सामाजिक र सांस्कृतिक परिस्थितिलाई कसरी विकास गरिरहेको छ र तीनमा कस्तो असर पारिरहेको छ भन्ने विषयले अत्यन्त प्रभाव पार्न पुग्छ।

२०२८ सालमा राष्ट्रिय शिक्षा प्रणाली लागू भएपछि र नेपाली समाज विश्वव्यापीकरणसँगै परिपक्व हुँदै जाँदा, आमजनतामा शिक्षाको महत्त्वप्रति ठूलो परिवर्तन देखिएको थियो। उच्च शिक्षा हासिल गर्नु सफलताको शिखरको प्रतीक मानिन थाल्यो। एसएलसी पास गर्नुलाई पनि सम्भावनाहरूको ढोका खुलेको रूपमा अर्थ्याइन्थ्यो। हुन पनि बाह्य देशबाट शिक्षा हासिल गरेर आउनेहरूले नेपालको राजनीतिक, आर्थिक र सामाजिक चेतनामा ठूलो परिवर्तन ल्याउन थालेका थिए।

शिक्षालाई अन्धकारमा उज्यालो बाल्ने माध्यमका रूपमा हेरिन्छ, त्यसैले आर्थिक कठिनाइका बीचमा पनि नेपाली अभिभावकहरूले आफ्ना सन्तानको शिक्षालाई प्राथमिकता दिन्छन्। आखिर शिक्षा त्यस्तो प्रमुख साधन हो, जसले व्यक्ति र उसको परिवारलाई गरिबीबाट उकासेर समृद्धि र विकासतर्फ डोर्‍याउन सक्छ। शिक्षाको मूल्य सधैं निर्विवाद रहँदै आएको छ। तर शिक्षित बेरोजगारको बढ्दो संख्या, वैदेशिक रोजगारीतर्फको बढ्दो पलायन, सीमा बन्देज गर्ने नेपाली शिक्षा प्रणाली र शैक्षिक प्रमाणपत्रहरूको घट्दो मूल्यले नेपालमा शिक्षाबारे गम्भीर चिन्ता उत्पन्न गरेको छ।

### औपचारिक शिक्षा प्रणाली

चैतन्य मिश्रले आफ्नो लेख 'शैक्षिक संस्थाहरू र शैक्षिक राजनीति' मा नेपाली शिक्षा प्रणाली अत्यधिक औपचारिक प्रकृतिमा सीमित भई व्यक्तिको जीवन र समाजबाट टाढिएर रहेको उल्लेख गरेझैं केवल डिग्री वा प्रमाणपत्रमा सीमित शिक्षाले मानव क्षमताको पूर्ण अभिव्यक्ति र मूल्यवान् जीवन जिउने स्वतन्त्रता दिन सक्दैन।

औपचारिक शिक्षाको अभावले पनि केही व्यक्तिहरू लाभान्वित भएका अनेक उदाहरण छन्। आजको नेपाली समाज आर्थिक सुरक्षा र उच्च शिक्षाबीच द्विविधामा छ। नेपालभित्र उपयुक्त आर्थिक बजार नपाउँदा शिक्षित व्यक्तिहरूको निराशा बढ्दै गएको छ, जबकि कम औपचारिक शिक्षा भएकाहरू– चाहे वैदेशिक रोजगारीबाट होस् वा उच्च डिग्री नचाहिने कामबाट– आर्थिक सुरक्षा र सफलताको बाटो खोजिरहेका छन्। यद्यपि औपचारिक शिक्षाबिना नै कोही सफल भए पनि, उनीहरू आफ्ना सन्तानलाई औपचारिक शिक्षाबाट वञ्चित गर्न चाहँदैनन्।

नेपालमा शिक्षा– जुन विश्वभर प्रायः औपचारिक शिक्षाकै रूपमा रहेको छ– शिक्षक र पुस्तकमा सीमित छ। तर यसमा प्रायः वास्तविक र व्यावहारिक सत्यको अभाव हुन्छ, जसले बालबालिका र विद्यार्थीलाई सम्भावना र ज्ञानको साँघुरो क्षितिजमै सीमित गर्छ। समाज नै वास्तविकता र सत्यसँग डराएको जस्तो देखिन्छ, त्यसैले सानै उमेरदेखि बालबालिकालाई सीमाभित्र राखेर पढाउन खोजिन्छ। हामीलाई थाहा छ– वास्तविकतासँगको सम्पर्कबाट नै सिकाइ हुन्छ तर फेरि पनि हामी आफ्ना सन्तानलाई त्यसबाट टाढा राख्छौं। परिणामस्वरूप, सद्गुण र सफलताबारेको गलत धारणाले युवा मनलाई गलत बाटोतर्फ डोर्‍याउँछ, र जब उनीहरूले आफैं वास्तविकता बुझ्छन्, तब आफूलाई असफल र अड्किएको महसुस गर्छन्। हाम्रो औपचारिक शिक्षाले उपलब्धिको प्रमाणपत्र त दिन्छ, तर व्यक्तिलाई निश्चित, स्पष्ट, सुरक्षित र कर्ममा बलियो बनाउने गरी जीवन र समाजको स्पष्ट चित्र देखाउन असफल छ। हाम्रो शिक्षा प्रणालीले झूटा सद्गुण र ज्ञानको प्रमाणपत्र मात्र बेचिरहेको छ।

ज्ञानको स्वतन्त्रताबिना शिक्षा व्यर्थ हुन्छ र बालबालिकालाई ज्ञानको स्वतन्त्रता र वास्तविकताको सत्यबाट टाढा राख्दै, स्कुलका बेन्च र पुस्तकको साँघुरो क्षितिजमा सीमित गर्दै स्कुलिङले निरन्तर यही गल्ती दोहोर्‍याइरहेको छ। जब विद्यार्थी परिपक्व हुन्छन्, तब उनीहरू अज्ञानता, गलत प्रस्तुतीकरण र प्रतिबन्धको पर्दापछाडि लुकेको शिक्षालाई बोझका रूपमा महसुस गर्न थाल्छन् र आफ्नै क्षमतासँग जोडिन संघर्ष गर्छन्।

### चुनौतीहरू

शिक्षा राज्यको सबैभन्दा महत्त्वपूर्ण दायित्वहरूमध्ये एक हो– बाल्यकालदेखि नै जीवनमा सफल हुन सक्षम बनाउने। नेपालको संविधानले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गरे पनि, निजी र सरकारी संस्थाबीचको ठूलो खाडलका अभिभावकले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शिक्षामा खर्च व्यहोर्नुपरेको छ। शिक्षा केवल उपलब्ध र पहुँचयोग्य मात्र होइन, व्यावहारिक, अनुकूलनीय र गुणस्तरीय पनि हुनुपर्छ।

पाठ्यक्रम र सिलेबस यसरी बनाइएका छन् कि विद्यार्थीले एकैचोटि सबै विषयमा विशेषज्ञ हुनुपर्ने दबाब हुन्छ, जसले शैक्षिक पाठ्यक्रमभन्दा बाहिरको ज्ञान, सूचना र अनुभव आर्जन गर्ने अवसरबाट वञ्चित गर्छ। नेपालमा यस्तो भ्रम छ कि शिक्षित व्यक्ति भनेको 'उच्च पद' को काममै हुनुपर्छ, जबकि शिक्षा मूलतः दृष्टिकोण र बुझाइ सुधार्ने प्रक्रिया हो। यस संस्कृतिले व्यक्तिलाई कुनै पनि प्रकारको काममा संलग्न हुने स्वतन्त्रताबाट वञ्चित गर्न सक्छ।

शिक्षाको निजीकरण र राजनीतीकरण नेपालका शिक्षा प्रणालीका अरू ठूला चुनौतीहरू हुन्। शिक्षक र विद्यार्थीको राजनीति शिक्षाको गुणस्तर अभिवृद्धितर्फ केन्द्रित हुनुपर्छ, न कि मूलधार राजनीतिको पछि लागेर शक्ति र पदको संघर्षतर्फ। शिक्षाको राजनीतीकरणले राजनीतिक दल र नेताहरूलाई मात्र फाइदा पुर्‍याएको छ– विद्यार्थी, शिक्षक र शैक्षिक संस्थामाथि नियन्त्रण र प्रभुत्व जमाउने माध्यमका रूपमा। तर शिक्षा र विद्यार्थी यस्ता नियन्त्रणबाट सबैभन्दा स्वतन्त्र हुनुपर्छ।

### सुरक्षा रूपमा शिक्षा

के नेपालमा शिक्षाले साँच्चिकै सक्षम र जिम्मेवार नागरिक तयार गरिरहेको छ, कि लुकेका विकृति, गलत प्रस्तुतीकरण, विचारधारा, वर्गीय स्वार्थ, सीमित जानकारी, विचार, मूल्य, अनुभव र दृष्टिकोण मात्र थोपरिरहेको छ ? नेपालमा शिक्षाले प्रायः सफलभन्दा बढी दुःखी विद्यार्थी उत्पादन गरिरहेको देखिन्छ। दुःखी व्यक्ति कहिलेकाहीँ मात्र दुःखविरुद्ध लड्ने इच्छाका कारण सफल हुन्छन्। विद्यालयहरूले बालबालिकाको चाहनाबारे पर्याप्त बुझाइ राखेका छैनन्। अभिभावक र विद्यालयले शिक्षाको नाममा सानै उमेरदेखि अनावश्यक दबाब सिर्जना गर्दै बालबालिकालाई बाँध्ने र सीमित गर्ने काम गरिरहेका छन्। शिक्षा अझै पनि पुरानो धारणामा आधारित छ, जहाँ स्मरणशक्तिको अत्यधिक पीडा र परीक्षाकेन्द्रित अनावश्यक कठोर दबाब बालबालिकाको मनमा हालिन्छ।

शिक्षाले विद्यार्थीलाई आफ्ना काम र निर्णयप्रति निश्चित र सुरक्षित बनाउनुपर्छ– ताकि उनीहरूको ज्ञान र प्रज्ञा जीवनका अवसर र परिणामहरूको कुञ्जी बनोस् र उनीहरू राज्यशक्तिविरुद्ध व्यक्तिको गरिमा जोगाउन 'जिम्मेवार उपस्थिति' जनाउन सक्ने हुनुपर्छ। शिक्षा यस्तो संयन्त्र हुन हुँदैन, जसले बुझाइ र चेतनाको क्षितिज साँघुरो पारेर व्यक्तिलाई शक्ति र हैसियतमा पूर्ण रूपमा निर्भर बनाओस्, जसले आत्ममूल्यन र आत्मसम्मान कमजोर बनाओस्। त्यसैले औपचारिक शिक्षा सीमाबद्धता र प्रतिबन्धको साधन बन्नु हुँदैन। नत्र, यसले फाइदाभन्दा बढी हानि पुर्‍याउनेछ।

### अबको बाटो

जेन-जी आन्दोलन र जेन-जीका मागहरूको कुरा गरिरहँदा शिक्षाको कुरा मुख्य केन्द्रबिन्दुमा नआउनु निराशाजनक छ। जुन शिक्षा प्रणाली छ, तीनले युवाहरूलाई उचित तरिकाले खारिरहेको छ वा छैन, उचित बाटोमा पुर्‍याइरहेको छ वा छैन जस्ता पक्षको मूल्यांकन हुन जरुरी छ। जेन-जी आन्दोलन राजनीतिक समस्याका कारणले भएको जस्तो देखिए तापनि यस आन्दोलनको मर्म युवाहरूको आर्थिक सुरक्षा, विकास उन्मुख पठन संस्कृति, नैराश्यताभन्दा माथि उठेर जीवनलाई हेर्न सक्ने अनुभूति, नयाँ अनुभवहरूबाट सिक्न र जीवनलाई नियाल्न सक्ने सबैलाई समान अवसरहरू जस्ता पक्षहरू रहेका छन्। पुँजीवाद बजार, सामाजिक र पारिवारिक दबाबहरूले युवाको बाटो संकुचित बनाएर अनावश्यक किसिमले नचाहिँदो महत्त्वाकांक्षा, खोक्रो र चाँडो सफलताको माग र व्यक्तिगत सीमितता जस्ता विषयले युवाहरूलाई नैराश्यतातिर धकलिरहेको छ।



# पत्रकारिता, सञ्जाल र प्रविधिप्रति दलीय दृष्टि



लेखनाथ पाण्डे

(त्रिभुवन विश्वविद्यालयमा पत्रकारिताका उपप्राध्यापक पाण्डे पत्रकारिता, प्रविधि र सञ्चारसम्बन्धी अनुसन्धाता हुन्)

**(२१ फागुनको निर्वाचनका लागि उम्मेदवारहरू आफ्नो घोषणापत्र लिएर जनतासमक्ष पुगिरहेका छन् । उनीहरू आफ्नो एजेन्डा सुनाइरहेका छन् । यतिबेला कान्तिपुरले भने जनताको एजेन्डा दल र उम्मेदवारलाई सुनाउनका लागि विशेष शृंखला 'कान्तिपुर विमर्श : नागरिक घोषणापत्र' सुरु गर्दै छ । तपाईंहरूले पनि खास क्षेत्रमा केन्द्रित रहेर यस शृंखलाका लागि घोषणापत्र लेख्न सक्नु हुनेछ । तथ्य, तथ्यांक र तर्कयुक्त घोषणापत्रलाई हामी स्थान दिनेछौं ।)**



चुनावमा होमिएका दलहरूसँग सामान्यतः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालगायत मौलिक अधिकारका सवालमा आशंका गर्नु पर्दैन । लोकतन्त्रका आधारभूत मूल्य-मान्यता आत्मसात् गर्ने भएकाले दलहरू निर्वाचनमा संलग्न भएको मानिन्छ । तिनमा लोकतान्त्रिक प्रतिबद्धता र आत्मा हुने विश्वास गरिन्छ ।

विश्वासको जग भने सधैं भरपर्दो हुँदैन । पछिल्ला वर्षहरूमा निर्वाचित शासकबाट नै मौलिक हकमाथि प्रहार भएका छन् । 'हाउ डिमोक्रेसी डाइज' पुस्तकमा हार्वर्ड विश्वविद्यालयका प्राध्यापकद्वय ड्यानियल जिब्लाट र स्टेभेन लेभित्स्की लेख्छन्, 'लोकतन्त्र सत्तापलट वा सैन्य 'कु' बाट मात्रै गुम्दैन । चुनावमार्फत उदाएका शासकबाट पनि उत्तिकै जोखिम छ । तिनले कानुनी आडमा तथा प्रणालीभित्रैबाट लोकतान्त्रिक संस्थाहरूमाथि धावा बोल्छन् ।' अमेरिका, भारत, टर्की तथा रुस यसका जिताजागता उदाहरण हुन् ।

इतिहास कोट्याउने हो भने, प्रथम विश्वयुद्धका क्रममा जर्मनीमाथि भएको अपमान तथा विश्वव्यापी आर्थिक मन्दीको जगमा एडोल्फ हिटलर चुनावमार्फत सत्तामा उदाए । तर, सत्तामा पुगेपश्चात् हिटलरले प्रेस तथा नागरिक अभिव्यक्तिमाथि अंकुश मात्रै लगाएनन्, सारा युरोपलाई युद्धमा घँचेटे । लोकप्रिय नेताको छवि बनाएका उनी कसरी खलनायकका रूपमा निन्दित हुन पुगे ? त्यो बुझ्न विलियम सिरेको 'राइज एन्ड फल अफ दि थर्ड रिच' पुस्तक पढ्न सकिन्छ । जर्मनीको जस्तो मजबुत संस्थाहरू पनि हिटलरका महत्त्वाकांक्षा र मनोमानीसामु निरीह बन्न पुग्यो ।

प्रस्तुत आलेखमा २०८२ भदौको युवा प्रदर्शन, त्यसको उत्प्रेरकका रूपमा सामाजिक सञ्जालमाथि प्रतिबन्ध, राज्य र नागरिकबीचको सामाजिक सम्झौता (सोसल कन्ट्र्याक्ट) मा प्रविधिको बढ्दो प्रभावमाथि चर्चा गरिनेछ । साथै, दलहरूले आसन्न चुनावका दौरान मिथ्या सामग्री तथा भाष्यको बोझ न्यून गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न कस्तो दृष्टिकोण राख्नुपर्छ र किन भन्ने विषयमा विमर्श गरिनेछ ।

### नयाप्रति आकर्षण र संशय

भदौमा नवयुवाको प्रदर्शन तथा विध्वंसलगत्तै देशमा के होला, संविधान र व्यवस्था बच्ला कि नबच्ला, राष्ट्रकै भविष्य के होला ? भन्नेजस्ता अन्योल र संशय व्याप्त थियो । यतिबेला हामी चुनावी चाडमा आइपुगेका छौं । फागुन २१ मा निर्धारित निर्वाचन सफल भएसँगै राजनीतिक अन्योल क्रमशः सलिँदै जानेछ । चुनावी माहोल तात्दै गर्दा राज्य तथा व्यवस्थामाथि मडारिएका बादलमा चाँदीको घेरा देखिनु सुखद पक्ष हो । यद्यपि, कतिपय प्रश्न र संशय यथावतै छन् ।

देशमा स्थायित्व, लोकतन्त्र, सुशासन, आर्थिक उन्नति, राज्यमा युवा सहभागितालगायत मुद्दा कसरी सम्बोधन भन्ने प्रश्न यत्तिकै छ । चुनावी परिणाम एवं त्यसपश्चात् बन्ने राजनीतिक समीकरणबाट मात्रै यसको आकलन गर्न सकिन्छ ।

परिस्थिति अझै तरल र संवेदनशील छ । दलीयकरण तथा भ्रष्टाचारका कारण संस्थाहरू कमजोर छन् । स्थापित दल तथा राज्य प्रणालीप्रति जनतामा वितृष्णा छ । तिनका 'ट्र्याक रेकर्ड' र 'डेलिभरी' बिर्सन लायक छन् ।

प्रियतावादी उभारका लागि यस्तो पृष्ठभूमि उर्वर मैदान बन्छ । सामाजिक सञ्जाल, हाम्रा इच्छा तत्क्षण पूरा गरिदिने डिजिटल प्रविधि एवं सेवाका कारण मानिसमा अधिरताले गाँजेको छ । यस्तो परिस्थितिमा कुनै 'स्ट्रङम्यान' (निरंकुश शासक) को उदय तथा संस्थाहरूमाथि नियन्त्रण गर्ने जोखिम पनि उत्तिकै हुन्छ । भलै, नेपालमा यस्ता प्रयत्न नहोला ।

नवयुवाको विद्रोहपश्चात् हुन गइरहेको निर्वाचनले राजनीतिक शक्ति सन्तुलनमै उलटफेर गर्न सक्छ । चुनावमार्फत नवीन शक्ति उदय हुने सम्भावना पनि छ । नयाँ व्यक्ति र शक्तिप्रति एक प्रकारको आकर्षण हुनुका साथै संशय पनि रहन्छ । ती सत्तासीन भएपश्चात् लोकतन्त्रका मूल्य-मान्यता आत्मसात् गर्छन् वा त्यसमाथि धावा बोल्छन् ? यो जहिल्यै पेचिलो प्रश्न बन्ने गर्छ ।

उदीयमान शक्तिहरू सार्वजनिक डेलिभरीमा खरो उत्रिँदा सर्वत्र जयजयकार हुनेछ । यसले बाँकी राजनीतिक शक्तिलाई कि सुध्रिन दबाब दिन्छ कि सक्किन मद्दत गर्छ । तर, नवीन शक्ति स्वयं लोकतान्त्रिक मूल्य र डेलिभरीमा चुक्दा भने जसरी तिनको उदय भएको हुन्छ, उसै गतिमा ओरालो लाग्नेछ । उदाहरण खोज्न अन्त जानु पर्दैन, सशस्त्र विद्रोह हुँदै राजनीतिक मूलधारमा मिसिएको पूर्वमाओवादीलाई स्मरण गर्दा पुग्छ ।

अन्योलग्रस्त वर्तमान र भयग्रस्त भविष्य भएका समाजले इतिहासलाई बारबार सम्झन्छ । हामीकहाँ पनि इतिहासका कैयौं पात्रलाई ऐनमौकामा स्मरण गर्ने गरिन्छ, चाहे ती नायक हुन् या खलनायक, लोकतान्त्रिक हुन् या निरंकुश । कैयौंले आजपर्यन्त जंगबहादुर खोजी गर्नु त्यसैको नतिजा हो । भलै, नेपाल र नेपालीले उहिल्यै जंगबहादुर देखेका, भोगेका हुन् ।

### डिजिटल गभर्नेन्सको खाका

दलहरूले चुनावी वाचा र घोषणापत्र सार्वजनिक गरिसके । विगतमा झैं समृद्धि र परिवर्तनका फोस्रा गफ दिएर अब जनता आश्वस्त हुने अवस्था छैन । दलहरूले निश्चित कार्यतालिकासहित सुशासन, नीतिगत रूपान्तरण, रोजगारी सिर्जना तथा संविधानप्रदत्त मौलिक अधिकार कसरी सुनिश्चित गरिन्छ भन्ने विषयमा 'ब्लुप्रिन्ट' नै सार्वजनिक गर्नुपर्छ । साथै, नयाँ-पुराना, प्रत्येक दलले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासहित समग्र लोकतान्त्रिक व्यवस्थाप्रति तिनका दृष्टिकोण र प्रतिबद्धता प्रस्ट पार्नु जरुरी छ ।

नवयुवाको प्रदर्शनको एउटा मुख्य उत्प्रेरक कानुनी प्रक्रियाबिना सामाजिक सञ्जाल हठात् बन्द गर्नु पनि थियो । जसरी सामाजिक सञ्जाल र भर्चुअल मञ्चहरू राजनीतिक हतियार तथा सामाजिक घृणाका लागि दुरुपयोग भएका छन्, यसमा नियमन जरुरी छ । तर, यस्ता प्रयास लोकतान्त्रिक विधिबमोजिम हुनुपर्छ ।

प्रतिस्पर्धी दलहरूले सञ्जालमार्फत डढेलोझैं फैलिने भ्रामक र मिथ्या सूचना नियन्त्रणका सन्दर्भमा पनि कोरा वाचा गरेर पुग्दैन । बरु, आमनागरिक र मतदातालाई भ्रमपूर्ण र मिथ्या सूचनाबाट कसरी जोगाउन सकिन्छ भन्नेबारे एउटा डिजिटल गभर्नेन्सको खाका नै अघि सार्नुपर्छ । दलहरू स्वयंले पनि मित्था सूचनाको उत्पादन, प्रवर्द्धन र खपतविरुद्ध खरो रूपमा उत्रिनुपर्छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता उदार लोकतन्त्रको आत्मा हो । आलोचना, असहमति, खबरदारी, असहमति र वैकल्पिक विचारले नै लोकतन्त्र मजबुत र परिस्कृत बन्दै जान्छ । तर, राज्य, शक्ति वा स्वार्थ समूहले अक्सर भिन्न विचार र आलोचना रुचाउँदैनन् । निर्वाचनका दौरान कतिपय दलले फरक पार्टी, उम्मेदवार तथा समर्थकका विचारप्रति सामाजिक सञ्जालमा असहमति मात्रै प्रकट भएका छैनन्, भ्रामक सामग्री र भाष्यसहित 'ट्रोल' गर्ने प्रवृत्ति बढ्दो छ ।

समग्रमा निर्वाचन अभियान नै 'मायावी' बन्दै छ, जसमा कृत्रिम बौद्धिकता (एआई) सिर्जित सामग्रीले मिथ्या र भ्रम चिर्नेभन्दा बढाउने काम गरेका छन् । जनता र दलीय प्रतिनिधिबीच प्रत्यक्ष संवाद छैन, एकतर्फी सञ्चार देखिन्छ । प्रतिस्पर्धी दल तथा उम्मेदवारबीच पनि बहस र विमर्श कम छ, आरोप-प्रत्यारोप ज्यादा देखिन्छ ।

निर्वाचन आचारसंहिता तथा केही प्रतिस्पर्धी दलले चुनावी अभियानका क्रममा विपक्षीविरुद्ध निसाना साध्न निरुत्साहित गरेका छन् । सामाजिक, आर्थिक तथा राजनीतिक चुनौती, भावी कार्यदिशा, जनसरोकारका विषयजस्ता मुद्दाकेन्द्रित बहस एकदमै फिका देखिन्छ । सञ्जालमा मात्रै होइन, समग्र सार्वजनिक बहस विषाक्त बन्न पुगेको छ । र, यसमा निर्वाचनमा प्रतिस्पर्धी दल तथा नेता-कार्यकर्ता स्वयं संलग्न छन्- कतिपय प्रत्यक्ष भिडेका छन्, कतिपय छद्म पहिचानसहित । यस्ता अभ्यासले सम्बन्धित उम्मेदवार वा दललाई क्षणिक रूपमा फाइदा पुग्ला तर समग्र सूचना इकोसिस्टम, सार्वजनिक बहस र लोकतान्त्रिक प्रतिस्पर्धालाई नै कमजोर बनाउँछ ।

**कान्तिपुर विमर्श : घोषणापत्र**

> प्रश्नले नै हो- लोकतन्त्र जोगाउने । यसर्थ पत्रकारिता, अभिव्यक्ति स्वतन्त्रता, सार्वजनिक मञ्च र सामाजिक सञ्जालको विशाल मञ्चमा कस्ता विमर्शलाई प्रश्रय दिने भन्ने स्पष्ट धारणा दलहरूबाट आउनुपर्छ

आजका दिनमा सामाजिक सञ्जाल एउटा सार्वजनिक मञ्च बन्न पुगेको छ, जहाँ आममानिसले विचार, दृष्टिकोण र असहमति राख्न सक्छन्, सरोकारवालासम्म आफ्ना आवाज पुर्‍याउन सक्छन् ।

तर, आग्रह र दुराग्रह प्रेरित बहसले आलोचक तथा भिन्न मतलाई विरोधी तथा अपराधीकै कित्तामा राख्ने प्रयत्न भएको देखिन्छ । कैयौं व्यक्तिमाथि साइबर आक्रमणको निसाना साधिएको छ, कतिपय डिजिटल बहिष्करणमा पारेका छन् र कैयौंसँग प्रतिशोध साधिएको छ ।

सञ्जालमा जसका पछुवा (फलोअर्स) अत्यधिक छन्, जससँग साइबर सेना छन्, तिनलाई प्रयोग गरी फरक-मतको तेजोबध गर्ने प्रयास प्रतिस्पर्धी राजनीतिक शक्ति र तिनका नेता-कार्यकर्ताले गरिरहेका छन् । यस्ता प्रवृत्तिले सामाजिक सञ्जाल एउटा प्रभावकारी सार्वजनिक मञ्च बन्नुको सट्टा राजनीतिक वा स्वार्थ समूहको औजार बन्न पुगेको छ ।

समग्रमा सार्वजनिक मञ्चमा स्वच्छ, पूर्वाग्रहरहित र आलोचनात्मक चेतसहितको बहसले प्रश्रय पाएको छैन । बरु, प्रचलित भाष्य (डोमिनेन्ट न्यारेटिभ) र मूलधारका आवाज प्रतिध्वनित भइरहेको छ । यस्तो 'इकोचेम्बर' ले सुशासन, समानता, समान पहुँच तथा प्रभावकारी लोकतन्त्रका लागि भाँजो हाल्ने काम गर्छ ।

### प्रविधिको भूमिकामा पुनःपरिभाषा जरुरी

सामाजिक सञ्जाल र समग्र डिजिटल प्रविधि विचार तथा अभिव्यक्ति राख्ने मञ्चका रूपमा मात्रै सीमित छैन । यी सञ्जाल र प्रविधि राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, भूराजनीति चुनौती तथा सार्वभौमसत्ताका सवालमा जबरदस्त 'फ्याक्टर' का रूपमा उदाएका छन् । सामाजिक सम्झौताको सिद्धान्तअनुसार, राज्य र जनताबीचको करार त्यसरी भएको हुन्छ, जसमा नागरिकले आफ्ना निःसृत अधिकार राज्यलाई सुम्पेर, राज्यबाट शान्ति तथा सुरक्षाको प्रत्याभूति चाहन्छन् ।

अब राज्य र नागरिकबीचको सामाजिक सम्झौतामा सञ्जाल र डिजिटल प्रविधि तेस्रो पक्षका रूपमा सामुन्ने आएको छ । नागरिकले राज्यबाट सुरक्षा लिने अनि त्यसको बदलामा राज्यलाई कर बुझाउने प्रक्रियामा मात्रै होइन, नागरिकका सामाजिक सम्बन्ध, आर्थिक कारोबार र सुरक्षामा पनि प्रविधि घुसेको छ । यसबाट राज्य र नागरिकबीचको सामाजिक करारको परम्परागत अवधारणामा नै आमूल परिवर्तन ल्याएको छ । अन्यथा, सन् २०१६ को अमेरिकी राष्ट्रपतीय निर्वाचन, ब्रेक्जिट, 'अरब स्प्रिङ', विभिन्न देशका रंगीन क्रान्ति र हाल नेपाललगायत कैयौं मुलुकमा भएका जेन-जी प्रदर्शनमा डिजिटल प्रविधि र सामाजिक सञ्जाल जबरदस्त आयाम बन्ने थिएन ।

नेपाल सूचना प्रविधिको अन्वेषक होइन, उपभोक्ता हो । यसर्थ, सूचना प्रविधि नियमनका कतिपय पक्ष हाम्रा पहुँच र सामर्थ्यभन्दा पर छ । तैपनि राज्य र नागरिकबीचको सम्बन्धमा सूचना प्रविधिको भूमिकालाई पुनःपरिभाषित गर्नुपर्ने देखिन्छ ।

प्रविधिलाई सही र सुरक्षित उपयोग तथा नियमन गर्नुपर्नेछ । रोजगारी सिर्जना, आर्थिक उन्नति, ज्ञान उत्पादन तथा वितरण र राष्ट्रको समग्र रूपान्तरणका लागि प्रविधिको उपयोग र खपत जरुरी छ । यद्यपि यो व्यक्ति, नेता वा दल विशेषले ठेक्का लिने विषय होइन । सम्पूर्ण राजनीतिक शक्ति र साझा राष्ट्रिय संकल्पबाट मात्रै यो सम्भव देखिन्छ ।

दलहरूले चुनावी अभियानमा यस्ता मुद्दाप्रति बहस छेड्नुपर्ने हो । तर, प्रश्नचाहिँ के भने कतै हामी प्रविधिलाई चुनावी रणनीति र दाउपेचका निम्ति मात्रै सीमित गरिरहेका त छैनौं ?

### पत्रकारिता र छद्म राजनीति

निर्वाचनका बेला सामाजिक सञ्जाल मात्रै होइन, पत्रकारिता स्वयं 'पलिटिक्स इन डिस्गाइज' (छद्म राजनीति) जस्तो देखिन थालेको छ । र, कतिपय मिडियाका चुनावी 'कभरेज' दलीय प्रचार । संयन्त्रभन्दा भिन्न देखिन मुस्किल छ, भलै कैयौंमा यो टड्कारो देखिन्न । यद्यपि बफादारी पत्रकारिताको जोखिम के भने तिनले आफू मात्रै होइन, तिनबाट लाभान्वित दल तथा उम्मेदवार स्वयंलाई 'एक्स्पोज' गर्न सक्छ ।

पत्रकारितामा यस्तो प्रवृत्ति नयाँ होइन । यसका तन्तु २०३६ ताका जनमतसंग्रहकालीन मिसन पत्रकारिता र त्यसअघि २००७ लगत्तैका गुटगत पत्रकारितासम्म जोडिन्छ । यस्ता अभ्यासले पत्रकारिता र चौथो अंगमाथि खस्कँदो जनविश्वास झन् कमजोर तुल्याउँछ । अब पनि विगतका कमजोरीको सिरानी हालेर उही उपक्रम दोहोर्‍याउने वा पेसागत धर्म र लोकतान्त्रिक मूल्यअनुरूप पत्रकारितालाई रूपान्तरण गर्ने ?

पेसागत ट्रेड युनियनमा जोडिनु श्रमजीवी सञ्चारकर्मीका संविधानप्रदत्त अधिकार हो । तर, हामीकहाँ ट्रेड युनियनका नाममा सर्वत्र दलीयकरण व्याप्त छ । विगतमा सत्तासीन दलबाटै पत्रकारलाई प्रधानमन्त्री निवासमा विचारको शपथ खुवाएर पत्रकार तथा पत्रकारिता पेसाको हुर्मत लिने काम भयो । नयाँ र उदीयमान भनिएका दलहरूका यस्ता संगठन देखिँदैन, तर तिनका पक्षमा वकालत गर्ने सञ्चारमाध्यम र सञ्चारकर्मीको खडेरी देखिन्न । कतिपय छद्म रूपमा क्रियाशील छन्, कैयौं खुला र उग्र रूपमा प्रस्तुत छन्, जुन पत्रकारिताका लागि दुर्भाग्यपूर्ण हो ।

सञ्चारकर्मी वा तिनका संगठन मात्रै होइनन्, राज्यको सञ्चारसँग सम्बन्धित संरचनाहरूमा पनि दलीयकरण व्याप्त छ । प्रेस काउन्सिल नेपाल, पारिश्रमिक निर्धारण आयोग, पत्रकारिता क्षेत्रका सुधार/सुझावका लागि गठित समिति एवं आयोगहरू सबै प्रायः दलीय दलदलमा फसेका छन् । अझ, प्रतिस्पर्धा र मेरिटका जामा लगाएर दलीयकरणलाई संस्थागत गरिएका छन् ।

ट्रेड युनियनका नाममा पत्रकारहरूलाई दलीय दाम्लोमा नबाँध्ने हो भने पत्रकारिता पेसा व्यावसायिक एवं दल, नेता तथा स्वार्थ समूहमुखी बन्नबाट जोगाएर मुद्दाकेन्द्रित बनाउन सहयोग पुग्नेछ । अब पत्रकारिता जगत्लाई सत्ता, संगठन र नेता विशेषका प्रचार औजार बनाउने कि राज्यको चौथो अंगका रूपमा एउटा विशिष्ट, रचनात्मक र आलोचनात्मक सार्वजनिक मञ्चका रूपमा रूपान्तरण गर्ने भन्नेबारेमा पनि दलहरूले प्रस्ट पार्न जरुरी छ ।

### पत्रकारिता र लोकतन्त्र परिपूरक

लोकतन्त्र र स्वतन्त्र पत्रकारिता एकअर्काका परिपूरक हुन् । एक नहुँदा अर्को बाँच्न सक्तैन । प्रश्नले नै हो, पत्रकारितालाई जीवित राख्ने । प्रश्नले नै हो, लोकतन्त्र जोगाउने । यसर्थ, दलहरूले पत्रकारिता, अभिव्यक्ति स्वतन्त्रता, सार्वजनिक मञ्च र सामाजिक सञ्जालको विशाल मञ्चमा कस्ता विमर्शलाई प्रश्रय दिने भन्ने स्पष्ट धारणा आउनुपर्छ ।

तर, पत्रकारितालाई राज्यको 'चौथो अंग' का रूपमा स्विकार्छौं भनेर भाषण गरेर पुग्दैन । डिजिटल प्रविधि र एआईको दौडमा मिथ्या सूचनासँग लड्दै पत्रकारितालाई कसरी सशक्त अनि प्रभावकारी बनाउन सकिन्छ भन्ने राजनीतिक प्रतिबद्धता सार्वजनिक गर्नु उपर्युक्त हुन्छ ।

पत्रकारिता आर्थिक, राजनीतिक रूपमा स्वतन्त्र अनि सशक्त हुन नसक्दासम्म त्यो राज्य, कर्पोरेट र अन्य स्वार्थ समूहको गोटी बन्ने जोखिम उत्तिकै रहन्छ । तसर्थ, मिडियाको आर्थिक स्वास्थ्यको सन्दर्भमा पनि दलीय दृष्टिकोण प्रस्ट हुनुपर्छ ।

सार्वजनिक सूचना तथा दस्तावेजमा नागरिकको सहज पहुँच, राज्यका निकायबाट सहज, पारदर्शी एवं नियमित रूपमा सूचना प्रवाहलगायत मुद्दामा समेत दलीय दृष्टिकोण प्रस्ट हुनुपर्छ । २०४६ यता भ्रष्टाचार र नीतिगत घोटालासम्बन्धी सयौं सरकारी दस्तावेज एवं अनुसन्धान प्रतिवेदनहरू आजपर्यन्त गोप्य राखिएका छन् । लोकतान्त्रिक पद्धति र सूचना प्रविधिको युगमा सार्वजनिक दस्तावेजमा नागरिक र सञ्चारकर्मीको पहुँच झन् सहज हुनुपर्ने हो ।

जनसाधारण एकातर्फ सामाजिक सञ्जालमार्फत अनावश्यक सूचना बोझले थिचिएका छन्, अर्कोतिर तिनका वैयक्तिक एवं सार्वजनिक चासोका सूचना प्राप्त गर्न अनेकौं सास्ती बेहोर्नु परिरहेको छ । राष्ट्रिय सूचना आयोगका वार्षिक प्रतिवेदन केलाउँदा आमनागरिकले सामान्य सूचनाका लागि राज्यका विभिन्न निकायबाट कुन तहको झमेला खेप्नुपरेको छ भन्ने छर्लंग हुन्छ ।

यसर्थ, नागरिकका सूचनाको हकका व्यवस्था संविधानका धारामा मात्रै होइन, राज्य र राज्य सञ्चालन गर्ने राजनीतिक दलहरूको घोषणा, वाचा र व्यवहारमार्फत पनि सुनिश्चित हुनुपर्छ । साथै, लोकतन्त्रमा प्रतिस्पर्धी दल तथा जनताले शान्तिपूर्ण प्रदर्शन, धर्ना, सभा र विरोधका कार्यक्रमलाई अधिकारका रूपमा आत्मसात् गर्न सक्नुपर्छ । दलहरूले गोपनीयता, अभिव्यक्ति स्वतन्त्रताजस्ता मौलिक हकको बर्खिलाप हुने गरी 'डिजिटल सर्भिलेन्स' र सेन्सरसिपका सम्बन्धमा पनि दृष्टिकोण स्पष्ट पार्नुपर्छ ।

### उपसंहार

निष्कर्षमा, नेपाली राजनीतिक सञ्चार भाषण, घरदैलो, आमसभा एवं परम्परागत सञ्चारमाध्यमबाट सामाजिक सञ्जालमा स्थानान्तरण भएको छ । डिजिटल सञ्जाल एक सशक्त सार्वजनिक मञ्च बनेको छ, जहाँ तथ्य र तर्क मात्रै होइन, भ्रम र मिथ्याको पनि बाढी छ ।

राजनीतिक प्रतिस्पर्धा र संघर्ष- सडक, सदन वा सत्तामा मात्रै होइन, सामाजिक सञ्जालमा पनि थिग्रिन थालेको छ । अत्यधिक सूचना-बोझ र मिथ्या सामग्रीको मिश्रणले सार्वजनिक बहस दिग्भ्रमित र विषाक्त बन्न पुगेको छ, जसले गर्दा तर्क र तथ्य ओझेल पर्ने अनि कथन (न्यारेटिभ) बिक्न थालेको छ । जसले सामाजिक सञ्जाल नियन्त्रण गर्छ, उसले नागरिक चेतना, मनोविज्ञान र विवेकलाई नियन्त्रण गर्ने अवस्था छ । एआई तथा डिपफेक सामग्रीले परम्परागत जवाफदेहिताका आधार भत्काएका छन्, जसकारण दोषीहरू प्रविधिलाई औंल्याएर सजिलै उम्किन सक्ने र निर्दोषहरू अपमानित र पीडित बन्ने अवस्था छ ।

यस्तो परिस्थितिमा दलहरूले सार्वजनिक बहसलाई स्वच्छ, तार्किक र विवेकसम्मत बनाउन, प्रविधि तथा सञ्जाललाई राष्ट्रको आर्थिक तथा सामाजिक रूपान्तरणमा उपयोग गर्न तथा यसका चुनौती एवं दुरुपयोग रोक्न फोस्रा भाषण होइन, ठीक कार्ययोजना प्रस्तुत गर्नुपर्छ । साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्ने खाका अघि सार्नुपर्छ ताकि नागरिकले प्रतिस्पर्धी दलहरूको लोकतान्त्रिक प्रतिबद्धता, गति अनि मतिबारे पूर्वानुमान लगाउन सकून् ।

# घोषणापत्रमा आन्तरिक बाल बेचबिखनका मुद्दा



रक्षा ओझा

नेपालमा मानव बेचबिखनको चर्चा हुँदा हामी यसलाई सीमापार हुने अपराध, महिला तथा बालबालिकासँग मात्रै जोडिएको सामाजिक समस्याका रूपमा हेर्छौं । तर, पछिल्ला वर्षमा देखिएको वास्तविकता फरक छ । आजको समयमा मानव बेचबिखन (खासगरी आन्तरिक मानव बेचबिखन) नेपालको अर्थतन्त्र, श्रम बजार, सहरीकरण र राज्यको शासन क्षमतासँग गहिरोसँग गाँसिएको राष्ट्रिय मुद्दा बनिसकेको छ । त्यसैले यो विषय राजनीतिक दलका घोषणापत्रमा लगभग आउनुपर्छ भन्ने मान्यता यस क्षेत्रमा काम गर्नेहरूको छ । १८ वर्षमुनिका बालबालिकाको बेचबिखन पनि बढेर गएको छ ।

राजनीतिक दलका घोषणापत्रहरूमा 'रोजगारी', 'महिला सशक्तीकरण', 'युवा अवसर', 'समृद्धि' जस्ता शब्द प्रशस्त भेटिन्छन् । तर, मानव बेचबिखनजस्ता शब्द स्पष्ट उल्लेख गरिएको विरलै देखिन्छ । यसको अर्थ के हो ? यसको अर्थ हो- अझै पनि दलहरू मानव बेचबिखनलाई गैरसरकारी संस्थाहरूको एजेन्डाका रूपमा हेर्छन्, राज्यको केन्द्रीय राजनीतिक मुद्दाका रूपमा होइन । जबसम्म यो सोच परिवर्तन हुँदैन तबसम्म यस्ता विषयले केही नारा र मुद्दा पाउँछ तर समस्याको जड समाधान हुँदैन । साथै यो विषय राजनीतिक प्राथमिकतामा नपरेको भन्ने स्पष्ट संकेत पनि हो । जसरी रोजगारी, विकास र समृद्धिका नारा प्रस्तुत गरिन्छन्, त्यही संरचनाभित्र मानव बेचबिखन पनि उत्पादन भइरहेको हुन्छ भन्ने यथार्थलाई दलहरूले बुझ्न नसकेजस्तो देखिन्छ ।

### आन्तरिक मानव बेचबिखन : राज्य असफलताको संकेत

नेपालमा मानव बेचबिखन अब केवल सीमापार गराएर हुने अपराधमा सीमित छैन । ग्रामीण भेगबाट सहरतर्फ रोजगारी, शिक्षा वा 'अवसर' का नाममा हुने आन्तरिक स्थानान्तरणले घरेलु काम, निर्माण, होटल-रेस्टुरेन्ट, मनोरञ्जन क्षेत्र, इँटाभट्टा तथा अनौपचारिक श्रम बजारमा श्रमिकहरूको शोषणलाई संस्थागत बनाइरहेको छ । बालबालिका, किशोरी, युवा-महिला, सीमान्तकृत समुदायका बालबालिका तथा युवाहरू यस चक्रको केन्द्रमा छन् । झन् बढ्दो प्रविधिकै कारण सामाजिक सञ्जाल वा अन्य डिजिटल माध्यमबाट सहरी किशोरकिशोरी पनि पीडित भएका उजुरी पर्न थालेका छन् ।

आजको मानव बेचबिखन पहिले-पहिले जस्तो देखिने 'जबर्जस्ती लगियो' भन्ने घटनामा मात्रै सीमित छैन । यसको स्वरूप क्रमशः सहमतिझैं देखिने, तर गहिरो शोषणमा आधारित बन्दै गएको छ । 'कामको अवसर', 'तालिम', 'मोडलिङ', 'डान्स', 'होस्टेस', 'घरेलु काम' जस्ता शब्दहरू प्रयोग गरेर युवालाई सहरभित्रै आकर्षित गरिन्छ, जहाँ उनीहरूलाई सामाजिक वा कानुनी सुरक्षाबिनाको अनौपचारिक श्रम बजारमा लिएर गइन्छ । डिजिटल माध्यम, सामाजिक सञ्जाल र मोबाइल प्रविधिको प्रयोगले बिचौलिया र पीडितबीचको दूरी घटाएको छ । समस्या र सम्भावित जोखिम पहिचान अझ कठिन बनेको छ । र, बेचबिखनको प्रक्रिया झन् छिटो अनि चुस्त बन्दै गएको छ । हात-हात भएको मोबाइल नै बेचबिखनको माध्यम बनेको छ । यसले देखाउँछ- मानव बेचबिखन अब केवल अपराधको प्रश्न होइन, राज्यको नियमन क्षमता र प्रविधिसँग तालमेल गर्न नसकेको शासन प्रणालीको समस्या बनेको छ ।





यी घटना विदेशमा होइन, हाम्रै निर्वाचन क्षेत्रभित्र, हाम्रै सहर र गाउँमा भइरहेका छन् । तर, राज्य आफ्नै भूगोलभित्रका नागरिक सुरक्षित राख्न सक्दैन भने त्यसलाई सामाजिक मात्रै होइन, राजनीतिक असफलता हो भन्दा फरक पर्दैन । त्यसैले चुनावी घोषणापत्रमा यस्ता विषयले स्थान पाउनुपर्ने समय हो । घोषणापत्रमा पूर्वाधार विकासभन्दा अरू धेरै मुद्दाले स्थान पाउनुपर्ने अवस्थामा छौं हामी ।

### तथ्यांक केलाएर हेर्दा

पहिले-पहिले समाचारमा मानव बेचबिखन सीमापारिबाट उद्धार गरिएकाहरूको बन्ने गर्थ्यो । मानव बेचबिखन भन्नासाथ अन्तरदेशीय मात्रै हुन्छ भन्ने थियो । तर, समय र परिवेश फेरिएको छ । हालसालै स्पा सेन्टर, खाजाघरजस्ता ठाउँबाट नाबालिगहरू उद्धार हुने गरेको समाचार आउन थालेको छ । मानव बेचबिखनको आवरण परिवर्तन भएको छ ।

प्रहरी तथ्यांकअनुसार, आर्थिक वर्ष २०७७/७८ मा देशैभर विभिन्न खाजाघरबाट ३६ नाबालिग यौनकर्मीको उद्धार गरिएको थियो । त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा ६४ नाबालिग बालिकाको उद्धार गरिएको थियो । आर्थिक वर्ष २०७९/८० मा ५९ र २०८०/८१ मा ८५ जनाको उद्धार गरिएको छ । २०८१/८२ मा ८२ जना नाबालिगको उद्धार भई १८ वटा मुद्दा दर्ता भएका छन् । त्यस्तै २०८२/८३ पुससम्म ६६ जना नाबालिगको उद्धार भएको छ भने ७ वटा मुद्दा दर्ता भएका छन् ।

मानव बेचबिखन अनुसन्धान ब्युरोले नाबालिगहरूको उद्धारका लागि थप अभियान हुँदै गरेको भन्ने गरेको छ । यस्ता घटना बढ्नुको कारण हो- बेरोजगारी र विलासी जीवनको लोभ । प्रहरी तथ्यांकअनुसार, २०२३ नोभेम्बरदेखि २०२४ मेको चौथो सातासम्म खाजाघरमा नाबालिग बालिका बेचबिखनका ११ वटा मुद्दा दर्ता भए, १८ जना पक्राउ परेका छन् ।

सायद यी संख्या काफी छन्- दलका उम्मेदवारलाई आ-आफ्नो क्षेत्रमा गएर यो विषयमा अभिमत राख्ने । देशभित्रै आफ्नो मान्छे बेचिएका छन् भन्दा पत्यारिलो नलाग्न सक्छ, तर यो डरलाग्दो सामाजिक समस्याका रूपमा स्थापित हुँदै छ ।

साथै यी तथ्यांकले राज्यको अंगले काम गरेको छ भनेर देखिने ठाउँ छ र ब्युरोको सक्रियता पनि देखिन्छ । तर, राज्यको रोकथाम प्रणाली कमजोर हुँदै गएको, जोखिम पहिचान ढिलो भइरहेको र उद्धारभन्दा अघि पुग्नुपर्ने नीतिगत हस्तक्षेप असफल भइरहेको पनि संकेत गर्छ । उद्धारका संख्या सराहनीय हुन् तर रोकथामका प्रयास अझै गर्नुपर्छ ।

आज समाजमा बसाइँसराइको तीव्रता, बढ्दो सहरीकरण, राज्यको पहुँच बाहिर फैलिँदो अनौपचारिक श्रम बजार, युवा र महिलामा बढ्दो रोजगारी संकट, उद्धारपछि दिगो पुनःस्थापनाको अभाव- यी छुट्टाछुट्टै समस्या होइनन् । यी राज्यका संरचनात्मक कमजोरीका आपसमा गाँसिएका लक्षण हुन् । त्यसैले मानव बेचबिखनलाई अब 'समस्या भएको एक क्षेत्र' मानेर सीमित ढंगले मात्रै हेर्ने समय सकिएको छ । यो विषयलाई राज्यको जिम्मेवारी र राज्य सञ्चालनको सूचक भनेर जोड्नु आवश्यक छ ।

यदि राजनीतिक दलहरू मानव बेचबिखनलाई साँच्चै राष्ट्रिय प्राथमिकता बनाउन चाहन्छन् भने त्यसको स्पष्ट खाका उनीहरूको चुनावी घोषणापत्रमा देखिनैपर्छ- आन्तरिक मानव बेचबिखनलाई छुट्टै प्राथमिकता बनाउने, स्थानीय तहमा बजेटसहितको बेचबिखन विरोधी संयन्त्र स्थापना गर्ने, अनौपचारिक श्रम क्षेत्रको नियमन र श्रम निरीक्षण सुदृढ गर्ने, पीडितकेन्द्रित पुनःस्थापना कोष सुनिश्चित गर्ने, संघ-प्रदेश-स्थानीय तह जोड्ने तथ्यांक र रिपोर्टिङ प्रणाली विकास गर्ने र सांसदहरूलाई यस विषयमा अभिमुखीकरण गराउने ।

आगामी निर्वाचनमा मतदाताले राजनीतिक दल र उम्मेदवारलाई सोध्ने धेरै प्रश्नमध्ये एउटा अर्को प्रश्न हुन सक्छ- तपाईंको घोषणापत्रले आफ्नै देशभित्र बेचिने नागरिकलाई कसरी सुरक्षित गर्ने सोचेको छ ? यदि यसको स्पष्ट उत्तर छैन भने त्यो घोषणापत्रले विकासका सपना त बोकेको हुन सक्छ, तर न्याय र समानताको मुद्दा बोकेको हुँदैन । मानव बेचबिखन अब केवल सामाजिक मुद्दा होइन, नेपालको शासन, अर्थतन्त्र र लोकतन्त्रको केन्द्रमा उभिएको राजनीतिक प्रश्न हो । र, अब यसलाई उपेक्षित गरी तर्किन सकिँदैन ।

# सामाजिक सञ्जालले बालबालिकामा लत लगाएको भन्दै मुद्दा, मेटाका जकरबर्गले दिए इन्कारी बयान

**कम उमेरमै फेसबुक र इन्स्टाग्रामको अत्यधिक प्रयोगले आफू डिप्रेसनको सिकार हुँदै आत्महत्या गर्ने विचारसम्ममा पुगेको दाबीसहित 'केजीएम' नाममा २० वर्षीया एक किशोरीले अमेरिकाको लस एन्जलसस्थित काउन्टी सुपेरियर अदालतमा मुद्दा दायर गरेकी हुन्**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सामाजिक सञ्जाल प्लाटफर्मको लतसम्बन्धी मुद्दामा मेटाका प्रमुख मार्क जकरबर्गले अमेरिकाको क्यालिफोर्नियास्थित लस एन्जलस सुपेरियर कोर्टमा बयान दिएका छन् । कम उमेरमै फेसबुक र इन्स्टाग्रामको अत्यधिक प्रयोगका कारण आफू डिप्रेसनको सिकार हुँदै आत्महत्या गर्ने विचारसम्ममा पुगेको दाबीसहित 'केजीएम' नामले चिनिने २० वर्षीया एक किशोरीले मुद्दा दायर गरेकी थिइन् । उक्त मुद्दामा मेटा र युट्युबविरुद्ध बालबालिका तथा किशोरलाई आकर्षित गरी 'इन्गेजमेन्ट' बढाउने उद्देश्यले जानाजानी एपको डिजाइन गरेको आरोप लगाइएको छ । टिकटक र स्न्यापच्याटले भने मिलापत्र गरेको बताइएको छ ।

बयानका क्रममा जकरबर्गले बालबालिकालाई जानाजानी लक्षित गरेको दाबी अस्वीकार गरे । 'उल्लेख्य संख्यामा प्रयोगकर्ताले जानाजान आफ्नो उमेरबारे झूट बोल्छन्,' बयानका क्रममा जकरबर्गले भने, 'उमेर सीमा कार्यान्वयन धेरै कठिन विषय हो । बालबालिकाले सुरक्षित रूपमा प्रयोग गर्न सक्ने सेवाका भिन्न संस्करणहरू मेटाले निर्माण गर्ने प्रयास गरेको छ ।' बयानका क्रममा फेसबुक र इन्स्टाग्रामका मालिकले १३ वर्षभन्दा कम उमेरकालाई प्लाटफर्म प्रयोग गर्न अनुमति नदिइने दोहोर्‍याएका थिए । 'प्रयोगकर्ताले एपमा बिताउने समय बढाउनुमा भन्दा बरु उनीहरूलाई उपयोगी सेवा दिनु हाम्रो उद्देश्य हो,' जकरबर्गले भनेका छन्, 'प्रयोगकर्ताले एपबाट राम्रो अनुभूति गर्न पाउँदैनन् भने किन चलाइरहन्छन् र ? खराब अनुभूति दिनु हाम्रो व्यापारिक हितमा छैन ।'

जकरबर्गले बालबालिका र किशोर पुस्तालाई एपहरूमा पहुँच रोक्न एप्पल र गुगल (एप स्टोरहरू) ले मोबाइल सेटमै उमेर प्रमाणीकरण गर्ने प्रणाली बनाउनुपर्ने सुझाव दिए । 'हामीले उमेर प्रमाणीकरण प्रविधिमा केही ढिलाइ गर्‍यौं,' उनले भने, 'सामाजिक सञ्जाल प्रयोगकर्तालाई आफ्ना भावना व्यक्त गर्न फिल्टर प्रयोग गर्न दिनुपर्छ भन्ने हाम्रो मान्यता हो तर हामी आफैंले ब्युटी फिल्टरहरू सिफारिस नगर्ने सन्तुलित नीति बनाएका छौं ।'

मुद्दाका वादी पक्षले भने सुनुवाइमा प्रस्तुत गरेका आन्तरिक कागजातहरूले प्रतिवादी फेसबुक र इन्स्टाग्रामले बालबालिकाको 'इन्गेजमेन्ट' बढाउने रणनीतिमा प्राथमिकता दिइएको संकेत गरेको रोयटर्सले जनाएको छ । मुद्दा दायर गर्ने पक्षका वकिल मार्क लेनियरले अदालतमा निकै आक्रामक र प्रभावकारी तर्कहरू प्रस्तुत गरे । उनले यो मुद्दालाई बुझ्न 'एबीसी' (एडिक्टिङ द ब्रेन्स अफ चिल्ड्रेन) सूत्र प्रस्तुत गरेका थिए । जसको अर्थ बालबालिकाको मस्तिष्कमा लत लगाउने रणनीति भन्ने हो ।



**सामाजिक सञ्जाल प्लाटफर्महरूले जानाजानी बालबालिकालाई लत लगाउने र हानि पुर्‍याएको भन्ने मुद्दामा बुधबार बयान दिएपछि लस एन्जलसस्थित अदालतबाट बाहिरिने क्रममा मेटाका सीईओ मार्क जकरबर्ग ।** तस्बिर : एपी/रासस

'जसरी चुरोट कम्पनीहरूलाई निकोटिनले लत लगाउँछ भन्ने थाहा थियो, त्यसरी नै यी प्रविधि कम्पनीहरूलाई पनि आफ्ना फिचरले बालबालिकाको मानसिक स्वास्थ्य बिगार्छ भन्ने पहिल्यै थाहा थियो,' अधिवक्ता लेनियरको तर्क थियो, 'मेटाका आफ्नै कर्मचारीहरूले बालबालिकामा परिरहेको प्रभावबारे यसअघि पनि चेतावनी दिएका थिए ।' सामाजिक सञ्जालको डिजाइनबारेको उक्त बहस यति बेला अमेरिकाको लस एन्जलसस्थित काउन्टी सुपेरियर अदालतमा चलिरहेको हो । अदालतले यस्ता एपका डिजाइनहरू कानुनी रूपमै 'लत लाग्ने खालका' हुन् कि होइनन् भन्ने कुराको परीक्षण गरिरहेको छ ।

सोसल मिडिया एपका विभिन्न फिचर र अल्गोरिदमले मुद्दा दायर गर्ने व्यक्तिलाई प्रत्यक्ष हानि पुर्‍याएका छन् वा छैनन् भन्ने मुख्य प्रश्नमा सुनुवाइ केन्द्रित छ । मेटाका उच्च अधिकारीहरूबीच भएका आन्तरिक कुराकानीलाई वादी पक्षका वकिलहरूले प्रमाणका रूपमा जुरीसमक्ष पेस गरेका छन् । ती संवादहरूले किशोरकिशोरीलाई एपमा अल्झाइराख्ने रणनीति बनाइएको कुरा देखाउँछन् । पहिले यस्तो रणनीति बनाइएको भए पनि अहिले एपको उपयोगिता र गुणस्तरमा ध्यान दिइएको जकरबर्गले दाबी गरे ।

'यदि तपाईं मेरो अघिल्लो संसदीय बयान सटीक थिएन भन्न खोजिरहनुभएको हो भने म त्यससँग कडा रूपमा असहमत छु,' उनले अदालतमा भने । मेटाले किशोर खाताका लागि डिफल्ट गोपनीयता सेटिङ, अभिभावकीय निगरानी उपकरणजस्ता उपायहरूलाई बाल सुरक्षाप्रति आफ्नो प्रतिबद्धताको प्रमाणका रूपमा प्रस्तुत गरेको छ । यो मुद्दा, 'बेलवेदर ट्रायल' अर्थात् ठूलो संख्यामा दायर भएका समान प्रकृतिका मुद्दामध्ये प्रतिनिधि मुद्दाका रूपमा चयन गरिएको हो । यस मुद्दामा हुने फैसला सामाजिक सञ्जाल कम्पनीहरूविरुद्ध दायर गरिएका २६ सयभन्दा धेरै समान प्रकृतिका मुद्दाहरूका लागि नजिर बन्नेछ । यसले सामाजिक सञ्जालको 'डिजाइन आर्किटेक्चर' वा बनोटमै फेरबदल ल्याउन सक्ने प्रविधि विज्ञहरूको अनुमान छ ।

त्यसैगरी, उक्त मुद्दाका प्रतिवादीमध्येका अर्को इन्स्टाग्रामका प्रमुख एडम मोसेरीले पनि हालै अदालतमा बयान दिने क्रममा प्रयोगकर्ताहरू सामाजिक सञ्जालमा 'क्लिनिकल्ली एडिक्टेड' हुन सक्छन् भन्ने अवधारणासँग आफू असहमत रहेको बताएका थिए । उनले इन्स्टाग्राम प्रयोग गर्ने युवाको सुरक्षाका लागि गहन प्रयास गर्दै आएको र भविष्यमा कम्पनीलाई नाफा भए पनि प्रयोगकर्ताको कल्याणका लागि खराब निर्णय लिनु आफूहरूको हितमा नहुने बताएका थिए ।


अदालतबाहिर पनि युरोप र एसियासहित विभिन्न क्षेत्रका सरकारहरू बालबालिकामाथि सामाजिक सञ्जालको प्रभावबारे गम्भीर बहसमा जुटेका छन् । जर्मनीमा चान्सलर फ्रेडरिक मर्जले १६ वर्षमुनिका प्रयोगकर्ताका लागि सामाजिक सञ्जालमा अनिवार्य उमेर सीमा तोक्नुपर्ने धारणा सार्वजनिक गरेका छन् । उनले जर्मनीका १४ वर्षे किशोरले दैनिक औसत साढे पाँच घण्टा अनलाइनमा बिताउने तथ्य उल्लेख गर्दै यसलाई बालबालिकालाई मदिरा सेवन गर्न खुला अनुमति दिएजस्तै जोखिमपूर्ण अवस्थासँग तुलना गरेका छन् ।

फ्रान्समा राष्ट्रपति इमानुएल म्याक्रोंको समर्थनमा राष्ट्रिय सभाले १५ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विधेयक पारित गरेको छ । त्यसमा उमेर प्रमाणीकरण प्रणाली अनिवार्य गर्ने प्रस्ताव समावेश छ । भारतमा पनि १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जालमा खाता खोल्न वा सञ्चालन गर्न रोक लगाउने प्रस्तावसहित निजी विधेयक दर्ता गरिएको छ । भारतमा प्रधानमन्त्रीका प्रमुख आर्थिक सल्लाहकार भी अनन्त नागेश्वरनले पनि उमेरमा आधारित सीमा र कडा उमेर प्रमाणीकरण प्रणाली आवश्यक रहेको सुझाव दिएका छन् ।

बेलायत, डेनमार्क, ग्रीस र स्पेनलगायत देशहरूले बालबालिकाका लागि उमेरमा आधारित प्रतिबन्ध वा नियन्त्रणका उपायबारे छलफल गरिरहेका छन् । यसले बालबालिका र किशोर पुस्तामा सामाजिक सञ्जालको सम्भावित हानिकारक तथा लतै लाग्ने किसिमको प्रभावबारे विश्वव्यापी नीति बहस नयाँ चरणमा प्रवेश गरिसकेको संकेत गर्छ ।

*(एजेन्सीको सहयोगमा)*

# यौन अपराधी एप्स्टिनसँग जोडिएका बेलायतका पूर्वराजकुमार एन्ड्र्यु पक्राउ



लन्डन (रासस/एएफपी)- बेलायतका पूर्वराजकुमार एन्ड्र्यु माउन्टबेटन विन्डसरलाई सार्वजनिक पदको दुरुपयोग गरेको आरोपमा पक्राउ गरिएको छ । एन्ड्र्यु बेलायतका राजा चार्ल्सका भाइ हुन् । यौन अपराधी जेफ्री एप्स्टिनसँग गोप्य जानकारी साझा गरेको आरोपमा थेम्स भ्याली प्रहरीले पूर्वराजकुमारलाई पक्राउ गरिएको जनाइएको छ । एन्ड्र्युले भने आफूले कुनै पनि गलत कार्य नगरेको बताउँदै आएका छन् ।

गत वर्ष राजकुमारको उपाधि गुमेपछि एन्ड्र्युले रोयल लज, प्यालेस अफ विन्डसरलगायतका सेवा सुविधा छोड्नुपरेको थियो । उनलाई प्रहरीले कहाँबाट पक्राउ गरेको भन्ने सूचना गोप्य नै राखेको छ । त्यसो त विन्डसरस्थित दरबार छाडेपछि उनी नोरफोकको स्यान्ड्रिङ्घममा बस्दै आएका थिए । बेलायतमा पूर्वराजकुमार पक्राउ परेको यो पहिलो घटना हो । उनीमाथि यौन अपराधी एप्स्टिनसँग सम्बन्ध राखेको आरोप लगाइएको छ । बीबीसीका अनुसार उनलाई सार्वजनिक पदको दुरुपयोग गरेको आरोपमा पक्राउ गरिएको हो ।

थेम्स भ्याली प्रहरीले भने एक विज्ञप्ति जारी गर्दै 'सार्वजनिक कार्यालयमा दुर्व्यवहारको शंकामा नोरफोकबाट ६० वर्षभन्दा बढी उमेरका एक व्यक्तिलाई पक्राउ गरी हिरासतमा लिइएको' बताएको छ । 'हामी राष्ट्रिय निर्देशिकाअनुसार पक्राउ परेकाहरूको नाम सार्वजनिक गर्दैनौं । यो मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेकाले समाचार सम्प्रेषण गर्दा पनि अदालतको अवहेलना नहोस् भनेर सावधानी अपनाउनुपर्नेछ' उक्त विज्ञप्तिमा भनिएको छ । प्रहरीले उक्त घटनाका बारेमा अनुसन्धान जारी रहेको बताएको छ । 'यो मामिलामा सार्वजनिक चासो निकै उच्च छ, तर हामी उपयुक्त समयमा जानकारी दिनेछौं' थेम्स भ्याली प्रहरीले भनेको छ ।

**यौन अपराधी जेफ्री एप्स्टिनसँग गोप्य जानकारी साझा गरेको आरोपमा एन्ड्र्युलाई पक्राउ गरिएको बताइएको छ**

# प्रधानमन्त्री रहमानले ल्याए १८० दिनका ४ मुख्य योजना



ढाका (रासस/क्यूएनए)- बंगलादेशका नवनिर्वाचित प्रधानमन्त्री तरिक रहमानले आफ्नो सरकारका ६ महिने प्राथमिकता योजनाको रूपरेखा प्रस्तुत गरेका छन् । उनले चार वटा प्रमुख क्षेत्रमा ध्यान केन्द्रित गर्दै उक्त योजना ल्याएको बताएका छन् ।

पहिलो प्राथमिकतामा कानुन र व्यवस्थाको स्थितिमा सुधार गर्ने लक्ष्य रहेको छ भने दोस्रोमा अत्यावश्यक वस्तुहरूको मूल्य नियन्त्रण गर्ने उल्लेख छ । तेस्रो प्राथमिकतामा निर्बाध बिजुली र ग्यास आपूर्ति सुनिश्चित गर्नुका साथै जीवनयापनको लागत घटाउन जोड दिइने भनिएको छ । चौथोमा सार्वजनिक यातायातमध्ये विशेष गरी रेलवे प्रणालीमा सुधार गर्ने प्रधानमन्त्री रहमानले बताए । यसबाहेक, उनले भ्रष्टाचारविरुद्ध लड्नका लागि कडा प्रयासहरूको निर्देशन पनि दिएका छन् ।

प्रधानमन्त्रीका रूपमा मंगलबार शपथ लिएका रहमानले प्रत्येक मन्त्रालयलाई १ सय ८० दिनभित्र आफ्नै योजना बनाउन र कार्यान्वयन गर्न निर्देशन दिएका छन् । यसअघि बंगलादेशमा नयाँ सरकारले पदभार ग्रहण गरेपछि एक सय दिनको प्राथमिकता प्याकेज घोषणा गर्ने गर्थे । यद्यपि, रहमानले यसलाई तोड्दै १ सय ८० दिनको अवधि तय गरेका हुन् । 'अपराध उन्मूलन र भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गरेर जनताको मनमा शान्ति र सुरक्षा पुनःस्थापना गर्नु सरकारको मुख्य प्राथमिकता हो,' नवनिर्वाचित प्रधानमन्त्री रहमानले बताए ।

त्यसैगरी, गृहमन्त्री सालाउद्दिन अहमदले आगामी दिनमा देशमा हिंसाजन्य घटना नहुने घोषणा गरेका छन् । उनले लागूऔषध नियन्त्रण र अन्य आवश्यक उपायसहित देशको अवस्थालाई कडाइका साथ नियन्त्रण गरिएको पनि उल्लेख गरेका छन् । साथै, विदेशमन्त्री कलिलुर रहमानले बंगलादेशको नयाँ विदेश नीति 'बंगलादेश पहिले' हुने बताए । उनले बंगलादेशको हितलाई पहिलो प्राथमिकता दिँदै सबै देशसँग मैत्रीपूर्ण सम्बन्ध निर्माण गर्ने र स्वर्गीय राष्ट्रपति जियाउर रहमानको विदेश नीतिकै मार्गमा अगाडि बढ्ने बताएका छन् ।

पवित्र रमजानको अवसरमा नागरिकलाई शुभकामना दिँदै रहमानले सामानको मूल्य आमजनताको पहुँचभन्दा बाहिर जान नदिनका लागि व्यापारीलाई सतर्क रहन पनि आग्रह गरेका छन् ।

**योजनामा कानुन र व्यवस्थाको स्थितिमा सुधार, अत्यावश्यक वस्तुहरूको मूल्य नियन्त्रण, निर्बाध बिजुली, ग्यास आपूर्ति सुनिश्चिततासँगै जीवनयापनको लागत घटाउने र रेलवे प्रणालीमा सुधार गरिने घोषणा**

# क्यालिफोर्निया हिमपहिरोमा ८ स्की खेलाडीको मृत्यु

लस एन्जलस (एजेन्सी)- क्यालिफोर्नियाको ताहो क्षेत्रमा आएको भीषण हिमपहिरोमा परी बेपत्ता भएका नौ स्की खेलाडीमध्ये आठ जनाको शव फेला परेको छ । एक जना अझै बेपत्ता रहेको प्रहरीले जनाएको छ । प्रतिकूल मौसमका कारण उद्धार कार्य अत्यन्त कठिन बनेको छ । मंगलबार बिहान क्यासल पिक क्षेत्रमा हिमपहिरो गएको थियो । नेभाडा काउन्टीका शेरिफ सानान मुनले एक सदस्य अझै हराइरहेको र आँधी, तीव्र हावा तथा बाक्लो हिमपातले खोजी कार्य अवरुद्ध गरिरहेको बताए । 'अत्यन्त खराब मौसमले काम गर्न कठिन बनाएको छ', उनले भने ।

स्थानीय सुगर बाउल एकेडेमीले केही पीडितहरू आफ्नो निजी स्कीकेन्द्रित विद्यालयसँग सम्बन्धित रहेको जनाएको छ । विद्यालयका कार्यकारी निर्देशक स्टेफन म्याकमहोनले उक्त घटनाका कारण यहाँको समुदाय गहिरो शोकमा डुबेको उल्लेख गरे । घटनाका बेला ११ ग्राहक र चार मार्गनिर्देशकसहितको समूह ब्याककन्ट्री यात्राबाट आधार शिविरतर्फ फर्कंदै थियो । ४० भन्दा बढी उद्धारकर्मीले खोजी सुरु गरेका थिए, तर मौसमका कारण प्रयास प्रभावित भयो ।

सिएरा नेभाडा पर्वत शृंखलामा शक्तिशाली आँधीका कारण केही स्थानमा आठ फिटसम्म हिमपात हुन सक्ने राष्ट्रिय मौसम सेवाले चेतावनी दिएको छ । प्लेसर काउन्टीका शेरिफ वेन वुले मौसम सुधार नभएसम्म पहाडी क्षेत्रबाट टाढा रहन आग्रह गरेका छन् । क्यालिफोर्नियाका गभर्नर ग्याभिन न्युसमलाई घटनाबारे जानकारी गराइएको छ । अधिकारीहरूले ब्याककन्ट्री स्की खेल स्वाभाविक रूपमा जोखिमपूर्ण हुने स्मरण गराउँदै सावधानी अपनाउन आग्रह गरेका छन् ।

**सिएरा नेभाडा पर्वत शृंखलामा शक्तिशाली आँधीका कारण केही स्थानमा आठ फिटसम्म हिमपात हुन सक्ने राष्ट्रिय मौसम सेवाको चेतावनी**


## वर्गीकृत विज्ञापन

### घर जग्गा

ललितपुर चापागाउँमा चारआना जग्गाबिक्रीमा 9813642311

ललितपुर एरियामा घरजग्गा खरिदबिक्रिकोलागि 9849188782

काठमाडौं तारकेश्वरमा आकर्षक घडेरीहरू बिक्रिमा ९८४१२०१०८८

गुह्येश्वरी प्लानिङ्गमा ४.५आनाजग्गा बिक्रिमा ९८०२०३१५२४

ककनीमा ४रोपनी सस्तो जग्गा ९८१३७२६६३६

बनस्थली ढुङ्गेधारा बसस्टपसंगै चक्रपथको ७०मिटरभित्र साईडमा मोटरबाटो भएको चारकुने रुमाल आकारको सेमी-कमर्शियल ३आना २पैसा जग्गाबिक्रिमा सम्पर्क: ९७४४६२०५५०

कृषि होइन आवशीय घडेरी जग्गा बिक्रि चितवनमा ९८५१०५९१७० थापाजी

### सम्पर्क

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851154609

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9841193311

धितोफुकुवा बैकलोन चाहिएमा 9851065811, 9841007757

### विविध विक्रीमा

बुढानिलकण्ठमा ३/४ आना जग्गा बिक्रिमा,९८५१३१३९३६

बुद्धनगरमा होस्टेलको नयां सामाग्रीहरू ९८४१२०८७०४

### निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

ढलटवाइलेट मंगल जामखोल्ने सस्तोमा 9843999386

सेफ्टीट्याङ्की सफाई ठूलोगाडीमा मेसिनबाट ९८५१०२४३६४

### चाहियो

वेटर, मसाल्ची-२ चाहियो तलब १५०००/- ९८४१३१११४२

पोल्ट्रीफार्मकोलागि दुईजोडी कामदार चाहियो तलब जोडिको-२५,०००।-, ९८५१०५७४०४

ठमेल अफीसमा खाना खाजा बनाउने महीलास्टाफ 9851018311

गाडी वासिङ्ग मिस्त्री चाहियो तलब २०,०००/- खानेबस्ने सुविधा ९८५१०७२८९८

कुखुरा फार्ममा कामदार चाहियो, 9841566839

जावलाखेल, एकान्तकुना, टेकुमा +२/bachulor पसल, अफिसकोलागि लेडिज receptionist र पसलमा कामगर्ने केटा चाहियो( काठमाडौं मेसिनरी ९८४९६६९४६५)

रेष्टुरेण्टमा भाडा माझ्ने खाने बस्ने सुविधा ९८१३४७५२८४

खनबस्नसहित कर्मचारी 15,500/- 9803774553, 9869342501

### बिहावारी

बिश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त वर वा वधुकोलागि www.nrnmatch.com, 9842981178

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | |
|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/- *

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १४५.३८ |
| युरो | १७२.०१ |
| पाउन्ड स्टर्लिङ | १९७.२९ |
| अस्ट्रेलियन डलर | १०२.८२ |
| कतारी रियाल | ३९.७८ |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,०४,७००

चाँदी रू. ५,०६०

## दलहरूको घोषणापत्र

# सय खर्बको अर्थतन्त्र र प्रतिव्यक्ति आय दोब्बर बनाउने महत्त्वाकांक्षी योजना

**यज्ञ बञ्जाडे** (काठमाडौं)

प्रमुख दलहरूले अर्थतन्त्रको आकार एक सय खर्ब पुऱ्याउने, हालको तुलनामा दोब्बरभन्दा बढी प्रतिव्यक्ति आय र दोहोरो अंकको आर्थिक वृद्धि गर्नेजस्ता योजना समेटेर घोषणापत्र ल्याएका छन् । आसन्न निर्वाचनका लागि बिहीबार घोषणापत्र सार्वजनिक गरेका दलहरूले पाँच वर्षभित्र अर्थतन्त्रमा छलाङ नै हुने गरी निकै महत्त्वाकांक्षी लक्ष्य सार्वजनिक गरेका हुन् । यद्यपि, पछिल्ला चार दशकमा औसत चार प्रतिशतभन्दा केही बढी मात्र आर्थिक वृद्धि प्राप्त गरिरहेको अर्थतन्त्रमा दोहोरो अंकको आर्थिक वृद्धि त्यति सजिलो छैन ।

हाल करिब १४ सय डलर प्रतिव्यक्ति आय रहेकामा त्यसलाई कम्तीमा दोब्बर बनाउने र ६१ खर्बको अर्थतन्त्रलाई एक सय खर्ब हाराहारी पुऱ्याउने योजना दलहरूको छ । तर, ती लक्ष्य प्राप्तका लागि आवश्यक नीति, स्रोत संकलन र ठोस योजना भने कुनै घोषणापत्रमा देखिँदैन । दशकौंदेखि वार्षिक औसत ६० प्रतिशत पुँजीगत खर्च हुने गरेको मुलुकमा त्यसलाई कसरी बढाउने, स्रोत संकलन कसरी गर्ने, राजस्व संकलन र विदेशी लगानी कसरी बढाउनेलगायत अन्योल भने दलहरूले चिर्न सकेका छैनन् ।

कांग्रेसले पाँच वर्षमा एक सय १५ खर्बको अर्थतन्त्र र प्रतिव्यक्ति आय २५ सय अमेरिकी डलर पुऱ्याउने संकल्प गरेको छ । यो पार्टीले युवालाई उद्यमशीलताको साझेदार, निजी क्षेत्रलाई समुन्नतिको इन्जिन मानेको छ । विपन्न नागरिकलाई विकासको मूल प्रवाहमा ल्याएर सम्पत्तिको मालिक बनाउने 'उदार र उत्पादनमुखी' अर्थतन्त्र निर्माण गर्ने बताइएको छ ।

करिब सवा सय खर्बको अर्थतन्त्रका लागि १ सय ३७ खर्ब ५० करोड खर्ब रुपैयाँ बराबरको लगानी परिचालन गर्ने भनिएको छ । उक्त लगानीमा ८० प्रतिशत हिस्सा निजी क्षेत्रबाट गरिने र राज्यको भूमिका सहजकर्ता र निष्पक्ष नियामकमा सीमित हुने कांग्रेसको नीति छ । 'मुद्रास्फीतिलाई पाँच प्रतिशतभित्र नियन्त्रण गर्ने र सीमान्त पुँजी उत्पादन अनुपातलाई ४.५:१ मा कायम राख्छौं । नेपालको अर्थतन्त्रलाई 'प्रो-प्राइभेट', 'प्रो- ग्रोथ' र 'प्रो- सोसल जस्टिस' बनाउन तीन स्तम्भमा केन्द्रित हुनेछौं,' कांग्रेसको घोषणापत्रमा भनिएको छ ।

करका दर र सर्तहरू कम्तीमा १०-१५ वर्षसम्म स्थिर रहने गरी 'स्ट्याबिलिटी क्लज' सहितको कानुनको सुनिश्चितता कांग्रेसले गरेको छ । उद्योग दर्तादेखि नवीकरणसम्मका सरलीकृत डिजिटल प्रणाली निर्माण, व्यावसायिक मुद्दा छिटो टुंग्याउन 'फास्ट ट्र्याक' न्यायाधिकरण र 'नो वर्क नो पे' को व्यावहारिक प्रयोगमार्फत रोजगारदाता र श्रमिक दुवैका लागि पूर्वानुमानयोग्य श्रम वातावरण तय गर्ने बताइएको छ ।

संस्थागत आयकरलाई क्रमशः २० प्रतिशतमा झार्ने, वस्तु र सेवाको निर्यातमा १० प्रतिशत, सूचना प्रविधि निर्यात व्यवसायमा ५ प्रतिशत र उत्पादनमुखी उद्योगहरूमा १५ प्रतिशत आयकर कायम गर्ने नीति छ । विभिन्न नाममा लगाइएका स-साना करहरूलाई मूल्य अभिवृद्धिकरमा समाहित गरी दायरा विस्तार गर्ने तथा यसको एकल दरलाई क्रमशः १० प्रतिशतमा झार्ने नीति कांग्रेसको छ ।

एमालेले घोषणापत्रमार्फत 'आधा दशकमा सय खर्ब, एक दशकमा २ सय खर्ब' को अर्थतन्त्र बनाउने महत्त्वाकांक्षी लक्ष्य राखेको छ । जसमा कृषिको उत्पादकत्व, विद्युत् उत्पादन क्षमता, खनिज तथा औद्योगिक उत्पादन, सूचना प्रविधि र भौतिक पूर्वाधार निर्माणमा फड्को मार्दै ७ प्रतिशतदेखि ९ प्रतिशतसम्मको आर्थिक वृद्धिको परिकल्पना गरिएको छ । प्रतिव्यक्ति आय पाँच वर्षमा करिब अमेरिकी डलर ३ हजार पुऱ्याउने लक्ष्य पनि एमालेको छ ।

समष्टिगत आर्थिक तथा क्षेत्रगत नीतिहरूलाई लगानीमैत्री र उत्पादन सहयोगी तुल्याउने बताइएको छ । 'वित्तीय क्षेत्रको पुँजी उत्पादक क्षेत्रमा उपयोग गर्ने, पुँजी बजारको विकास तथा सुदृढीकरण गर्दै थप आन्तरिक तथा बाह्य पुँजी परिचालन गरी उच्च आर्थिक वृद्धिका लागि लगानी विस्तार गर्नेछौं,' एमालेको घोषणापत्रमा भनिएको छ । राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न मात्रै सार्वजनिक ऋण लिने एमालेको नीति हो । 'सार्वजनिक ऋणलाई राष्ट्रिय सामर्थ्यको सुरक्षित अनुपातभन्दा बढ्न दिने छैनौं,' घोषणापत्रमा भनिएको छ ।

एमालेले निजी क्षेत्रलाई आर्थिक वृद्धिको इन्जिन मात्रै होइन, समृद्धिको प्रमुख अभियन्ताका रूपमा परिचालन गर्ने जनाएको छ । बाँकी पृष्ठ ८



### अर्थतन्त्रसम्बन्धी मुख्य पाँच एजेन्डा

**कांग्रेस**
- एक सय १५ खर्बको अर्थतन्त्र र प्रतिव्यक्ति आय २५ सय डलर
- आर्थिक पुनरुत्थानको अर्धदशक घोषणा र दोस्रो पुस्ताको आर्थिक सुधार
- व्यापारमुखी अर्थतन्त्र उत्पादनमुखी र मूल्यवृद्धिदर ५ प्रतिशतमा सीमित
- करका दर र सर्तहरू कम्तीमा १०-१५ वर्षसम्म स्थिर रहने गरी 'स्ट्याबिलिटी क्लज'
- 'पहिले थुन्ने अनि सुन्ने अन्यायपूर्ण परम्परा अन्त्य

**एमाले**
- आधा दशकमा सय खर्ब, एक दशकमा २ सय खर्बको अर्थतन्त्र
- ७ देखि ९ प्रतिशतसम्मको आर्थिक वृद्धि, प्रतिव्यक्ति आय ३ हजार डलर
- समतामूलक द्रुत आर्थिक विकासबाट चरम गरिबीको अन्त्य
- कृषिको आधुनिकीकरण अतिरिक्त श्रमशक्ति औद्योगिक र सेवा क्षेत्रमा स्थानान्तरण
- पुँजी निर्माण र अनिवार्य दायित्वका खर्चबाहेकका अन्य खर्च कटौती

**नेकपा**
- दोहोरो अंकको आर्थिक वृद्धि
- पाँच वर्षमा गरिबी २०.१५ प्रतिशतबाट ५ प्रतिशतमा झार्ने
- स्रोतको विवेकशील उपयोगमार्फत हरित तथा डिजिटल अर्थतन्त्रको जग बसाल्ने
- वार्षिक ५ लाख रोजगारी सुनिश्चित गरिने
- विदेशबाट फर्केका कम्तीमा १ लाखलाई उद्यमी बनाउने

**रास्वपा**
- पाँच वर्ष औसत ७ प्रतिशत आर्थिक वृद्धि, प्रतिव्यक्ति आय ३ हजार डलर
- अर्थतन्त्रको आकार सय खर्ब नजिक, करका बोझ घटाउने, भूतप्रभावी कर नलगाउने
- १२ वर्षदेखि गतिहीन राष्ट्रिय गौरवका आयोजनालाई २ वर्षभित्र सम्पन्न गर्ने
- सहकारी ठगीका सञ्चालक तथा व्यवस्थापकलाई सर्तसहित जेलबाहिर निकाल्ने
- साना बचतकर्ताको रकम आफ्नो सरकार गठन भएको १०० दिनमा फिर्ता

# दलहरूको प्राथमिकतामा रेलमार्गदेखि ठूला जलविद्युत् आयोजना

**कान्तिपुर संवाददाता** (काठमाडौं)

> पश्चिम रेलमार्ग अधिकांश दलको एजेन्डा, बुढीगण्डकी, दूधकोशीजस्ता ठूला जलाशययुक्त जलविद्युत् परियोजना निर्माण गर्ने

आसन्न निर्वाचनका लागि दलहरूले घोषणापत्रमा सडक, पूर्वाधार, यातायात र ऊर्जा क्षेत्रका महत्त्वाकांक्षी योजनाहरू सार्वजनिक गरेका छन् । पूर्व-पश्चिम रेलमार्ग अधिकांश राजनीतिक दलको घोषणापत्रमा समेटिएको छ ।

कांग्रेसले काठमाडौं जोड्ने अन्तरदेशीय र पूर्व-पश्चिम रेलमार्गको निर्माण सम्बन्धमा जमिनको मुआब्जा टुंग्याई आर्थिक, पर्यावरणीय र प्राविधिक सम्भाव्यताका आधारमा काम अघि बढाउने जनाएको छ । काठमाडौं-पोखरा-लुम्बिनी विद्युतीय रेलको सम्भाव्यता अध्ययन गर्नेसमेत भनेको छ । एमालेले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग आगामी एक दशकभित्र सम्पन्न गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिने जनाएको छ । राजमार्ग, रेलमार्ग, जलमार्ग र विमानस्थललाई एकअर्कासँग आबद्ध गर्ने गरी 'एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टम' को विकास गर्ने भनेको छ ।

नेकपाले पनि आफ्नो घोषणापत्रमा पूर्व-पश्चिम रेलमार्ग निर्माण अघि बढाउने भनेको छ । काठमाडौंमा मेट्रोरेल तथा मोनोरेल निर्माण प्रक्रिया अगाडि बढाइनेसमेत नेकपाले भनेको छ । केरुङ-काठमाडौं, काठमाडौं-पोखरा र काठमाडौं-लुम्बिनी रेलमार्गको निर्माण प्रक्रिया अगाडि बढाइने घोषणापत्रमा छ ।

उज्यालो नेपाल पार्टी (उनेपा) ले पूर्व-पश्चिम रेलमार्गसम्बन्धी विस्तृत अध्ययन पूरा गरी लगानी मोडालिटी तयार गर्ने घोषणापत्रमा उल्लेख छ । प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले पनि पूर्व-पश्चिम रेलमार्गलाई समेटेको छ । चीनको केरुङबाट काठमाडौं हुँदै भारतको रक्सौल जोड्ने रेलमार्ग निर्माण गर्न विशेष ध्यान दिने, काठमाडौं मेट्रो रेलको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिने प्रलोपाले भनेको छ । निर्माणाधीन र नयाँ गरी पूर्व-पश्चिम र उत्तर-दक्षिण लोकमार्ग र काठमाडौं बाहिरी चक्रपथको द्रुत गतिमा निर्माण गर्ने प्रलोपाको घोषणा छ ।

रास्वपाले पूर्व-पश्चिम रेलमार्गलाई नसमेटे पनि नेपालको यातायात प्रणालीमा दीर्घकालीन परिवर्तन ल्याउन विस्तृत अध्ययनको आधारमा रेलमार्ग विस्तारको ५० वर्षे गुरुयोजना बनाउने भनेको छ । मेची-महाकाली विद्युतीय रेलमार्गलाई यात्रु र मालसामान ढुवानीको मेरुदण्ड बनाउने वाचापत्रमा लेखेको छ ।

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग सबै राजनीतिक दलको चासोको विषय बनेको छ । यो पहिलो पटक भने होइन । यसअघि पनि २०४८ यताका निर्वाचनमा राजनीतिक दलहरूले पूर्व-पश्चिम विद्युतीय रेलकै सपना देखाएका थिए । बाँकी पृष्ठ ८


## कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय, टंगाल काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/११/०८ गते कान्तिपुर दैनिक)

यस कुमारी बैंक लिमिटेडको केन्द्रिय कार्यालय, टंगाल काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

**१. ऋणीको विवरण**

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०८/०२ मा दर्ता नं. १५८५३०/०७३/०७४ दर्ता कायम भई सुनसरी जिल्ला, रामधुनी भासी न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्याम बाबा ईन्टरप्राइजेज प्रा.लि.** ।
**संञ्चालकहरू - प्रमोद राज अधिकारी**
**- श्याम सुन्दर अग्रवाल**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **प्रमोद राज अधिकारी**
ना.प्र.नं.- १६०३१८२००
जारी मिति - २०४४/०३/०३, जि.प्र.का. काठमाण्डौं
बाबु - पुष्कर राज अधिकारी
बाजे - नन्दलाल अधिकारी
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. २९

२. **श्याम सुन्दर अग्रवाल**
ना.प्र.नं.- २५६१
जारी मिति - २०५४/११/१९, जि.प्र.का. सप्तरी
बाबु - गिरधारी मल्ल अग्रवाल
बाजे - बृजलाल अग्रवाल
स्थायी ठेगाना- सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स., वडा नं. ०३

**धितो सुरक्षणको विवरण**

१. **श्याम बाबा ईन्टरप्राइजेज प्रा.लि.** को नाममा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला लक्ष्मीपुर बगेवा गा.वि.स., वडा नं. ५ स्थित कित्ता नं. ७३४ को क्षे.फ. ०-६-०-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. ऋणी **श्याम बाबा ईन्टरप्राइजेज प्रा.लि.** को सम्पूर्ण चल अचल श्रीसम्पत्ती तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक हुने गरि धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**२. ऋणीहरूको विवरण**

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०२/२२ मा दर्ता नं. १६९२६८/७३/०७४ कायम भई सुनसरी, जिल्ला, मधेसा वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **जानकी सिमेन्ट इण्डष्ट्रीज प्रा.लि.** ।
**संञ्चालकहरू- श्याम सुन्दर अग्रवाल**
**- प्रमोद राज अधिकारी**
**- लालु प्रसाद अग्रवाल**
**- मिना देवी अग्रवाल**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **श्याम सुन्दर अग्रवाल**
ना.प्र.नं.- २५६१
जारी मिति - २०५४/११/१९, जि.प्र.का. सप्तरी
बाबु - गिरधारी मल्ल अग्रवाल
बाजे - बृज लाल अग्रवाल
स्थायी ठेगाना- सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स., वडा नं. ३
हालको ठेगाना- ऐ.ऐ.

२. **प्रमोद राज अधिकारी**
ना.प्र.नं.- १६०३१८२००
जारी मिति - २०४४/०३/०३, जि.प्र.का. काठमाण्डौं
बाबु - पुष्कर राज अधिकारी
बाजे - नन्दलाल अधिकारी
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. २९

३. **सरिता देवी अग्रवाल**
ना.प्र.नं.- १६१०३०/८५४
जारी मिति - २०६७/०६/१२, जि.प्र.का. सप्तरी
बाबु - सत्य नारायण सिंघानिया
पति - श्याम सुन्दर अग्रवाल
स्थायी ठेगाना- सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स., वडा नं. ३
हालको ठेगाना- ऐ.ऐ.

४. **मिना देवी अग्रवाल**
ना.प्र.नं.- १६१०३०/८५५
जारी मिति - २०६७/०६/१२, जि.प्र.का. सप्तरी
बाबु - परमेश्वर लाल अग्रवाल
पति - लालु प्रसाद अग्रवाल
स्थायी ठेगाना- सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स., वडा नं. ३
हालको ठेगाना- ऐ.ऐ.

५. **लालु प्रसाद अग्रवाल**
ना.प्र.नं.- ७६७८३८०९
जारी मिति - २०४६/०३/२१, जि.प्र.का. सप्तरी
बाबु - गिरधारी मल्ल अग्रवाल
बाजे - बृज लाल अग्रवाल
स्थायी ठेगाना- सप्तरी जिल्ला, बोदे बसाईन गा.वि.स., वडा नं. ७
हालको ठेगाना- ऐ.ऐ.

**धितो सुरक्षणको विवरण**

१. **जानकी सिमेन्ट इण्डष्ट्रीज प्रा.लि.**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको सुनसरी जिल्ला चाँदवेला गा.वि.स., वडा नं. ७ (क) स्थित कित्ता नं. २८१, २९७, २६९, २६८, २४२, २४३ र २९६ को क्षे.फ. क्रमशः १-०-१०-०, ०-१५-१५-०, ०-१५-५-०, ०-१०-०-०, १-०-०-०, ०-६-४-० र ०-१०-०-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैक लि. र ऋणी **जानकी सिमेन्ट इण्डष्ट्रीज प्रा.लि** कायम भई सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. NKJ851EXLHKH00790, ई.नं.8045.45*740-196185, सवारी नं. स १ क १७६, को Backhoe Loader थान १ ।
३. ऋणी **जानकी सिमेन्ट इण्डष्ट्रीज प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

केन्द्रिय कार्यालय टंगाल काठमाण्डौ फोन नं. ०१-४४४३०७८


# युवालाई 'रकेट इन्जिन' मान्नेदेखि निर्ब्याजी ऋण दिने दलहरूको घोषणा

### १० अर्बको स्टार्टअप कोष खडा गर्ने, १० लाख युवालाई उद्यमशीलताका लागि १० लाख रुपैयाँसम्म निर्ब्याजी कर्जा दिने, डिजिटल मुद्रादेखि नानो, ब्लकचेन, एआई, बायो र स्पेस टेक्नोलोजीको विकासलाई प्राथमिकता दिने प्रतिबद्धता

**सजना बराल** (काठमाडौं)

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि प्रस्तुत गरिएका घोषणापत्रमार्फत सबैजसो राजनीतिक दलहरूले युवा र जेन-जी पुस्तालाई रिझाउन र विशेष सम्बोधन गर्न खोजेका छन् । सूचना प्रविधि एवं डिजिटल क्षेत्रमा युवालाई केन्द्रमा राखेर कैयौं महत्त्वाकांक्षी एजेन्डा अघि सारिएको छ ।

मासिक १० जीबी डेटा निःशुल्क दिनेदेखि ४० प्रतिशत युवालाई 'रकेट इन्जिन' का रूपमा विकास गर्ने, १० अर्बको स्टार्टअप कोष खडा गर्ने, १० लाख युवालाई उद्यमशीलताका लागि १० लाख रुपैयाँसम्म निर्ब्याजी कर्जा दिने, डिजिटल मुद्रादेखि नानो, ब्लकचेन, एआई, बायो र स्पेस टेक्नोलोजीको विकासलाई प्राथमिकता दिने दलहरूको दाबी छ ।

२०७९ सालको आमनिर्वाचनमा पनि दलहरूले डिजिटल नेपाल, उन्नत सूचना प्रविधि, विद्युतीय सेवा प्रवाह, युवालक्षित स्टार्टअपका विषयलाई आफ्नो घोषणापत्रको केन्द्रमा राखेका थिए । यसपालि जेन-जी विद्रोहका कारण अकस्मात् चुनाव हुन लागेका बेला युवाकेन्द्रित वाचा अझै थपिएका हुन् । युवा, डिजिटल, प्रविधि, आईटी, स्टार्टअप, नवयुवा, जेन-जीजस्ता शब्द घोषणापत्रहरूमा बारम्बार प्रयोग भएका छन् ।



एमालेले युवाका लागि प्रशस्तै डिजिटल प्रतिबद्धता अघि सारे पनि घोषणापत्रमा जेन-जी शब्द उल्लेख गरेको छैन । यो दलले एआई, कन्टेन्ट क्रिएसन र डिजिटल मार्केटिङ, एप विकासजस्ता विषयमा तालिम दिएर आगामी ५ वर्षमा १० लाख युवालाई स्वरोजगार बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । 'युवालाई राष्ट्रिय विकाससँगै जोड्न प्राविधिक, व्यावसायिक, डिजिटल र नवप्रवर्तनसम्बन्धी सीप अभिवृद्ध गर्नेछौं,' कुल ३३ पटक युवा शब्द समावेश गरिएको एमालेको घोषणापत्रमा भनिएको छ, 'युवा र उद्यमीलाई १० हजार बराबरको डलर कार्ड उपलब्ध गराउँछौं ।' एमालेले एआई प्रविधिलाई सेवा क्षेत्रमा लागू गरिने उल्लेख गरेको छ ।

कांग्रेसले आफ्नो 'प्रतिज्ञापत्र' मा डिजिटल नेपालको माध्यमबाट सरकारी ढिलासुस्ती र भ्रष्टाचार अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ । यसले प्रविधि र नवप्रवर्तनलाई शिक्षासँग जोडेर युवालाई विश्व बजारमा प्रतिस्पर्धी बनाउने लक्ष्य लिएको छ । आधुनिक विकासका लागि कृषि, पर्यटन र ऊर्जासँगै सूचना प्रविधिलाई मुख्य क्षेत्रका रूपमा समावेश गरिएको छ ।

भिजन डकुमेन्टमा सर्वाधिक १२६ पटक 'युवा' शब्द प्रयोग गर्दै कांग्रेसले युवा उद्यमीहरूका लागि क्राउड फन्डिङ र भेन्चर क्यापिटलजस्ता वैकल्पिक वित्तीय उपकरणहरूको स्पष्ट कानुनी व्यवस्था गरी लगानी सुनिश्चित गर्ने, युवाको डिजिटल सिर्जनशीलताको प्रवर्धन र साइबर सुरक्षाका लागि कानुनी सुरक्षा सुनिश्चित गर्ने जनाएको छ । 'ई-स्पोर्ट्सलाई आधिकारिक मान्यता दिँदै गेमरहरूलाई प्रोफेसनल खेलाडीका रूपमा पहिचान गर्छौं,' व्यावहारिक पक्षमा थप भनिएको छ, 'कन्टेन्ट क्रिएटरहरू केन्द्रित भुक्तानी तथा अन्य व्यवस्थामा सहजीकरण र सीपमूलक कार्यक्रम सञ्चालन गर्छौं ।'

नेकपाको २३ बुँदे घोषणापत्रमा 'जेन जी पुस्ताका मुद्दा र आकांक्षाको सम्बोधन गर्न प्रतिबद्ध रहने' उल्लेख छ । नवप्रवर्तनलाई जोड दिँदै यस दलले अनुसन्धान र विकासलाई उच्च प्राथमिकतामा राखेर देशको समग्र विकास कार्य अघि बढाउने प्रतिज्ञा गरेको छ । राज्यको सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त-दुरुस्त बनाउन विशेष पहल गर्ने प्रतिबद्धता जनाइएको छ ।

रास्वपाले सूचना प्रविधि क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गरी १० वर्षमा १.५ अर्ब डलरको निर्यात पुऱ्याउने लक्ष्य अघि सारेको छ । स्टार्टअपका लागि अन्तर्राष्ट्रिय पेमेन्ट गेटवे र कर छुटको व्यवस्था गरिने, एआई र क्लाउड पूर्वाधारमा लगानी बढाउने रास्वपाको योजना छन् । बाँकी पृष्ठ ८

# सर्वदलीय संशोधन संयन्त्र...

त्यस्तै प्रतिज्ञापत्रको बुँदा १८ मा संविधान कार्यान्वयन र संघीयता कार्यान्वयनसँग बाझिएका, उपयोग नभएका औचित्यहीन कानुन खारेज गर्ने, बनाउनुपर्ने र प्रक्रियागत सहजीकरणका लागि आवश्यक कानुन एक वर्षभित्र बनाउने भनिएको छ ।

संविधानको संस्थागत विकास र संघीयताको सबलीकरण कांग्रेसले आफ्नो प्रतिज्ञापत्रमा उल्लेख गरेका कतिपय विषय संविधान संशोधनसँग सम्बन्धित रहेको उल्लेख छ । 'हाम्रो पार्टी, स्थापनाकालदेखि अंगीकार गर्दै आएका मार्गनिर्देशक सिद्धान्त एवं संविधानको भावना र सिद्धान्तलाई आत्मसात् गर्दै अभ्यासका क्रममा देखिएका कतिपय समस्यालाई संशोधनमार्फत सम्बोधन गरी संघीय प्रणाली र समावेशितालाई थप प्रभावकारी, जनमुखी र परिणाममुखी बनाउन सकिन्छ भन्ने ठान्दछ' कांग्रेसले भनेको छ ।

यसैगरी रास्वपाले संविधान संशोधनको प्रस्तावबारे 'बहसपत्र' तयार गर्ने उल्लेख गरेको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा बिहीबार सार्वजनिक रास्वपाको वाचापत्रमा भनिएको छ, 'सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावबारे बहसपत्र तयार गर्ने छौं ।'

रास्वपाले संविधान संशोधनका लागि तयार गरिने 'बहसपत्र' मा प्रत्यक्ष निर्वाचित कार्यकारीको अवधारणा राखिने जनाएको छ । उसले प्रत्यक्ष निर्वाचित कार्यकारीसँगै पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूपबारे छलफल चलाउने वाचापत्रमा लेखेको छ ।

त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, संवैधानिक परिषद् ऐन, २०६६ र न्याय परिषद् ऐन, २०७३ लाई संस्थागत क्षमता, क्षेत्राधिकार, नियुक्ति प्रक्रिया, कर्मचारी छनोटलगायतमा संशोधन गरी स्वतन्त्र, सक्षम र उत्तरदायी संवैधानिक निकायको संस्थागत सुशासन सुदृढ गर्ने उल्लेख छ ।

वाचापत्रको १०, ११, १३, १६ र १७ नम्बरमा संविधान संशोधनका विषय समेटिएका छन् । बुँदा नम्बर १३ मा उच्च अदालत तथा सर्वोच्चका न्यायाधीश नियुक्ति प्रक्रियामा दलगत प्रभाव, आन्तरिक प्रतिस्पर्धाको अभाव तथा भागबन्डा आधारित सिफारिसजस्ता प्रवृत्तिको अन्त्य गर्दै मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीमा आधारित नीतिगत व्यवस्था अवलम्बन गर्ने भनिएको छ । योग्यताक्रमका आधारमा छनोट भएका व्यक्तिलाई उच्च अदालत तथा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिका लागि न्याय परिषद्समक्ष सिफारिस गर्ने उल्लेख छ । साथै, प्रचलित कानुन र संविधानको मर्मअनुसार आरक्षण तथा समावेशिताको व्यवस्था सुनिश्चित गर्ने भनिएको छ । सार्वजनिक पद सम्हाल्नुअघि र पदबाट हटेपछि पनि सार्वजनिक गर्ने व्यवस्था गरिने उल्लेख छ ।

१७ नम्बर बुँदामा संघीय मन्त्रालयहरूको संख्या १८ मा सीमित गर्दै 'विज्ञ मन्त्री' र विशेषज्ञतामा आधारित कर्मचारी प्रशासनको नयाँ मानक स्थापित गर्ने भनिएको छ ।

बिहीबारै घोषणापत्र सार्वजनिक गरेको एमालेले भने संविधान संशोधनबारे केही उल्लेख गरेको छैन् । घोषणपत्रको दोस्रो 'च्याप्टर'मा संविधानको विषयमा केही कुरा मात्र लेखिएका छन् । घोषणापत्रमा स्पष्ट रूपमा संविधान संशोधन गरिने भनिएको छैन । परिपूर्ण लोकतन्त्र, संविधान, कानुनको सर्वोच्चता र सुशासन विषयमा लेखिएको उक्त 'च्याप्टर'मा करिब सात दशकसम्मका अकल्पनीय जोखिम र कष्टलगायतका कुराहरू गरेर २०७२ मा संविधान जारी गरिएको उल्लेख छ । संविधान संशोधन गर्ने उल्लेख छैन ।

यस्तै कुलमान घिसिङ नेतृत्वमा रहेको उज्यालो नेपालले घोषणापत्रमा संविधान संशोधन उल्लेख गरेको छ । सुशासनको हक कायम गर्ने, सांसदको संख्या घटाउने, मन्त्रालय संख्या घटाउने, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र स्थानीय निर्वाचन दलविहीन बनाइने गरी पाँच वटा बुँदा समावेश गरेको छ ।

नागरिकले समयमै सार्वजनिक सेवा पाउने, भ्रष्टाचारविरुद्ध उजुरी दिने र जवाफदेहिता खोज्ने हक संविधानमा मौलिक हकका रूपमा स्थापित गरिने उल्लेख छ । त्यस्तै प्रतिनिधिसभा सदस्य संख्या २७५ बाट २०९ कायम गर्ने तथा प्रदेशसभा सदस्य संख्या पनि कटौती गरी ५५० बाट ३३० मा झारिने प्रस्ताव घोषणापत्रमा छ ।

संघमा १५ मन्त्रालय र प्रदेशमा ५ देखि ७ मन्त्रालय रहने तर मन्त्रिमण्डलमा राज्यमन्त्री र सहायकमन्त्री नराख्ने व्यवस्थाका लागि पहल गरिने उल्लेख छ । प्रदेश सरकारको स्थायित्वका लागि प्रदेशका मुख्यमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरिने उल्लेख छ । विकासलाई गति दिन र विकासमा दलगत स्वार्थभन्दा साझा सहमति कायम गर्ने संस्कारको विकास गर्न स्वतन्त्र उम्मेदवारबीच मात्र प्रतिस्पर्धा हुने गरी स्थानीय निर्वाचनलाई निर्दलीय बनाइने घोषणापत्रमा उल्लेख छ ।

त्यस्तै शासकीय स्वरूपअन्तर्गत बेजिल्ला र विदेशबाट निर्वाचनमा मतदानको व्यवस्था गर्ने र नो-भोटको पनि व्यवस्था गरिने उल्लेख छ ।

यस्तै नेकपाले पनि घोषणापत्रमा संविधान संशोधनको एजेन्डालाई समेटेको छ । 'वर्तमान संविधानको सकारात्मक पक्षको रक्षा र सुदृढीकरण गर्दै शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीय संरचनाको सुदृढीकरणलगायत विषयमा युवा पुस्ताको भावनाको समेत आधारमा संविधान संशोधन र अग्रगामी परिमार्जन गर्ने' नेकपाको प्रतिबद्धता छ ।

नेकपाले शासकीय स्वरूपमा आमूल परिवर्तन गर्न नियन्त्रण र शक्ति सन्तुलन हुने गरी शासकीय स्वरूप परिमार्जन गर्ने, विद्यमान निर्वाचन प्रणाली अत्यन्त खर्चिलो र भड्किलो भएकाले यसले भ्रष्टाचारलाई बढावा दिएका कारण यसलाई संशोधन गर्ने भनेको छ । निर्वाचित सांसद विधायिकी भूमिकामा रहने र हालको २५ सदस्यीय मन्त्रिपरिषद्लाई घटाएर विषयगत विज्ञहरू सम्मिलित सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था उल्लेख गरेको छ ।

राष्ट्रिय सभालाई उत्पीडित वर्ग, क्षेत्र तथा समुदाय र राष्ट्रिय जीवनमा विशिष्ट भूमिका निर्वाह गरेका व्यक्तिको प्रतिनिधित्व हुने सभाका रूपमा स्थापित गर्ने र प्रदेशको शासकीय स्वरूपमा परिमार्जन गरी प्रदेशसभा र प्रदेश सरकारको गठन तथा सञ्चालनमा प्रदेशका राजनीतिक दलहरूलाई नै जवाफदेही बनाइने नेकपाको प्रतिबद्धता छ । आदिवासी आयोग, थारू आयोग, भाषा आयोग, जनजाति उत्थान प्रतिष्ठान, समावेशी आयोगलगायतका संवैधानिक आयोगबीच देखिएको अधिकार र कार्यक्षेत्रको दोहोरोपनलाई हटाई पुनःसंरचना गरिने र आयोगहरूलाई स्रोत-साधन सम्पन्न बनाइने उल्लेख छ ।

राप्रपाले भने आगामी निर्वाचनपछि संविधान संशोधनमार्फत वर्तमान संविधानमा आमूल परिवर्तन गर्नुपर्ने भएकाले दुई तिहाइ मत दिन आह्वान गर्दै शासकीय स्वरूपमा परिवर्तन गर्ने जनाएको छ । उसले अभिभावकीय संस्थाका रूपमा राजसंस्था राख्नुपर्ने प्रस्ताव अघि सारेको छ । वर्तमान खर्चिलो तथा अस्थिर निर्वाचन प्रणालीमा व्यापक परिवर्तन र सुधार गर्दै प्रदेश खारेज गर्दै केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचना मात्र हुनुपर्ने भनेको छ । त्यस्तै सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र हुनुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ ।

'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं' भन्दै उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६ पछिका उच्च पदस्थ नेता तथा कर्मचारीको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने कानुनी व्यवस्था मिलाउने भनेको छ । राजनीतिक हस्तक्षेपमुक्त संवैधानिक नियुक्तिको व्यवस्था गरिनेछ र न्यायपालिकामा देखिएको विकृति र विसंगति अन्त्य गर्न गुमेको विश्वसनीयता पुनःस्थापित गर्न र पूर्ण न्यायिक बनाउन न्यायपालिकामा पुनःसंरचना/पुनर्नियुक्तिको व्यवस्था गरिने घोषणापत्रमा उल्लेख छ ।

# सय खर्बको अर्थतन्त्र...

कृषि, ऊर्जा, उद्योग, पर्यटन, भौतिक पूर्वाधार, सहरी पूर्वाधार, आवास व्यवस्थापन, सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्स, सिँचाइ, वन तथा वातावरण गरी दस क्षेत्रलाई नेपाली अर्थतन्त्रका प्रमुख संवाहक क्षेत्र निर्धारण गर्ने एमालेले जनाएको छ ।

रास्वपाले पाँच वर्षमा औसत ७ प्रतिशत (स्थिर मूल्यमा) आर्थिक वृद्धि प्राप्त गर्ने लक्ष्य तय गरेको छ । पाँच वर्षमा प्रतिव्यक्ति आय ३ हजार अमेरिकी डलरभन्दा बढी र अर्थतन्त्रको आकार १ सय खर्ब नजिक पुऱ्याउने रास्वपाको लक्ष्य छ । राज्यको राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करका बोझ घटाउने, भूतप्रभावी कर नलगाउने र पारिवारिक भारका आधारमा आयकरको सीमा तोक्ने घोषणापत्रमा उल्लेख छ ।

तीन दशकदेखि स्थिर रहेको भारुसँग नेपाली मुद्राको विनिमय दर पुनरावलोकन गर्ने, लगानी प्रोत्साहन गर्ने 'वान स्टेप' सेवा र १२ वर्षदेखि गतिहीन रहेका राष्ट्रिय गौरवका आयोजनालाई २ वर्षभित्र सम्पन्न गर्ने, सहकारी र लघुवित्तको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैरवित्तीय क्षेत्रलाई राष्ट्र बैंकको नियमनभित्र ल्याउने र ५० करोडभन्दा बढीको कारोबार गर्ने सहकारी र लघुवित्तलाई राष्ट्र बैंकको नियमन र साना संस्थाहरू नियमन गर्न उच्चअधिकार सम्पन्न दोस्रो तहको नियामक निकाय गठन गर्ने रास्वपाको योजना छ । पुँजी बजारलाई व्यवस्थित बनाउन नियामक निकाय धितोपत्र बोर्डको पुनःसंरचना गरी आवश्यक स्वायत्तता दिइने, नेप्से र सीडीएससीको पुनःसंरचना गरिने पनि उल्लेख छ ।

सहकारी ठगी गरेर जेल चलान गरिएका तथा पुर्पक्षका लागि थुनामा रहेका सञ्चालक तथा व्यवस्थापकलाई सर्तसहित जेलबाहिर निकाल्ने वाचा रास्वपाले गरेको छ । वाचापत्रमा सहकारी र लघुवित्त क्षेत्रको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैरबैंकिङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैंकको प्रत्यक्ष र शक्तिशाली सुपरिवेक्षण प्रणालीभित्र ल्याउने वाचा गरेको छ ।

'हाम्रो उद्देश्य सञ्चालकहरूलाई जेल हाल्नु मात्र होइन, बरु बचतकर्ताको पैसा फिर्ता गराउनु हो । त्यसैले, थुनेर होइन, सुनेर समाधान गर्ने नीतिअनुरूप यदि कुनै सहकारी वित्तीय संस्थाका सञ्चालक वा व्यवस्थापन पक्ष बचतकर्ताको रकम फिर्ता गर्न तयार छन् र उनीहरूसँग भरपर्दो स्रोत एवं योजना छ भने, मिलापत्रका लागि कानुनी बाटो प्रशस्त गरिदिनेछौं,' वाचापत्रमा लेखिएको छ । रास्वपाले साना बचतकर्ताको रकम आफ्नो नेतृत्वमा सरकार गठन भएको १०० दिनमा फिर्ता गर्ने वाचा गरेको छ । त्यो रकम कसले फिर्ता गर्ने र कतिसम्मको रकमलाई साना बचतकर्ता भन्नेबारे भने वाचापत्रमा उल्लेख गरिएको छैन । यस्तै, नेकपाले प्रतिबद्धतापत्रमार्फत नयाँ चरणको आर्थिक सुधारको परिकल्पना गरेको छ । प्राकृतिक स्रोतहरूको विवेकशील, दिगो र उत्पादनमुखी उपयोग, स्वदेशी र वैदेशिक लगानीमा वृद्धिमार्फत पाँच वर्षभित्र दोहोरो अंकको (१० प्रतिशतभन्दा माथिको) आर्थिक वृद्धिदर हासिल गर्ने नेकपाको लक्ष्य छ । पाँच वर्षमा हालको बहुआयामिक गरिबीको दर २०.१५ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झार्ने घोषणापत्रमा उल्लेख छ ।

नेकपाले कृषि तथा ग्रामीण अर्थतन्त्र रूपान्तरण, ऊर्जा तथा पूर्वाधार विकास, औद्योगिक तथा उद्यमशीलता प्रवर्द्धन, सूचना प्रविधि तथा डिजिटल अर्थतन्त्र, पर्यटन तथा सेवा क्षेत्रको गुणस्तरीय विकास र सामाजिक क्षेत्रलाई मुख्य ६ प्राथमिक क्षेत्र तोकेको छ । स्वदेशी उद्योग, नवप्रवर्तन स्टार्टअप, साना तथा मझौला उद्यमलाई प्रोत्साहन, प्रादेशिक विशिष्ट आर्थिक अभियान डिजिटल पूर्वाधार, ई-कमर्स तथा आईटी उद्योग विकास, नीतिगत सुधार पनि घोषणापत्रमा छ । यसरी प्रतिवर्ष १ लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक ५ लाख रोजगारी सुनिश्चित गरिने नेकपाको नीति छ ।

यस्तै, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले प्रतिबद्धतापत्रमार्फत आगामी दुई दकशभित्र दोहोरो अंकको आर्थिक वृद्धिको लक्ष्य तय गरेको छ । भारत र चीनको आर्थिक तथा भौतिक विकाससँग एकाकार हुँदै प्राकृतिक तथा मानवीय स्रोत, स्वदेशी तथा अन्य विदेशी पुँजी र प्रविधिको उच्चतम प्रयोग र परिचालन गरिने पनि घोषणापत्रमा उल्लेख छ । घोषणापत्रमा भनिएको छ, 'संघीयस्तरबाट विकास गरिने रणनीतिक महत्त्वका योजनाहरूमा खासगरी ऊर्जा सुरक्षा (ठूला जलविद्युत् र प्रसारण लाइन), ४ र ६ लेन सडक, रेलमार्ग, विमानस्थल, केवलकार, हिमाली बृहत् पदमार्ग, ठूला सिँचाइ, विशेष औद्योगिक क्षेत्र, खानी उद्योग, वातावरण संरक्षण, विज्ञान प्रविधि तथा अनुसन्धान, खेलकुद, उपग्रह आदि समावेश हुनेछन् ।'

उज्यालो नेपाल पार्टीले निर्वाचन प्रतिबद्धतापत्र सार्वजनिक गर्दै समृद्धितर्फ स्वदेशी पुँजी परिचालन गर्दै निजी क्षेत्र, सहकारी र समुदायबीच सहकार्य विस्तार गर्ने र आवश्यक प्राथमिकता क्षेत्रहरूमा वैदेशिक लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिएको छ । २०३० सम्म कुल गार्हस्थ्य उत्पादन ७० अर्ब अमेरिकी डलर र २०३५ सम्म १११ अर्ब अमेरिकी डलर पुऱ्याउने, २०३५ सम्म नेपाललाई उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने, निर्यातलाई २०३० मा १० अर्ब डलर र २०३५ सम्म २० अर्ब डलरसम्म विस्तार गर्ने तथा प्रतिवर्ष करिब १० लाख थप रोजगारी सिर्जना गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

# दलहरूको प्राथमिकतामा...

राजनीतिक दलहरूले घोषणापत्रमा समेटे पनि यो रेलमार्ग योजना अलपत्र छ । पूर्व-पश्चिम रेलमार्गमा भारतीय सरकारको अनुदानमा सञ्चालन हुने कामसमेत रोकिएको छ । करिब २० अर्ब रुपैयाँ खर्च गरेर ५ वर्षअघि तयार गरिएको रेलवे ट्र्याक र रेल पुल सञ्चालनमा आउनुअघि नै जीर्ण बनेको छ ।

जोखिमयुक्त तुइन र झोलुंगे पुल विस्थापित गरी सुरक्षित पहुँच र ग्रामीण सडक सञ्जाल दिगो रूपमा सञ्चालन हुने बनाई यात्रा तथा मालवस्तुको ढुवानी खर्च र मूल्य घटाउने कांग्रेसले भनेको छ । पूर्व-पश्चिम राजमार्गको सबै खण्डलाई चार लेनमा विस्तार र स्तरोन्नति गरी निर्माण सम्पन्न गर्ने, काठमाडौं-तराई द्रुत मार्ग सम्पन्न गर्न सबै प्रकारको सहजीकरण गर्ने कांग्रेसको घोषणापत्रमा उल्लेख छ । बीपी राजमार्गको पुनर्निर्माण कार्य द्रुत गतिमा र कान्ति लोकपथको कालोपत्र गर्न बाँकी खण्ड १ वर्षभित्रै सम्पन्न गरी राजधानी प्रवेशको स्थायी वैकल्पिक मार्ग सुनिश्चित गर्ने कांग्रेसले जनाएको छ ।

दलहरूले सार्वजनिक यातायात र तिनका पूर्वाधारलाई पनि जोड दिएको छ । यातायात सेवाहरूको सञ्चालन आधुनिकीकृत गर्ने, काठमाडौं उपत्यकामा चल्ने नयाँ सार्वजनिक यातायातका साधन विद्युतीय बनाउने, सार्वजनिक यातायातमा धेरै यात्रु क्षमताका साधनलाई प्राथमिकता दिँदै बिसौनी र चढ्ने-ओराल्नेमा पंक्ति प्रणाली, नयाँ, सजिला रुट निर्माण एकअर्कामा अन्तरसम्बन्धित एकीकृत यात्रा व्यवस्था गरी दूरीका आधारमा टिकट तथा भाडामा हिस्सेदारीसहितको स्मार्ट ट्रान्जिट प्रणाली एक वर्षभित्र लागू गर्ने कांग्रेसको घोषणापत्रमा छ ।

निजी क्षेत्रको उल्लेख्य लगानी रहेको र १० लाखभन्दा बढीको रोजगारी रहेको यातायात क्षेत्रलाई व्यवस्थित, मर्यादित र यात्रुमैत्री बनाउन सबै सरोकारवालाको प्रतिनिधित्व रहने अधिकार सम्पन्न यातायात प्राधिकरण स्थापना गर्नेसमेत कांग्रेसले भनेको छ । सरकारले नै काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिसकेको अवस्था छ । नेकपाले सहरी क्षेत्रमा सवारीको चाप व्यवस्थापन गर्न मेट्रोरेल, मोनोरेल, पडवे, फास्टट्र्याक तथा धेरै यात्रु बोक्ने बस सेवा सञ्चालन गर्ने, सार्वजनिक यातायात पुनःसंरचना गरी ठूला सहरमा विद्युतीय बस सेवा विस्तार गर्ने घोषणापत्रमा उल्लेख गरेको छ । प्रमुख आन्तरिक विमानस्थलहरूलाई दैनिक १८ घण्टासम्म सञ्चालन गर्नेसमेत नेकपाले जनाएको छ ।

ऊर्जा क्षेत्रमा नीतिगत सुधारदेखि कुल जडित क्षमता बढाउने दलहरूले घोषणा गरेका छन् । कांग्रेसले आगामी ५ वर्षमा सौर्य आयोजना र जलविद्युत् आयोजनासहित १० हजार मेगावाटका आयोजना निर्माण चरणमा लैजाने वातावरण मिलाउने घोषणा गरेको छ । नीतिगत र नियामकीय सुधार गरी १२ सय मेगावाटको बुढीगण्डकी र ६६५ मेगावाटको दूधकोशीजस्ता ठूला आयोजना अघि बढाउने योजना अघि सारेको छ । विगत ३० वर्षदेखि अलपत्र रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना (५०४०) लाई राष्ट्रिय हितको अधिकतम रक्षा गर्दै प्राविधिक र राजनीतिक सहमतिमार्फत कार्यान्वयनमा लैजान गम्भीर पहल गर्ने कांग्रेसले आफ्नो घोषणापत्रमा लेखेको छ ।

सबै प्रकृतिका जलविद्युत् आयोजनाहरूको उत्पादन र प्रसारण अनुमतिपत्र अवधि ५० वर्ष सुनिश्चित गर्नेदेखि टेक अर पे सिद्धान्तकै आधारमा विद्युत् खरिद-बिक्री सम्झौतालाई निरन्तरता दिने कांग्रेसले भनेको छ । नेकपाले पनि आगामी ५ वर्षमा १० हजार मेगावाट थप गर्ने लक्ष्य लिएको छ । नयाँ आयोजनाहरूको विद्युत् खरिद सम्झौता (पीपीए) खोल्ने र ऊर्जा क्षेत्रमा स्वदेशी तथा बाह्य लगानी अभिवृद्धि गर्न नीतिगत तथा कानुनी सुधार गर्ने नेकपाले योजना ल्याएको छ ।

एमालेले १०६३ मेगावाटको माथिल्लो अरुण, ६७० मेगावाटको दूधकोशी र १२ सय मेगावाटको बुढीगण्डकी आयोजनाको कार्यान्वयन गर्ने योजना अघि सारेको छ । निजी विद्युत् आयोजना निर्धारित समयमा सम्पन्न गर्नेसमेत एमालेको घोषणापत्रमा उल्लेख छ । रास्वपाले आगामी दशकमा ३० हजार मेगावाट विद्युत् जडित क्षमता हासिल गर्ने जनाएको छ । ऊर्जा उद्यमीहरूले ८ मन्त्रालय र २३ विभाग धाउनुपर्ने जटिल व्यवस्थाको अन्त्य गर्दै एकलद्वार सेवाको अवधारणा कार्यान्वयन गर्नेसमेत रास्वपाले समेटेको छ । विद्यमान ३५ वर्षे उत्पादन अनुमतिको व्यवस्थामा एकरूपता कायम गरी ५० वर्षको पुऱ्याउने, सन् २०३५ सम्म प्रतिव्यक्ति वार्षिक बिजुलीको खपत १५ सय किलोवाट आवर पुऱ्याउने रास्वपाले आफ्नो वाचापत्रमा लेखेको छ । उज्यालो नेपालले सम्पूर्ण घरपरिवारलाई प्राथमिक सेयर मूल्यमा कम्तीमा १ हजार कित्ता जलविद्युत् आयोजनाको सेयर उपलब्ध गराइने भनेको छ । पीपीए भएको ३० वर्षपछि सरकारलाई हस्तान्तरण हुने जलविद्युत् आयोजनाको राजस्वबाट प्राप्त २० प्रतिशत रकम जनताको जलविद्युत् कोषमा राख्ने व्यवस्था मिलाउने उनेपाको घोषणापत्रमा उल्लेख छ ।


## शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय
गेटा, कैलाली

### करार सेवामा शिक्षकका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/०८**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय गेटा, कैलाली अन्तर्गत स्वास्थ्य विज्ञानका तपसिल बमोजिमका पदहरूमा खुला प्रतियोगिताद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरूबाट यो सूचना प्रकाशन भएको मिती २०८२/११/०८ देखि २०८२/११/१४ गते राति १२:०० वजे भित्र विश्वविद्यालयको वेवसाइट www.dcuhs.edu.np मा उपलब्ध आवेदन फारम भरी इमेल vacancy@dcuhs.edu.np मा दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. शैक्षिक पदहरुः

| पदः प्राध्यापक/ सहप्राध्यापक | | | | पदः उपप्राध्यापक | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | विज्ञापन न. | विषय | माग पद संख्या | क्र.स | विज्ञापन न. | विषय | माग पद संख्या |
| १. | १/DCUHS/०८२-०८३ | एनाटोमी | १ | १. | २६/DCUHS/०८२-०८३ | एनाटोमी | २ |
| २. | २/DCUHS/०८२-०८३ | फिजियोलोजी | १ | २. | २७/DCUHS/०८२-०८३ | फिजियोलोजी | २ |
| ३. | ३/DCUHS/०८२-०८३ | प्याथोलोजी | १ | ३. | २८/DCUHS/०८२-०८३ | प्याथोलोजी | २ |
| ४. | ४/DCUHS/०८२-०८३ | माइक्रोबायोलोजी | १ | ४. | २९/DCUHS/०८२-०८३ | माइक्रोबायोलोजी | २ |
| ५. | ५/DCUHS/०८२-०८३ | बायोकेमेस्ट्री | १ | ५. | ३०/DCUHS/०८२-०८३ | बायोकेमेस्ट्री | २ |
| ६. | ६/DCUHS/०८२-०८३ | कम्युनिटी मेडिसिन | १ | ६. | ३१/DCUHS/०८२-०८३ | कम्युनिटी मेडिसिन | २ |
| ७. | ७/DCUHS/०८२-०८३ | फोरेन्सिक मेडिसिन | १ | ७. | ३२/DCUHS/०८२-०८३ | फोरेन्सिक मेडिसिन | २ |
| ८. | ८/DCUHS/०८२-०८३ | फार्माकोलोजी | १ | ८. | ३३/DCUHS/०८२-०८३ | फार्माकोलोजी | २ |
| ९. | ९/DCUHS/०८२-०८३ | नर्सिङ्ग | १ | ९. | ३४/DCUHS/०८२-०८३ | नर्सिङ्ग | २ |
| १०. | १०/DCUHS/०८२-०८३ | इन्टरनल मेडिसिन | २ | १०. | ३५/DCUHS/०८२-०८३ | इन्टरनल मेडिसिन | ३ |
| ११. | ११/DCUHS/०८२-०८३ | ई.एन.टि. | १ | ११. | ३६/DCUHS/०८२-०८३ | ई.एन.टि. | २ |
| १२. | १२/DCUHS/०८२-०८३ | अब्स एण्ड गाईने | १ | १२. | ३७/DCUHS/०८२-०८३ | अब्स एण्ड गाईने | ३ |
| १३. | १३/DCUHS/०८२-०८३ | जनरल सर्जरी | २ | १३. | ३८/DCUHS/०८२-०८३ | जनरल सर्जरी | ३ |
| १४. | १४/DCUHS/०८२-०८३ | एनेस्थेसियोलोजी | २ | १४. | ३९/DCUHS/०८२-०८३ | एनेस्थेसियोलोजी | २ |
| १५. | १५/DCUHS/०८२-०८३ | डर्माटोलोजी | १ | १५. | ४०/DCUHS/०८२-०८३ | डर्माटोलोजी | २ |
| १६. | १६/DCUHS/०८२-०८३ | डेन्टल सर्जरी | १ | १६. | ४१/DCUHS/०८२-०८३ | डेन्टल सर्जरी | २ |
| १७. | १७/DCUHS/०८२-०८३ | पिडियाट्रीक्स | १ | १७. | ४२/DCUHS/०८२-०८३ | पिडियाट्रीक्स | ३ |
| १८. | १८/DCUHS/०८२-०८३ | रेडियोलोजी | १ | १८. | ४३/DCUHS/०८२-०८३ | रेडियोलोजी | २ |
| १९. | १९/DCUHS/०८२-०८३ | साइक्याट्री | १ | १९. | ४४/DCUHS/०८२-०८३ | साइक्याट्री | २ |
| २०. | २०/DCUHS/०८२-०८३ | अर्थोपेडिक्स | १ | २०. | ४५/DCUHS/०८२-०८३ | अर्थोपेडिक्स | ३ |
| २१. | २१/DCUHS/०८२-०८३ | जनरल प्राक्टिस | १ | २१. | ४६/DCUHS/०८२-०८३ | जनरल प्राक्टिस | २ |
| २२. | २२/DCUHS/०८२-०८३ | अप्थाल्मोलोजी | १ | २२. | ४७/DCUHS/०८२-०८३ | अप्थाल्मोलोजी | २ |
| २३. | २३/DCUHS/०८२-०८३ | मेडिकल एजुकेशन | १ | २३. | ४८/DCUHS/०८२-०८३ | मेडिकल एजुकेशन | २ |

२. फारम बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट तोकिएको समय भित्र आवेदन पेश गर्न सकिनेछ।

३. विज्ञापन सम्बन्धि थप जानकारी विश्वविद्यालयको वेवसाइट www.dcuhs.edu.np बाट वा विश्वविद्यालयको प्रशासन कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

**विश्वविद्यालय प्रशासन**


# युवालाई 'रकेट इन्जिन'...

डिजिटल नोम्याड भिसा र रिमोट वर्कलाई कानुनी मान्यता दिइने प्रतिबद्धता छ । नेपाललाई 'ग्लोबल टेक हब बनाउन सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी ५ लाख प्रत्यक्ष रोजगारी सुनिश्चित गर्नेछौं,' वाचापत्रमा भनिएको छ, 'समग्र डिजिटल इकोसिस्टम निर्माणका लागि सञ्चार पूर्वाधार, सार्वजनिक डिजिटल पूर्वाधार, डेटा सेन्टर, क्लाउड सेवा, साइबर सुरक्षा, वैयक्तिक विवरणको गोपनीयता र सुरक्षा विधि तथा उच्च-गतिको कनेक्टिभिटीमा प्राथमिकताका साथ लगानी गर्नेछौं ।' प्रविधिमा विशेष जोड दिएको रास्वपाले वाचापत्रमा 'डिजिटल' शब्द ३० पटक, प्रविधि शब्द २१ पटक र रोजगारी शब्द ११ पटक प्रयोग गरेको छ ।

राप्रपाले समृद्धिका प्रमुख ६ आधार स्तम्भमध्ये सूचना, प्रविधि र सुशासनलाई चौथो नम्बरमा राख्दै सूचना प्रविधिको अधिकतम उपयोग गरेर नागरिक जीवनलाई सहज र सुगम बनाइने संकल्प व्यक्त गरेको छ । पाँच वर्षभित्रै सबै सरकारी सेवा कागजविहीन बनाउने लक्ष्य सार्वजनिक गरेको छ । 'एकै डिजिटल पोर्टल वा एपमार्फत नागरिकता, राहदानी, कर, जग्गा, लाइसेन्स तथा सामाजिक सुरक्षाजस्ता सेवाहरू सहज, पारदर्शी तथा दलाल-झन्झटमुक्त रूपमा उपलब्ध गराइनेछ,' संकल्पमा भनिएको छ, 'विद्यालय तहदेखि नै कोडिङ, डेटा, एआई तथा साइबर सुरक्षाजस्ता सीपहरू पाठ्यक्रममा समावेश गरिनेछ । एआई ट्रेनिङ तथा कन्टेन्ट मोडरेसलाई प्राथमिकता दिइनेछ ।'

त्यस्तै, नेकपा (संयुक्त) ले सूचना प्रविधि क्षेत्रलाई उद्योगका रूपमा विकास गरी स्थानीय आईटी उत्पादन र स्टार्टअपहरूलाई कर छुट र अनुदान दिने वाचा गरेको छ । देशका सबै पालिकामा उच्च गतिको इन्टरनेट र मोबाइल नेटवर्क सुनिश्चित गरिने, आगामी ४/५ वर्षमा १ लाखभन्दा बढी युवालाई सूचना-प्रविधि उद्यममा जोडेर युवा पलायन रोकिने, विदेशमा रहेका नेपाली प्रतिभालाई आकर्षित गर्न रिमोट वर्क भिसा, फेलोसिप र करमैत्री नीति लागू गरिने, ड्रोन तथा रोबोटको उपयोग र अनुसन्धानका लागि विशेष संरचना र लगानी गरिने यस दलको अठोट छ ।

उज्यालो नेपाल पार्टीले १३ सहरमा पूर्ण रूपमा स्मार्ट सिटी सञ्चालन गर्ने योजना अघि सारेको छ । यसका लागि आईओटी र एआईमा आधारित ट्राफिक तथा डेटा मनिटरिङ गरिने जनाएको छ । यस दलले १० अर्बको स्टार्टअप कोष स्थापना गरी सबै प्रदेशमा आईटी पार्क बनाउने, ५ वर्षमा ६ लाख युवालाई कोडिङ, एआई र साइबर सुरक्षाको तालिम दिइने, डिजिटल आईडीमार्फत किसानलाई सिधैं अनुदान दिने र विद्यालयमा डिजिटल कक्षा सञ्चालन गर्ने प्रतिबद्धता प्रस्तुत गरेको छ ।

जसपा नेपालले प्रत्येक प्रदेशमा एआईमा आधारित आधुनिक प्रविधियुक्त अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्ने अठोट व्यक्त गरेको छ । यस दलले आधुनिक डिजिटल राज्य निर्माण र जेन-जी पुस्ताका आकांक्षा सम्बोधन गर्ने विषयलाई केन्द्रमा राखेको छ । 'भर्टिकल फार्मिङ प्रवर्द्धनमार्फत आगामी ५ वर्षभित्र ५० लाख रोजगारी सिर्जना गरिनेछ,' जसपाको वाचा छ, 'शतप्रतिशत नगदरहित अर्थतन्त्रमार्फत पारदर्शिता र शून्य भ्रष्टाचारतर्फ उन्मुख वित्तीय प्रणाली निर्माण गरिनेछ ।'

प्रगतिशील लोकतान्त्रिक पार्टीले एआई, नानो र स्पेस टेक्नोलोजीको विकासलाई प्राथमिकता दिने बताएको छ । विज्ञान र प्रविधिमा कुल गार्हस्थ्य आयको ३ प्रतिशतसम्म लगानी पुऱ्याउने यसको दीर्घकालीन लक्ष्य छ । ई-गभर्नेन्स र डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन गरिने, सूचना प्रविधिलाई ज्ञान निर्माण र सहज सेवा प्रवाहको साधन बनाइने र सामाजिक सञ्जालको मर्यादित प्रयोगका लागि शिक्षण संस्था र नागरिकबीच सचेतना अभियान चलाइने यस दलको प्रतिबद्धता छ ।

'भूमण्डलीकरण, एआई आदि प्रविधि र विज्ञानको विकासले २१ औं शताब्दीको विश्व पुरानो समयभन्दा फरक भएको छ, समकालीन विश्व परिवर्तनलाई आत्मसात् गरी राष्ट्रिय सहमतिमा नेपालको नयाँ विश्वदृष्टिकोण निर्माण गर्न पहल गरिनेछ,' प्रलोपाको पत्रमा भनिएको छ, 'भ्रष्टाचार, ढिलासुस्ती न्यूनीकरण गर्न सबै सार्वजनिक सेवामा डिजिटल र ब्लकचेन प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।'


HELVETAS NEPAL | SaMi Safer Migration Programme

## CALL FOR EXPRESSION OF INTEREST (EoI)

**Date of first publication: February 20, 2026**

The Safer Migration (SaMi) Programme is a bilateral initiative of the governments of Nepal and Switzerland. The programme is implemented in partnership between federal, provincial, and local governments. Helvetas Nepal provides technical assistance to the programme on behalf of the Swiss Agency for Development and Cooperation (SDC).

To provide technical support to implement the paralegal services of the programme, SaMi/Helvetas Nepal invites Expression of Interest (EoI) from interested and eligible NGOs.

1. EoI application:
   - NGOs meeting the criteria as per Section -7 of this EoI are requested to submit an Expression of Interest in the given template along with the requested documents.
   - Joint ventures (JVs) or associations with other NGOs are not permitted.
2. EoI documents can be downloaded from: https://notice.helvetasnepal.org/. Any queries related to the EoI documents must be submitted by February 25, 2026, to sami.np@helvetas.org. A compiled response to all the queries will be posted on the same website on February 27, 2026.
3. Pre-application conference (online): February 26, 2026, at 11 AM. Interested NGOs may submit a request for the online meeting link to sami.np@helvetas.org by 5 PM on February 25, 2026, to participate in the meeting.
4. **Submit the completed EoI to the following address:**
   Safer Migration (SaMi) Programme
   Programme Support Unit, Helvetas Nepal
   Dhobighat, Lalitpur, Nepal, M8G5+CP
   Telephone: +977-1-54 21 063, 54 37 148
5. **The deadline for the EoI submission is March 09, 2026, on or before 5 PM.**
6. EoI will be evaluated based on pre-defined criteria, and supporting documents will be thoroughly reviewed. Providing false or misleading information will result in immediate disqualification. NGOs are solely responsible for the accuracy and authenticity of the submitted documents.
7. Only the selected NGO will be contacted for the due diligence procedure.
8. The selected NGO will serve as the Operational Partner of the SaMi Programme. The initial Partnership duration is fourteen (14) months, with the possibility of extension based on performance and availability of funds.
9. Any attempt to influence the selection process will result in disqualification.
10. SaMi/Helvetas Nepal reserves the right to accept or reject any or all applications without assigning any reason.

**Safer Migration (SaMi)/Helvetas Nepal**
**Dhobighat, Lalitpur, Nepal, Email: sami.np@Helvetas.org**

# आकर्षक र महत्त्वाकांक्षी घोषणा...

'देश न कुनै एक पुस्ताको निजी सम्पत्ति हो, न त रिस र आवेगको प्रयोगशाला,' उनले भने, 'देश चलाउन अनुभव चाहिन्छ, ऊर्जा चाहिन्छ, भावी पुस्ताप्रति उत्तरदायित्व र युवा पुस्ताको सहभागिता, सक्रियता, भूमिका र साथ चाहिन्छ । त्यसैले यो निर्वाचन पुस्तान्तरणको होइन ।'

राजनीतिक दलहरूले भ्रष्टाचार नियन्त्रणका लागि सम्पत्ति छानबिन आयोग गठन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरा विस्तार, लोकपाल/जनलोकपाल गठन, डिजिटल पारदर्शिता जस्ता विषयमा प्रतिबद्धता व्यक्त गरेका छन् ।

भ्रष्टाचार तथा अन्य फौजदारी मुद्दा लागेको व्यक्ति निर्वाचन लड्न नपाउने, पदमा नरहने व्यवस्था कानुनमै गर्ने प्रतिज्ञा कांग्रेसको छ । मन्त्री, सांसद वा उच्च पदस्थ व्यक्तिहरूले शपथ लिनुपूर्व र पद छाडेपछि आफ्नो सम्पत्तिको सार्वजनिक घोषणा गर्ने व्यवस्था अनिवार्य गर्ने कानुनी व्यवस्थामा पनि प्रतिबद्धता गरिएको छ ।

भ्रष्टाचारविरुद्ध उदाहरणीय र प्रभावकारी कानुनी कारबाहीको अभियान सञ्चालन गर्ने एमालेको प्रतिबद्धता छ । 'शून्य सहनशीलताको नीतिलाई आधुनिक प्रविधि र सशक्त कानुनी संयन्त्रमार्फत कठोर रूपमा कार्यान्वयन गर्ने छौं,' एमालेले घोषणापत्रमा भनेको छ, 'भ्रष्टाचारको निगरानी र अनुसन्धानका लागि कृत्रिम बौद्धिकतामा आधारित डिटेक्सन प्रणालीको प्रयोग सुरु गर्ने छौं ।'

एमालेले सम्पत्ति छानबिनको विषय उठाएको तर प्रस्ट केही भनेको छैन । राप्रपाले २०४६ पछिका उच्च पदस्थ नेता-कर्मचारीको सम्पत्ति छानबिनका लागि नागरिक आयोग बनाउने प्रतिबद्धता जनाएको छ । रास्वपाले ०४६ सालदेखि सार्वजनिक पदमा आसीन व्यक्तिहरूको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गर्ने, अवैध रूपमा आर्जित प्रमाणित सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्ने स्पष्ट कार्यविधि तयारी गर्ने, ट्रेड युनियन खारेज गर्ने भनिएको छ । जसपाले जनलोकपाल गठन गरेर सम्पत्ति छानबिन गर्ने प्रतिबद्धता जनाएको छ ।

कांग्रेसले बिहीबार राष्ट्रिय सभागृहबाट प्रतिज्ञापत्र सार्वजनिक गरेको हो । पहिले 'घोषणापत्र' भन्ने गरिएकामा कांग्रेसले यस पटक नाम संशोधन गरेर 'प्रतिज्ञापत्र' भनेको हो । कांग्रेस सभापति गगन थापाले प्रतिज्ञापत्र सार्वजनिक गर्ने क्रममा कार्यक्रममा उपस्थित, राजधानीबाहिर र देशबाहिरबाट आएका प्रश्नको जवाफसमेत दिएका छन् । प्रतिज्ञापत्रमा समेटिएका र छुटेका विषयमाथि उठेका दर्जनौं प्रश्नमा थापाले चार घण्टा जवाफ दिएका थिए । कार्यक्रममा उपस्थित नभएका नागरिकले डिजिटल माध्यमबाट थापालाई प्रश्न गरेका थिए ।

कांग्रेसले थापालाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको छ । प्रधानमन्त्री नियुक्ति भएको दिनदेखि पाँच वर्षभित्र गरिने कामको खाका सभापति थापा आफैंले बनाएका छन् । यसमा थापाले केही वर्षदेखि गर्दै आएको 'प्रोजेक्ट गभर्मेन्ट' लाई समावेश गरेका छन् ।

कांग्रेसले एउटै दलको बहुमत आउने गरी निर्वाचन प्रणाली सुधारका लागि संविधान संशोधन गर्ने भनेको छ । तर कस्तो सुधार भन्नेबारेमा प्रतिज्ञापत्रमा स्पष्ट पारिएको छैन । गत ३० पुसमा विशेष महाधिवेशनले पारित गरेको राजनीतिक दस्ताबेजमा भने अहिले कायम १ सय ६५ निर्वाचन क्षेत्रलाई समावेशी हुने गरेर आरक्षित क्षेत्र बनाउन सकिने प्रस्ताव छ । त्यसमा आरक्षित क्षेत्र चक्रीय प्रणालीमा हुनुपर्ने प्रस्ताव छ । प्रतिज्ञापत्रमा भने 'समानुपातिक र समावेशी निर्वाचन प्रणालीलाई थप सुदृढ, न्यायपूर्ण र फराकिलो बनाउँदै निर्वाचन प्रणाली पुनरावलोकन गरी राजनीतिक स्थायित्वको प्रत्याभूतिका लागि कानुन र संवैधानिक व्यवस्था गर्छौं' मात्रै भनिएको छ ।

एमालेले निर्वाचन प्रणालीबारे केही भनेको छैन । रास्वपाले संसद् पूर्ण समानुपातिक र प्रत्यक्ष निर्वाचित कार्यकारी हुने प्रणालीमा लैजाने दृष्टिकोण अघि सारेको छ ।

कांग्रेसले विभिन्न समयमा गठित आयोगले दिएका सिफारिसअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित संघमा बढी १६ मन्त्रालय र प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित बढीमा सात मन्त्रालय राख्ने प्रतिज्ञा गरेको छ । रास्वपा संघमा १९ मन्त्रालय राख्ने पक्षमा छ ।

रास्वपा उपसभापति स्वर्णिम वाग्लेले रास्वपाको संख्या र सामर्थ्य पुगेको दिन संघीयता खारेज गर्ने सार्वजनिक अभिव्यक्ति दिँदै आएका थिए । २०७९ को निर्वाचनमा रास्वपा प्रदेश निर्वाचनमा सहभागी भएको थिएन । रास्वपाको वाचापत्रमा भने 'सुधारिएको प्रादेशिक स्वरूप' भनिएको छ । खासगरी मधेशको जनमत आकर्षित गर्न संघीयताको मुद्दालाई आत्मसात् गरिएको रास्वपा नेताहरू बताउँछन् ।

रास्वपाले संघीयता आत्मसात् गर्ने तर यसको स्वरूपमा आमूल सुधार गर्नुपर्ने उपसभापति वाग्लेको भनाइ छ । वाचापत्रमा सांसद मन्त्री नहुने र गैरदलीय स्थानीय सरकार हुने व्यवस्था गर्ने भनिएको छ ।

कांग्रेसले राष्ट्रपति एक, प्रधानमन्त्री र मुख्यमन्त्री बढीमा दुई कार्यकाल रहन पाउने व्यवस्था गर्ने र समानुपातिकतर्फ सांसद एक पटक नै अन्तिम पटक हुने व्यवस्था गरिने प्रतिज्ञा गरेको छ । कांग्रेसले व्यक्तिलाई भन्दा पनि प्रणालीलाई बलियो बनाएर त्यसबाटै सुशासन र सार्वजनिक सेवालाई चुस्त बनाउने र विकासमा भइरहेका ढिलाइमा सुधार ल्याउने नीति अघि सारेको छ । त्यसका लागि उसले दर्जनौं कानुन संशोधनको खाकासमेत प्रस्तुत गरेको छ ।

संवैधानिक परिषद्को बनोट, नियुक्ति विधि, संरचना र आयोगको अधिकारको सीमा स्पष्ट गर्न संविधानमा आवश्यक संशोधन गर्ने कांग्रेसको प्रतिज्ञा छ । संवैधानिक निकाय, विश्वविद्यालय, सार्वजनिक संस्थान तथा कूटनीतिक सेवामा हुने नियुक्ति समावेशी सिद्धान्तबमोजिम योग्यता, क्षमता र इमानदारीका आधारमा सुनिश्चित गर्ने प्रतिबद्धता गरिएको छ ।

राज्यका संस्था र सार्वजनिक निकायमा हुने दलीय नियुक्ति र भागबन्डा अन्त्य गर्न कांग्रेसले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयलगायतका अनुसन्धान तथा नियमनकारी निकाय र संस्थाको संरचना सुधार गर्ने योजना पस्केको छ । अर्थतन्त्रलाई दलीय प्रभावबाट मुक्त पार्ने कांग्रेसको प्रतिबद्धता छ ।

कांग्रेसले अघि सारेका सुशासन, संरचनागत सुधार र विकासका लक्ष्य चुनावी नारा मात्रै नभएको कांग्रेस सभापति थापाको भनाइ छ । 'प्रतिज्ञापत्रमा हाम्रा जुन प्राथमिकता छन्, ती लामो समयदेखि 'प्रोजेक्ट गभर्मेन्ट' का क्रममा हामीले विभिन्न क्षेत्रका विज्ञसँग गरेको गहन छलफलबाट आएका हुन्,' प्रतिज्ञापत्र सार्वजनिक गर्ने क्रममा उनले भने, 'यसमा ठोस आधारसहित नीतिगत, संस्थागत, संरचनागत र कतिपय संवैधानिक सुधारका विषयलाई समयसीमासहित प्रस्तुत गरेका छौं ।'

कांग्रेसले ल्याएको प्रतिज्ञापत्र कार्यान्वयनका लागि सबैलाई मिलाएर 'टिम नेपाल बनाउने' उद्घोष पनि थापाले गरे । 'यसभित्र ६ हजार ७ सय ४३ वडा, ७ सय ५३ पालिका, सात प्रदेश, संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल, नागरिक समाजलगायत सबै सरोकारवालालाई मिलाएर कांग्रेसले टिम नेपाल बनाउनेछ,' उनले भने, 'त्यसले यो प्रतिज्ञा पूरा गर्नेछ ।'

एमालेले घोषणापत्रको एक नम्बरमा 'देश पहिला' शीर्षकमा राष्ट्रिय स्वाधीनतालाई प्रमुखताका साथ राखेको छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता संकटमा परेको एमालेको निष्कर्ष छ । मातृभूमि नेपालको रक्षाका लागि जस्तोसुकै बलिदान गर्न पनि तयार रहेको अध्यक्ष ओलीले बताए । 'हामी नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता एवं राष्ट्रिय हितको रक्षा र संवर्द्धनका विषयमा कुनै प्रकारको कमीकमजोरी हुन नदिने घोषणा गर्छौं,' उनले भने ।

एमालेले आफ्नो नेतृत्वमा सरकार बनेपछि आर्थिक विकासका पाँच आधारभूत घोषणा पहिलो मन्त्रिपरिषद्बाट निर्णय गर्ने प्रतिबद्धता जनाएको छ । एमालेले ७.५ आर्थिक वृद्धिदर, १० लाख नेपाली गरिबीबाट मुक्त, मानव विकास सूचकांकमा ५ विन्दुको सुधार, प्रतिदिन ५ किलोमिटर सडक कालोपत्रको वाचा गरेको छ ।

दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन, आधुनिक रेल र सुरुङमार्गको सुरुवात, ७७ जिल्लामा फोरजी इन्टरनेट सेवा विस्तार, १० जीबी इन्टरनेट डेटा निःशुल्क, युवा र उद्यमीलाई हजार डलर बराबरको कार्डको व्यवस्था गर्ने एमालेको प्रतिबद्धता छ । यस्तै विदेशमा कम्पनी स्थापना गर्न र सेयर खरिद गर्न सहज रूपमा १० लाख अनुदान, विप्रेषण पठाउने श्रमिकको बैंक खातामा वार्षिक थप ५ हजार बोनस, विद्यार्थीलाई २० लाख निर्ब्याजी ऋण जस्ता वाचा पनि एमालेको छ ।

रास्वपाले मुलुक रूपान्तरणका लागि भन्दै प्रस्थानका एक सय आधार प्रस्तुत गरेको छ । भ्रातृ संगठन निर्माण नगर्ने प्रतिबद्धता रास्वपाको वाचापत्रमा उल्लेख छ । सार्वजनिक सेवा लाइनमा नभई अनलाइनमा गर्ने, भेदभाव अन्त्य गर्न संरचनागत सुधार गर्ने, जेन-जी आन्दोलनमा भएको बल प्रयोगलगायतका घटनाको छानबिन गर्न गठित न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख हुने सुझाव र सिफारिसलाई कार्यान्वयन गर्ने भनिएको छ ।

सरकार सञ्चालनको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावबारे बहसपत्र तयार गर्नेलगायत विषय पनि रास्वपाको वाचापत्रमा समेटिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, संवैधानिक परिषद् ऐन, न्याय परिषद् ऐनलाई संस्थागत क्षमता, क्षेत्राधिकार, नियुक्ति प्रक्रिया र कर्मचारी छनोटलगायतमा संरचनागत सुधारका लागि कानुन संशोधनको प्रतिज्ञासमेत रास्वपाले गरेको छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले युवा पुस्ताको भावनासहित शासकीय स्वरूप, निर्वाचन प्रणाली र संघीय संरचनामा संशोधन गर्ने प्रस्ताव अघि सारेको छ । नेकपाले हालसम्म सार्वजनिक पद धारण गरेका सबैको सम्पत्ति छानबिन गर्न एक वर्षभित्र आयोग गठन गर्ने भनेको छ । उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग बनाउने पनि भनिएको छ ।

जसपा नेपालले समानुपातिक प्रतिनिधित्वसहित प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र राष्ट्रिय पहिचानसहितको संघीयतामा जोड दिएको छ । राप्रपाले दुई तहको शासकीय संरचनाको प्रस्ताव गरेको छ । अभिभावकीय राजसंस्था, हिन्दु राज्य र प्रदेश खारेजी उसको प्रमुख मुद्दा छ । श्रम संस्कृति पार्टीले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भएको राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद्को परिकल्पना गरेको छ ।

उज्यालो नेपाल पार्टीले अहिलेकै शासकीय स्वरूप र निर्वाचन प्रणालीमा सुधार गर्ने भनेको छ । उसले २ सय ७५ सदस्यीय संसद्लाई २ सय १ सदस्यीय बनाउने मन्त्रालयको संख्या संघमा १५ र प्रदेशमा बढीमा ७ राख्ने, मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने गरी शासकीय मोडल अघि बढाएको छ ।

कांग्रेसले उत्पादनशील अर्थतन्त्र र समन्यायिक वितरणको कुरा गरेको छ । एमालेले उत्पादनलाई भन्दा वितरणलाई बढी जोड दिएको छ । उसले एक दशकभित्र समुन्नत राष्ट्र र डिजिटल अर्थतन्त्रको विषय उठाएको छ । रास्वपाले १२ लाख नयाँ रोजगारी, १५ हजार मेगावाट विद्युत् र १० वटा राष्ट्रिय महत्त्वका 'सिग्नेचर आयोजना' पूरा गर्ने प्रतिबद्धता जनाएको छ । राप्रपाले ७ प्रतिशतभन्दा माथि आर्थिक वृद्धि र ऊर्जा उत्पादन दशक घोषणा गर्ने भनेको छ ।

नेकपाले पाँच वर्षभित्र आर्थिक वृद्धिदर १० प्रतिशत पुऱ्याउने प्रतिबद्धता गरेको छ । गरिबीको दर २०.१५ प्रतिशतबाट घटाएर १० प्रतिशतमा झार्ने, ५ वर्षभित्र कम्तीमा ५ लाख नियमित रोजगारी थप्ने, विदेशबाट फर्किएका कम्तीमा १ लाख व्यक्तिलाई उद्यमी बनाइने पनि नेकपाले भनेको छ । जसपा नेपालले पाँच वर्षभित्र गरिबीमुक्त गर्ने भनेको छ ।

रास्वपाले शतप्रतिशत बिमा स्वास्थ्य सेवा, जसपाले १२ कक्षासम्म निःशुल्क शिक्षा र राप्रपाले निःशुल्क स्वास्थ्य उपचारको वाचा गरेका छन् । कांग्रेसले बिमा कार्यक्रमलाई राष्ट्रिय गौरवको कार्यक्रम घोषणा गर्ने भनेको छ । डिजिटल सुशासन सबैको साझा मुद्दा बनेको छ । रास्वपाले सरकारी सेवाको 'डिजिटल डेलिभरी' र राप्रपाले 'पेपरलेस' कार्यालयलाई प्राथमिकता दिएका छन् ।

## कसको घोषणापत्रमा के छ ?

**पहिलो पृष्ठबाट क्रमशः**

- खेल्ने नेपाल, चिनिने नेपाल
- सन्तुलित विदेश नीति

**एमाले**

- भ्रष्टाचार नियन्त्रणका लागि उदाहरणीय र प्रभावकारी कानुनी कारबाहीको अभियान
- १८ देखि २८ वर्ष उमेर समूहलाई एक वर्षका लागि १० जीबी इन्टरनेट डाटा निःशुल्क
- वैदेशिक रोजगारीमा रहेकाहरूको खातामा ५ हजार र सामाजिक सुरक्षामा निरन्तरता
- विप्रेषण पठाउने श्रमिकको बैंक खातामा वार्षिक थप ५ हजार बोनस
- वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता
- विद्यार्थीलाई २० लाख निर्ब्याजी ऋण, पारिश्रमिकसहित इन्टर्नसिप
- शिक्षा र अनुभवको 'ग्यारेन्टी', प्राविधिक उच्च शिक्षाका लागि निर्ब्याजी २० लाख ऋण
- सरकारी सेवा, निजी क्षेत्र र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहित 'इन्टर्नसिप'
- सबै विद्यालयका किशोरीलाई निःशुल्क सेनिटरी प्याड, १० कक्षासम्म दिवा खाजा
- श्रमिकको मासिक न्यूनतम पारिश्रमिक २५ हजार रुपैयाँ
- शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने
- स्वास्थ्य स्वयंसेविकालाई २० हजार वार्षिक भत्ता
- उद्यमी महिलालाई २० लाखसम्म निर्ब्याजी ऋण, २० हजार सुत्केरी भत्ता र ५ लाखको निःशुल्क जीवन बिमा
- विपन्नलाई २५ हजारसम्मको ऋण मिनाहा
- मर्यादित श्रम : स्वदेशमै रोजगारी, स्वदेशमै काम
- स्वच्छ पानी, सफा आँगन : स्वस्थ नेपाली हाम्रो अभियान
- उद्योग क्षेत्रको विस्तार, उत्पादनमा वृद्धि : २० प्रतिशत योगदान, राष्ट्रको समृद्धि
- आधुनिक खेती, उन्नत व्यवसाय : कृषिमै रोजगारी, पर्याप्त आय
- सहकारीमा सुशासन र पारदर्शिता : बचतकर्ताको हित, हाम्रो प्रतिबद्धता
- खेतीयोग्य जमिनमा कुलो र नहर : बाह्रै महिना सिँचाइ, खाद्यान्नमा आत्मनिर्भर
- डिजिटल पूर्वाधार : विकास र सुशासनको आधार
- सुरक्षित यातायात, आधुनिक पूर्वाधार : दिगो विकास, समृद्धिको आधार
- ऊर्जावान् खेलाडी, देशको सान : खेलकुदको विकास, राष्ट्रको मान
- विश्व शान्तिमा आधारित असंलग्न वैदेशिक नीति र परराष्ट्र सम्बन्ध

**रास्वपा**

- २३ र २४ भदौका घटना जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वन गर्ने
- २०४६ सालदेखि महत्त्वपूर्ण सार्वजनिक पदमा आसीन व्यक्तिको सम्पत्ति छानबिन गर्ने, अवैध भए राष्ट्रियकरण गर्ने
- सरकारी निकायको डिजिटल सेवा सुरु गरी सुशासनको भरपर्दो आधार तयार गर्ने
- सरकारी सेवाभित्र दलगत ट्रेड युनियन खारेज
- प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद नभएर विज्ञ मन्त्री हुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप
- तीन महिनाभित्र राष्ट्रिय सहमतिका लागि संविधान संशोधनबारे 'बहस पत्र' तयार
- न्यायाधीश नियुक्तिमा दलगत भागबन्डा अन्त्य
- राष्ट्रिय मान्यता प्राप्त दललाई जनमतका आधारमा सार्वजनिक कोषबाट वार्षिक अनुदान, पार्टी प्रमुखमा बढीमा दुई कार्यकाल
- संघीय मन्त्रालयको संख्या १८ मा सीमित गर्ने
- पाँच वर्षमा आर्थिक वृद्धि औसत ७ प्रतिशत
- पाँचदेखि सात वर्षमा प्रतिव्यक्ति आय ३ हजार डलर पुऱ्याउने
- भारतसँगको विनिमय दर पुनरावलोकन गर्ने
- सम्पूर्ण गैरबैंकिङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैंकको प्रत्यक्ष सुपरिवेक्षणमा ल्याइने
- आगामी दशकमा ३० हजार मेगावाट विद्युत् क्षमता हासिल गर्ने
- विश्वविद्यालय र विद्यालयमा दलीय राजनीतिक गतिविधि अन्त्य गर्ने
- विजेता खेलाडीका लागि सम्मानजनक जीवन निर्वाह गर्न पेन्सन कोष खडा गर्ने
- स्वास्थ्य सेवामा सुधार र स्वास्थ्य बिमा कार्यक्रमलाई सुदृढ
- सन्तुलित र गतिशील कूटनीति
- विदेशमा रहेका नेपालीका लागि मतदानको अधिकार प्रदान गर्ने, एक पटकको नेपाल सधैंको नेपाली मान्यतालाई अंगीकार गर्ने

**नेकपा**

- शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीय संरचनामा युवापुस्ताको भावनासमेतका आधारमा संविधान संशोधन
- पाँच वर्षभित्र १० प्रतिशत आर्थिक वृद्धिदर
- गरिबीको दर १० प्रतिशतमा झार्ने
- ५ वर्षभित्र कम्तीमा ५ लाख नियमित र प्रतिवर्ष १ लाख ५० हजार आत्मनिर्भर रोजगारी थप्ने
- विदेशबाट फर्किएका कम्तीमा १ लाखलाई उद्यमी बनाइने
- किसानलाई परिचयपत्र वितरण
- पाँच वर्षभित्र १० हजार मेगावाट थप विद्युत् उत्पादन, राष्ट्रिय ग्रिडको क्षमता १५ हजार मेगावाट पुऱ्याइने
- २० सहरलाई स्मार्ट सिटी बनाइने, सय ग्रामीण बस्तीलाई 'स्मार्ट भिलेज' बनाइने
- शक्तिशाली तथा स्वतन्त्र लोकपाल गठन
- उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग

**जसपा नेपाल**

- समानुपातिक प्रतिनिधित्व हुने संसद् र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख
- राष्ट्रिय पहिचानसहितको संघीय ढाँचामा प्रदेश पुनःसंरचना
- केन्द्रमा साझा राज्य र प्रदेशमा स्वायत्तता राज्य
- निर्वाचन प्रणाली, न्याय प्रणाली, संवैधानिक निकायको पुनःसंरचना, जनलोकपालको गठन
- नागरिकताको विद्यमान लैंगिक विभेद अन्त्यका लागि संविधान संशोधन
- सामाजिक सुरक्षाको ग्यारेन्टी
- पाँच वर्षभित्र गरिबीबाट मुक्त
- राष्ट्रिय शिक्षा आयोगको गठन
- १२ कक्षासम्मको शिक्षा निःशुल्क

**राप्रपा**

- प्रदेश खारेज, केन्द्र र बलियो स्थानीय तह
- वैदिक सनातन धर्मसापेक्ष हिन्दु राष्ट्र
- गैरदलीय स्थानीय तह
- उच्च पदस्थ नेता तथा कर्मचारीको सम्पत्ति छानबिन
- मेट्रो, पड वे, आकाशे पुल, अन्डरपास, ओभरपास, रिङरोड विस्तार


## कलैया उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेश प्रदेश (नेपाल)

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८२।११।०८)

कलैया उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२।०८।०५ गते प्रकाशित बोलपत्रको सूचना बमोजिम **e–Bidding** मार्फत समय सीमाभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू खोली प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरू सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम मूल्यांकन प्रयोजनार्थ आर्थिक प्रस्ताव खोल्ने सम्बन्धित बोलपत्रदाताहरूलाई मिति २०८२।११।१५ गते दिनको २:०० बजे यस कार्यालयमा निजहरुको आर्थिक प्रस्ताव खोलिने हुँदा उपस्थितिको लागि जानकारी गराइन्छ ।

| सि.नं. | बोलपत्र नं. | कामको विवरण | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना | |
|---|---|---|---|---|
| १. | KSMC/NCB/WORKS- 02 -082/83 | Krishi Sichai Yojana | १. | श्री Renu Construction/ Satyam Construction/Satyam boring udhyog JV Kalikamai |
| | | | २. | श्री Reshma Deep Boring Tubewell Udhyog, Biratnagar |
| | | | ३. | श्री Kalika Drilling-SS Water Tubewell JV, Bhratpur |
| | | | ४. | श्री Sailung-Chaturrup – Rishave JV, Suryavinayak-3 |

**प्रमुख प्रशासकीय अधिकृत**



UNILEVER NEPAL LIMITED

**युनिलिभर नेपाल लिमिटेड**

**हेटौडा-३, मकवानपुर**

**स्क्राप बिक्रि सम्बन्धी बोलपत्र आह्वानको सूचना**

यस कम्पनीको हेटौंडा-३ बसामाडी,मकवानपुर स्थित उद्योग लगायत हेटौंडा औद्योगीक क्षेत्र र हे.उ.म.न.पा.-११ मा संचालित तेस्रो पक्ष उद्योग संचालनको क्रममा निस्कने अनुमानित रू. १,५०,००,०००।- (अक्षरेपी रू. एक करोड पचास लाख मात्र) मूल्य बराबरको स्क्राप सामान (खाली ड्रम, स्क्राप डोलोमाइट पाउडर, स्क्राप इमुल्सन Liquid, स्क्राप MFIL, PFAD, FRISIS, ABSIL, ADDON पाउडर, स्क्राप परफ्युम तथा अन्य स्क्राप केमिकलहरू) मिति २०८२ चैत १२ गते देखि २०८३ चैत १७ गते सम्मको लागि बोलपत्रको माध्यमबाट सम्झौता गरी विक्री गर्नुपर्ने भएकाले उक्त सामानहरू खरीद गरी लिन इच्छुक फर्म वा संघ संस्थाले तपसिलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही बोलपत्र प्रस्ताव (कोटेसन सहित) पेश गर्नहुन आव्हान गरिन्छ ।

**तपसिल**

**बोलपत्रका शर्तहरू:**

१. **बोलपत्र फारम सम्बन्धमा:** बोलपत्र फारम प्राप्त गर्न चाहने फर्म वा संघ संस्थाले यस कम्पनीको ईमेल ठेगाना unl.tender1@unilever.com मा मिति २०८२/११/१५ गते सम्ममा ईमेल लेखि बोलपत्र फारम माग गर्नु पर्नेछ । बोलपत्र फाराम मागको ईमेल प्राप्त भइसकेपछि कम्पनीले सोहि ईमेल ठेगानामा मिति २०८२/११/१८ गते बेलुका ५ बजे सम्ममा फाराम पठाउनेछ ।

२. **बोलपत्र प्रस्ताव पेश गर्ने सम्बन्धमा:** बोलपत्रमा भाग लिन इच्छुक फर्म वा संघ संस्थाले (यसपछि सुविधाको लागि 'बोलपत्रदाता' भनिएको) यस कम्पनीबाट प्राप्त बोलपत्र फारममा आवश्यक विवरण भरेर सिलबन्द गरि युनिलिभर नेपाल लिमिटेडको सिटि स्क्वायर विल्डिङ (दोस्रो र तेस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौंमा रहेको कर्पोरेट कार्यालयमा मिति २०८२/११/३० गते बेलुका ५ बजे सम्ममा कुरियर मार्फत पठाई सक्नुपर्नेछ । सिलबन्दी बोलपत्रको साथमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (अध्यावधिक सहित), VAT दर्ता प्रमाणपत्र, २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, कालोसूचीमा समावेश नभएको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र पेश गर्ने सम्बन्धि बोलपत्रवालाको आधिकारिक बोर्डको निर्णयको फोटोकपि, र रू. ५०,०००/(पचास हजार मात्र) को रकम धरौटी स्वरूप नेपाल एस बि आई बैंक लिमिटेड हेटौडामा रहेको युनिलिभर नेपाल लिमिटेडको नामको खाता नं. १७७२५२४००००३५२ मा जम्मा गरेको भौचर समेत संलग्न गरि पेश गर्नु पर्नेछ । यस सूचनामा उल्लिखित सम्पूर्ण शर्त बन्देजहरूको पालना गर्छु भनि बोलपत्रमा स्वघोषणा गर्नुपर्नेछ । बोलपत्र प्रस्ताव गर्दा कम्पनीबाट उठाएको हरेक स्क्रापको व्यवस्थापन र पुनः प्रयोग (Re-use) गर्ने विधि र स्थानको बारेमा समेत खुलाउनुपर्नेछ । बोलपत्रदाताले स्क्राप सामानका लागि शून्य ल्यान्डफिल नितिगत (Zero Landfill Policy) व्यवस्थापन उद्देश्य हासिल गर्न आवश्यक सबै उपाय अवलम्बन गर्ने कुरा स्वघोषणा गर्नुपर्नेछ ।

३. **धरौटी सम्बन्धमा:** बोलपत्र स्विकृत भएमा धरौटी वापत अतिरिक्त रू. ९,५०,०००/- (नौ लाख पचास हजार) सि. नं. २ मा उल्लिखित कम्पनीको बैंक खातामा जम्मा गरेको सक्कल भौचर कम्पनीमा पेश गर्नुपर्नेछ । तोकिएका शर्त बन्देज बमोजिम माथि उल्लिखित कार्य अवधि सम्पन्न भएपछि सि. न. २ र ३ बमोजिम राखिएको जम्मा धरौटी रकम रू. १०,००,०००/- (रू दश लाख मात्र) एक मुष्ट रूपमा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको एकाउन्ट पेयी चेक मार्फत फिर्ता गरिनेछ । स्वीकृत भएको बोलपत्रदाताले कथंमकदाचित कबोल गरेको दरमा ठेक्का करार गर्न नचाहेमा जम्मा भएको धरौटी फिर्ता हुने छैन ।

४. **बोलपत्र प्रस्ताव रद्द हुने अवस्थाको सम्बन्धमा:** ईमेल तथा व्यक्तिगत सम्पर्कद्धारा पठाइएका टेण्डरहरू मान्य हुने छैन । म्याद नाघी प्राप्त हुन आएका वा निर्धारित प्रकृया पूरा नगरेका बोलपत्रहरू मान्य हुने छैन । बोलपत्रसगँ सम्बन्धित विषयमा कुनै व्यक्तिगत सम्पर्क वा फोन गरि व्यवसायिक स्वतन्त्रता एवंम मर्यादामा प्रभाव पार्न खोजेमा वा हुलहुज्जत, मिलोमतो र सर्तहरू राखि प्राप्त भएका, रीत नपुगेका तथा म्याद नाघी आएका बोलपत्रहरू स्वतः रद्द हुनेछन् ।

५. **बोलपत्र खोल्ने र स्वीकृत गर्ने सम्बन्धमा:** बोलपत्र प्रस्ताव कम्पनीको प्रतिनिधिबाट खोलिनेछ र टेण्डर परेको पार्टीलाई सोही अनुसारको जानकारी ईमेलबाट गराईनेछ । स्वीकृत बोलपत्रदाताले प्रस्ताव स्वीकृत भएको सूचना इमेलमार्फत प्राप्त गरेको मितिले ७ दिन भित्र कम्पनीमा उपस्थित भई द्विपक्षीय सम्झौता गर्नुपर्नेछ ।

६. **करार भगं हुने अवस्थाको सम्बन्धमा:** स्क्राप उठाउने सम्बन्धि बोलपत्र स्वीकृत भै काम गर्ने करार गरी शर्त बन्देज बमोजिम काम नगरी शर्त बन्देज को पालना नगरेमा सम्झौताको अवधि भित्र पनि कम्पनीले ठेक्का/करार भंग गरी अर्को पक्षसँग करार गर्न सक्नेछ । स्क्राप उठाउँदा कारखानाको कुनै सामान स्क्रापको साथमा लिएर गएको वा लैजाने प्रयास भएको पुष्टि भएमा कम्पनीले करार बिचमा भंग गरी नयाँ पार्टी नियुक्त गर्न सक्नेछ । करारको शर्त बन्देज बमोजिम काम गर्न नसकेको तथा यस सि. नं. मा उल्लिखित कुनै कारणबाट करार भंग भएमा जम्मा भएको धरौटी रकम जफत हुनेछ ।

७. **अन्य शर्तहरू:**

क. माथी उल्लेख गरिएको स्क्राप विक्री सम्बन्धी अनुमानित गरिएको रकम कारखाना संचालनमा थपघट भए सोहिअनुरूप थपघट हुन सक्नेछ ।

ख. स्क्राप यार्डमा राखिएका सामानहरू हरेक एक दिनको अन्तरालमा नियमित रूपमा उठाउनु पर्नेछ ।

ग. स्क्राप सामान उद्योगबाट उठाई लिएर जान कम्पनीलाई लिखित निर्देशन आवश्यक पर्नेछ । सो लिखित निर्देशन स्क्राप बोलपत्रमा उल्लेख गरेको दर रेट बराबरको रकम कम्पनीको बैंक खातामा जम्मा गरेको भौचर पेश गरेपछि मात्र जारी गरिनेछ ।

घ. बोलपत्रदाताले स्क्राप यार्ड सफा गर्ने क्रममा काम नलाग्ने तथा विक्री गर्न नमिल्ने कतिपय सामानहरू पनि उठाई त्यस्ता सामानहरू कारखाना बाहिर व्यवस्थित रूपबाट वातावरणमा प्रभाव नपर्ने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

ङ. स्क्राप व्यवस्थापनको लागि बोलपत्रदालाले १ जना कामदार स्क्राप यार्डको लागि कारखानामा दैनिक रूपमा पठाउनुपर्ने छ । उक्त व्यक्तिले स्क्राप यार्डमा आएको स्क्रापलाई श्रेडिङ् मेसिन चलाई टुक्रा पारेर र बाँकी सामान मिलाएर राख्नु पर्नेछ ।

च. एक हप्ता (७ दिन) सम्म स्क्राप नउठाएमा त्यसपछि प्रति दिन रू. ५,०००/- (रू. पाँच हजार) हर्जाना बोलपत्रबालाले कम्पनीलाई तिर्नुपर्ने हुन्छ । दुई हप्तासम्म पनि स्क्राप नउठाएमा सो स्क्राप ब्यवस्थापन गर्न कम्पनीले गर्नु परेको खर्च समेत सम्बन्धित ठेकेदारले जम्मा गरेको धरौटी रकमबाट असुल उपर गरिनेछ ।

छ. माथि जुनसुकै कुरा लेखिएको भएतापनि बोलपत्रदाताले पेश गरेको बोलपत्र उपर अन्तिम निर्णय गर्ने अधिकार कम्पनीमा सुरक्षित रहनेछ । प्रस्ताव स्वीकृत गर्दा स्क्राप सम्बन्धी काम गरेका अनुभवी फर्मलाई प्राथमिकता दिइनेछ । बोलपत्र प्रस्ताव अस्वीकृत भएमा धरौटि रकम सिं. नं. ३ मा उल्लिखित माध्यम मार्फत फिर्ता दिईनेछ ।

**यस सम्बन्धि थप जानकारी आवश्यक परेमा बिहान १०:०० बजे देखि बेलुका ५:०० बजे सम्म फोन नं. ०१-४७९५९६३ (कर्पोरेट अफिस-बानेश्वर, काठमाण्डौं) मा सम्पर्क गर्न सकिने छ ।**

ट्वान्टी-२० विश्वकप

# इंग्ल्यान्डका उद्धारकर्ता करन

## दुई एसोसिएट मुलुक नेपाल र इटालीविरुद्ध साम करनले जसरी डेथ ओभरमा बलिङ गरे, त्यो प्रशंसनीय रह्यो



कोलकाता (एएफपी)- इंग्ल्यान्डले आइतबार हुने सुपर एटको खेलमा श्रीलंकाको सामना गर्दै छ। तर इंग्लिस टिममा साम करन नहुँदो हो त यतिबेला ह्यारी ब्रुक्सको टिम ट्वान्टी-२० विश्वकपबाट बिदा भएर घर जाने तर्खरमा हुन्थ्यो। जतिबेला इंग्ल्यान्ड संकटमा रह्यो, त्यतिबेला यी अलराउन्डरले उद्धारकर्ताको भूमिकामा खेले। दुई एसोसिएट देश नेपाल र इटालीविरुद्ध उनले जसरी डेथ ओभरमा बलिङ गरे, त्यो प्रशंसनीय रह्यो।

ट्वान्टी-२० वरीयताको १६ औं स्थानमा रहेको नेपालले जितका लागि १ सय ८४ रनको लक्ष्य पछ्याइरहेको थियो। सर्वकालीन स्तब्धपूर्ण नतिजाका लागि नेपाललाई अन्तिम ओभरमा १० रन चाहिएको थियो। यस्तोमा बायाँहाते स्विङ बलरले अति नै दबाबको स्थितिमा ५ रन मात्र खर्चे। भलै, मुम्बईको वानखेडे स्टेडियम नेपाली समर्थकले भरिएको थियो। खेलपछि करनले भने, 'मैले अब ६ योर्कर फाल्ने छु, मैले त्यस्तो गर्न सकिनँ भने त्यसमा ठूलो प्रहार हुनेछ। मलाई लाग्छ, बलरले यस्तै सोच्नुपर्छ।'

उनले थपे, 'मैले धेरै ट्वान्टी-२० क्रिकेट खेलेको छु। जतिबेला अन्तिम क्षणको जित प्राप्त हुन्छ, यसले कुनै पनि टिमलाई आत्मविश्वास दिन्छ। सबैभन्दा ठूलो खेलाडीको अनुहारमा खुसी फर्किन्छ।'

ब्रुक्सले करन जत्तिको खेलाडी अविश्वसनीय रहेको बताएका छन्। उनले जति नै दबाबमा रहे पनि करन उत्तिकै शान्त देखिने भनेर प्रशंसा पनि गरे। उनका अलराउन्डर पार्टनर विल ज्याक्सले भनेका छन्, 'नेपालविरुद्धको खेल जिताएकै करनले हो, मलाई लागिसकेको थियो, हामी हारिसकेका थियौं।'

त्यसपछि इंग्ल्यान्डलाई गाह्रो भएको थियो, यस विश्वकपमा डेब्यु गरिरहेको इटालीविरुद्ध। इटालीको वरीयता थियो, २७। कोलकातामा भएको खेलमा इटालीलाई इंग्ल्यान्डविरुद्धको खेल जित्न अन्तिम २ ओभरमा ३० रन चाहिएको थियो। यो खेल इटालीले जितेको भए पनि इंग्ल्यान्डलाई गाह्रो हुन्थ्यो। यस्तोमा १९ औं ओभरमा बलिङ गर्न आए, तिनै करन। उनले सुरुमा ग्रान्ट स्टेवार्टलाई चुप लगाए अनि ४५ रनमा आउट गरे।

**आजको खेल**
**अस्ट्रेलियाविरुद्ध ओमान १९:१५**

त्यस ओभरमा उनले ५ रनमात्र खर्चिए। अन्त्यमा इंग्ल्यान्ड यो खेलमा २४ रनले विजयी रह्यो। त्यो खेलपछि तीव्र गतिका बलर जेमी ओभरटनले भने, 'पछिल्लो दुई तीन वर्षको प्रदर्शनले प्रमाणित गरेको छ, जतिबेला टिममा दबाब हुने गर्छ, टिमलाई त्यसबाट मुक्त गराउने काम करनले गर्ने गर्छन्। यसैले देखाउने गर्छ, उनी कति उपयोगी खेलाडी हुन् भनेर।' एक वर्ष अगाडि करन एक त्यस्ता खेलाडी थिए, जो इंग्ल्यान्ड टिममा भर्खर छिरेका थिए।

तर अहिले उनी प्रशिक्षक ब्रेन्डन म्याकलमका लागि विश्वास गर्न योग्य खेलाडी भएका छन् अनि कप्तान ब्रुक्सका लागि स्थापित खेलाडी। विश्वकपअगाडि श्रीलंका गएको इंग्ल्यान्ड टिमबाट पनि करनले राम्रो खेलेका थिए। यसपल्टको विश्वकपमा इंग्ल्यान्डका लागि नियमित रूपमा उच्च प्रदर्शन गर्नेमा उनी अगाडि छन्। छैटौं क्रममा ब्याटिङ गर्दै उनले वेस्ट इन्डिजविरुद्ध ४३, स्कटल्यान्डविरुद्ध २८ र इटालीविरुद्ध २५ रन बनाएका छन्। त्यसैले अहिले इंग्लिस टिममा उनको महत्त्व खुबै बढेको छ।

# श्रीलंकालाई हराएपछि जिम्बावे अपराजित

कोलम्बो (एएफपी)- जिम्बावेले ट्वान्टी-२० विश्वकपमा आफ्नो उत्कृष्ट लय कायम राख्दै बिहीबार श्रीलंकालाई ६ विकेटले पराजित गरेको छ। कोलम्बोमा भएको खेल जितेपछि जिम्बावे समूह विजेता बनेको छ। टोली अब आत्मविश्वासी भएर सुपर एट चरणमा गएको छ।

अपराजित रहने क्रममा जिम्बावे ७ अंक बटुल्न सफल रह्यो। सह-आयोजक देश श्रीलंका भने ६ अंकमै सीमित रह्यो। अस्ट्रेलियालाई हराएर सनसनी मच्चाएको जिम्बावेले अहिले श्रीलंकालाई पराजित गरेपछि त्यो संयोग मात्र नभएको साबित गरेको छ।

जिम्बावेलाई जितका लागि अन्तिम ओभरमा ८ रन चाहिएको थियो। यस्तोमा जितका लागि १ सय ७९ रन पछ्याएको जिम्बावेले ४ विकेट मात्र गुमाई १९.३ ओभरमा १ सय ८२ रन बनायो। त्यसमा ब्रायन बेनेटले निर्णायक भूमिका खेले। उनले ४८ बलमा अविजित ६३ रन बनाए। उनको ब्याटबाट ८ चौका निस्केको थियो। कप्तान सिकन्दर राजाले पनि २६ बलमा ४५ रन बनाएर महत्त्वपूर्ण योगदान दिए। उनी नै प्लेयर अफ द म्याच रहे। तडिवान्से मारुमनीले ३४ र रायन बर्लले २३ रन बनाए।

त्यसअघि श्रीलंकाले टस जितेर ब्याटिङ गर्ने निर्णय गरेको थियो। टोलीले यसक्रममा ७ विकेट गुमाएर १ सय ४५ रन बनाएको थियो। त्यसमा सबैभन्दा ठूलो योगदान पथुमा निसान्काको रह्यो। उनले ४१ बलमात्र उपयोग गरेर ६२ रन जोडे। ओपनरको भूमिकामा उनले ८ चौका प्रहार गरे। त्यसपछि पवन रत्नायकेले २५ बलमा ४४ रन थपे। उनले ३ चौका र २ छक्का प्रहार गरे। श्रीलंकाले आक्रामक सुरु गरे पनि त्यसलाई पछिसम्म कायम राख्न भने सकेन।



**श्रीलंकाका कुशल परेरालाई आउट गरेपछि जिम्बावेका ब्लेसिङ मुजारबानी। तस्बिर :** एपी

### वेस्ट इन्डिज अपराजित

वेस्ट इन्डिजले समूह 'सी' को अन्तिम खेलमा बिहीबार इटालीलाई ४२ रनले पराजित गरेको छ। यसमा समर जोसेफको प्रदर्शन गजब नै रह्यो। उनले ४ विकेटमात्र लिएनन्, ४ क्याच पनि लिए। ट्वान्टी-२० क्रिकेटमा यो कीर्तिमानी प्रदर्शन हो। त्यसमै टिकेर वेस्ट इन्डिजले शतप्रतिशत प्रदर्शन कायम राखेको हो। कोलकाताको इडेन गार्डेनमा भएको खेलमा जितका लागि १ सय ६६ रन पछ्याएको इटाली १८ औं ओभरमा १ सय २३ रन बनाएर अलआउट भयो।

यसअघि नै सुपर एटमा पुगिसकेको वेस्ट इन्डिजका लागि समर जोसेफले ३० रनमा ४ विकेट लिए। इटालीले बलियो जवाफ दिन सकेन। टोलीका लागि बेन मानेटीले सर्वाधिक २६ रन बनाए। जेजे स्मिटले २४ रन जोडे। त्यसअघि दुईपल्टको च्याम्पियन वेस्ट इन्डिजका लागि कप्तान साई होपले ४६ बलमा ७५ रन बनाए। उनले ६ चौका र ४ चौका प्रहार गरे। उनले विकेटकिपरका रूपमा दुई क्याच लिएर निर्विवाद प्लेयर अफ द म्याच चुनिए।

यस जितसँगै वेस्ट इन्डिजले ४ खेलबाट अधिकतम ८ अंक जोड्दै समूहको शीर्षस्थानमा रह्यो। इंग्ल्यान्ड पनि यो समूहबाट सुपर एट पुगिसकेको छ। टोलीको तीन जितबाट ६ अंक भएको छ। समूह चरणका सबै खेल सकिएको स्थितिमा स्कटल्यान्ड, इटाली र नेपाल तीनै टिम समान २ अंकमा रहे। संयोग कस्तो रह्यो भने सुरुमा स्कटल्यान्डले इटालीलाई हरायो। त्यसपछि इटालीले नेपाललाई पराजित गर्‍यो अनि नेपालले स्कटल्यान्डमाथि जित रचेको थियो।




### केनिशलाई स्वर्ण

काठमाडौं (कास)- नेपालका केनिश खड्काले चौथो माउन्ट एभरेस्ट अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण पदक जितेका छन्। जुनियर तथा क्याडेटको पुरुष ४५ केजीमुनिको तौल समूहमा केनिशले फाइनलमा नेपालकै आवश्यक विष्टलाई हराएर स्वर्ण जितेका हुन्। नेपालका सुशन थापा र आदित्य खड्काले कांस्य जिते। पुरुष ३७ केजीमुनि तौल समूहमा नेपालका प्राजोल पौडेलले फाइनलमा विवश खड्कालाई पराजित गरी स्वर्ण जिते। यस तौलमा अमिर शाक्य र नितेश देउलाले कांस्य जिते। पुरुष ४१ केजीमुनि भारतका आयान अली काजीले फाइनलमा नेपालका सुजन नेपालीलाई हराएर स्वर्ण जिते। भारतका अमाव कम्बोज र नेपालका शुभम अधिकारीले कांस्य जिते। महिला ३७ केजीमुनि भारतका सुरेश सोनवणे समिक्षाले फाइनलमा नेपालका जोवियाना तामाङलाई हराएर स्वर्ण जितिन्। नेपालका प्रतिभा खड्का र अमृता लामाले कांस्य जिते। क्याडेट महिला ४१ केजीमुनि भारतकी वैष्णवी यादवले फाइनलमा आफ्नै देशकी नवा शशिकान्तलाई पराजित गर्दै स्वर्ण जितिन्। नेपालका अन्वेषा घिमिरे र रितिका ठाकुरीले कांस्य जिते।

### आयोजक मिल्स विजयी

विराटनगर (कास)- चौथो मिल्स भेट्रान्स गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि शनिबार आयोजक मिल्स भेट्रान्स क्लब (नीलो) र हाम्रो इटहरी भेट्रान्स क्लबबीच प्रतिस्पर्धा हुनेछ। जुट मिल खेलमैदानमा बिहीबार दोस्रो सेमिफाइनलमा घरेलु टोली युनाइटेड भेट्रान्स क्लबलाई १-० गोलले पराजित गर्दै आयोजकले फाइनल यात्रा तय गरेको छ। निकै प्रतिस्पर्धात्मक खेलमा आयोजकका सुरज श्रेष्ठले २१ औं मिनेटमा गरेको गोल नै निर्णायक बनेको थियो। आयोजकले उपाधिका लागि शनिबार इटहरीसँग प्रतिस्पर्धा गर्नेछ। इटहरीले यसअघि एभरेस्ट भेट्रान्स क्लबलाई १-० ले नै पराजित गरेको थियो। प्लेयर अफ द म्याच आयोजकका जय देवकोटा भए।

# जावलाखेल १४ वर्षपछि आहा-राराको फाइनलमा



**पोखरा रंगशालामा बिहीबार २५ औं आहा-रारा पोखरा गोल्डकपमा भिड्दै जावलाखेल युथ क्लब (नीलो) र आभा एफसीका खेलाडी। तस्बिर सौजन्य :** सुदर्शन रञ्जित

**दीपक परियार** (पोखरा)

साबिक विजेता ब्ल्याक बुल्स एफसीकै खेलाडी लिएर आहा-रारा गोल्डकप फुटबलमा आएको पाहुना टोली उज्वेकिस्तानको आभा एफसीलाई आत्मघाती गोल फाइनल प्रवेशको बाधक बनेको छ।

पोखरा रंगशालामा बिहीबार जावलाखेल युथ क्लब १-० ले विजयी भएसँगै फाइनल समीकरण टुंगो लागेको हो। यो जितसँगै जावलाखेलले १४ वर्षपछि यस गोल्डकपको फाइनलमा पुग्ने सफलता पाएको छ। यसअघि जावलाखेलले ०६८ सालको संस्करणमा मनाङ मर्स्याङ्दीसँग पराजित भएर उपविजेतामा चित्त बुझाएको थियो। पोखरा रंगशालामा बिहीबार प्रतिस्पर्धात्मक खेलको पहिलो ४५ मिनेट दुवै टोलीले गोलका लागि संघर्ष गरे पनि गोलरहित बनेको थियो। खेल निर्धारित समयभित्रै टुंगो लाग्ने संकेत भने दोस्रो हाफको सुरुआती चरणमै भएको एक दुर्भाग्यपूर्ण घटनाले गरेको थियो।

खेलको ५२ औं मिनेटमा जावलाखेलका धर्मेन्द्र कुँवरले लेफ्ट विंग्सबाट प्रहार गरेको क्रस रोक्ने क्रममा आभाका डिफेन्डर कुशान गानिजानोभले छातीमा टच हुँदै बलले पोस्टको दिशा लिएको थियो। त्यो आत्मघाती गोल नै खेलको निर्णायक गोल साबित भयो, जसले उज्वेकिस्तानी टोलीलाई ठूलो झट्का दियो।

अग्रता लिएपछि पनि जावलाखेलको बाटो सहज भने थिएन। खेलको ६५ औं मिनेटमा जावलाखेलका युवराज ढकालले विपक्षी खेलाडी मामुरोतोभलाई फाउल गरेपछि रेफ्रीले सिधै रातो कार्ड देखाएपछि टोली १० खेलाडीमा समेटियो। तर, संख्यात्मक हिसाबले कमजोर भए पनि जावलाखेलका खेलाडीले रक्षापंक्तिमा बलियो प्रदर्शन दिएर अन्तिम घडीसम्म अग्रता जोगाइराखे।

२५ औं आहा-रारा पोखरा गोल्डकपको उपाधिका लागि शनिबार हुने फाइनलमा आयोजक सहारा क्लब र जावलाखेल युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ। १२ वर्षअघि उपाधि जितसँगै ९ वर्षपछि पुनः फाइनलमा पुगेको सहारा उपाधि दोहोर्‍याउन चाहन्छ भने १४ वर्षपछि पुनः फाइनलमा पुगेको जावलाखेल उपाधि जितेर इतिहास रच्ने दाउमा छ।

# उपाधि नजिक एपीएफ क्लब

**कान्तिपुर संवाददाता** (उदयपुर)



गाईघाटमा थरुहट रंगशालामा बिहीबार भएको एन्फा वुमेन्स च्याम्पियनसिपको दोस्रो सेमिफाइनल खेलमा एपीएफ क्लब विजयी भएर उपाधि नजिक पुगेको छ।

एपीएफले संकटा क्लबलाई ३-० गोलले पराजित गर्दै फाइनलमा विभागीय प्रतिद्वन्द्वी त्रिभुवन आर्मी क्लबसँगको भेट पक्का गरेको छ।

खेलको १० औं मिनेटमा एपीएफले रश्मिकुमारी घिसिङको गोलबाट अग्रता लिएको थियो। लगत्तै दुई मिनेट बित्न नपाउँदै अनिता केसीले गोल थपेकी थिइन्। पहिलो हाफमा २-० को अग्रता लिएको एपीएफविरुद्ध संकटाले जवाफी गोल फर्काउन सकेन। दोस्रो हाफको अन्तिमतिर अर्थात् ४२ औं मिनेटमा एपीएफकी गीता रानाले गोल थप्दै टोलीलाई ३-० को अग्रतामा पुर्‍याइन्।

विदेशी खेलाडीसहित उत्रिएको संकटाले दोस्रो हाफमा केहीबेर दबाब सिर्जना गरेको थियो। तर संकटाले पटक पटक पाएको अवसर सदुपयोग गर्न सकेन। प्लेयर अफ द म्याच एपीएफकी मनमाया दमाई घोषित भइन्। यसअघि एपीएफले आरएस रिसोर्ट पोखरालाई १९-० ले हराएको थियो आर्मीले सेमिफाइनलमा नेपाल पुलिस क्लबलाई १-० र क्वाटरफाइनलमा एनआरटीलाई ६-१ ले हराएको थियो। फागुन ९ गत हुने फाइनल विजेताले ७ लाख ५० हजार र उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार जित्नेछन्।

# गण्डकी अपराजित, कोशीको ठूलो जित



काठमाडौं (कास)- दशरथ रंगशालामा भइरहेको दोस्रो महिला तथा पुरुष राष्ट्रिय हक्की प्रतियोगिताअन्तर्गत बिहीबार महिलातर्फ गण्डकी प्रदेशले उत्कृष्ट प्रदर्शन गर्दै अपराजित यात्रा कायम राखेको छ भने पुरुषतर्फ कोशी प्रदेशले फराकिलो जित हात पार्‍यो।

महिलामा गण्डकीले कोशी प्रदेशलाई ४-० गोलले पराजित गर्‍यो। गण्डकीबाट अंकिता अधिकारीले १४ र ६० औं मिनेटमा दुई गोल गरिन्। बुद्धिमाया मगरले २० औं मिनेट र सीतामाया बलले ३७ औं मिनेटमा एक-एक गोल थपे। खेलमा उत्कृष्ट प्रदर्शन गरेकी गण्डकीकी सीतामाया प्लेयर अफ द म्याच घोषित भइन्।

महिलाकै अर्को खेलमा मधेश प्रदेशले बागमती प्रदेशलाई १-० गोलले हरायो। मधेशका लागि ४२ औं मिनेटमा प्रीति दासले निर्णायक गोल गरिन्। उत्कृष्ट प्रदर्शन गरेकी प्रीति प्लेयर अफ द म्याच बनिन्।

पुरुषतर्फ कोशीले बागमती प्रदेशलाई ७-० गोलले पराजित गर्दै प्रभावशाली जित दर्ता गर्‍यो। कोशीबाट सुदीप चौधरीले सातौं, ३८ औं र ४८ औं मिनेटमा गोल गरी ह्याट्रिक पूरा गरे। लक्ष्मण समारियाले ३७ र ४४औं मिनेटमा दुई गोल गरे भने ५० र ५९ औं मिनेटमा कविराज सञ्जेलले दुई गोल थपे। उत्कृष्ट प्रदर्शन गरेका सुदीप चौधरी प्लेयर अफ द म्याच घोषित भए। नेपाल हक्की संघको आयोजनामा जारी प्रतियोगिता शनिबार सम्म सञ्चालन हुनेछ। शनिबार फाइनल हुने संघकी महासचिव सूवर्ण श्रेष्ठले जानकारी गराइन्।

**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रबन्ध निर्देशक : **सम्भव सिरोहिया**, प्रधान सम्पादक : **उमेश चौहान**